# परिच्छेद:एक

# शोधपरिचय

## १.१ विषय परिचय

तनहुँ जिल्लामा ४६ गा.वि.स. र ३ निर्वाचन क्षेत्र छन् । कछारक्षेत्र जिल्लाको दक्षिणी भेगमा रहेको छ । भौगोलिक विकटताले ठगिएका, विकासको पहुँचबाट टाढैरहनु परेका र सम्बन्धित पक्षको दृष्टि पुग्न नसकेका कोटा, बैदी, छिपछिपे, देवघाट, भिर्कोट गा.वि.स. यस कछारक्षेत्रमा पर्दछन् । यस क्षेत्रमा, ब्राह्मण, छेत्री र दलित जातिका मानिसहरुको बसोवास भए पनि मगर र गुरूङ जातिको बाहुल्य रहेको छ । चाडपर्व, उत्सव, सांस्कारिक कार्य तथा गाउँबेसी, उकाली-ओराली र मेलापातका अवसरमा विभिन्न प्रकृतिका गीत गाउने र नाच्ने प्रचलन छ । यहाँ घाटु, चुड्का र रोदीमा गाइने गीत बढी लोकप्रिय रहेका छन् । प्रस्तुत शोधपत्र तनहुँ जिल्लाको कछारक्षेत्रमा हालसम्म प्रचलित **लोकगीतहरुको सङ्कलन र वर्गीकरण** र विश्लेषण हुन सकेको नदेखिएकाले यस क्षेत्रलाई आधार मानी तनहुँ कछार क्षेत्रमा प्रचलित लोकगीतहरुको सङ्कलन, वर्गीकरण र विश्लेषण नामक शोध शीर्षक चयन गरिएको छ ।

## १.२ समस्याकथन

तनहुँ जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित कछारक्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण नै प्रस्तुत शोधकार्यको मूल समस्या हो । यस मूल समस्यासँग सम्बद्ध समस्याहरु निम्नानुसार रहेका छन् :

क) तनहुँ कछारक्षेत्रको सामाजिक, सांस्कृतिक अवस्थितिको सम्बन्धमा त्यस क्षेत्रमा प्रचलित लोक साहित्यको अवस्था कस्तो छ ?

ख) कछारक्षेत्रमा के-कस्ता लोकगीतहरु प्रचलनमा छन् ?

ग) कछारक्षेत्रमा प्रचलित लोकगीतहरुलाई के-कसरी वर्गीकरण गर्न सकिन्छ ?

घ) कछारक्षेत्रमा प्रचलित लोकगीतहरु के-कस्ता कथ्य विषयमा आधारित छन् ?

ङ) कछारक्षेत्रमा प्रचलित लोकगीतहरुलाई विधागत रुपमा के-कसरी विश्लेषण गर्न सकिन्छ ?

च) कछारक्षेत्रमा प्रचलित लोकगीतहरुको सङ्कलन, अध्ययन र विश्लेषणबाट के कस्तो प्राप्तिगत योगदान हुनसक्छ ?

प्रस्तुत शोधकार्य यिनै समस्याको समाधानमा केन्द्रित रहेको छ ।

## १.३ शोधकार्यको उद्देश्य

अनादि कालदेखि नै श्रुति परम्परामा बाँच्दै आएको लोकगीतको महत्वलाई सबैले स्वीकारेका

छन् । अतः तनहुँ जिल्लाको कछारक्षेत्रमा प्रचलित लोकगीतहरुको सङ्कलन, वर्गीकरण र विश्लेषण शीर्षक यस शोधकार्यका उद्देश्यहरुलाई बुँदागतरुपमा उल्लेख गरिन्छ :

क) तनहुँ कछारक्षेत्रको सामाजिक तथा सांस्कृतिक अवस्थितिका सन्दर्भमा त्यस क्षेत्रमा प्रचलित लोक साहित्यको अवस्था पहिचान गर्नु ।

ख) तनहुँको कछारक्षेत्रमा प्रचलित लोकगीतको किसिमलाई पहिचान गर्नु ।

ग) तनहुँको कछारमा प्रचलित लोकगीतहरुको वर्गीकरण गर्नु ।

घ) तनहुँको कछारमा प्रचलित लोकगीतहरुको कथ्य विषयलाई प्रकाशमा ल्याउनु ।

ङ) तनहुँको कछारमा प्रचलित लोकगीतहरुलाई विधागत रुपमा विश्लेषण गर्नु ।

च) तनहुँको कछारमा प्रचलित लोकगीतको सङ्कलन, अध्ययन र विश्लेषणबाट हुने लोकसाहित्यिक प्राप्ति र योगदानको निरुपण गर्नु ।

यिनै उद्देश्यहरुको परिपूर्तिमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.४ पुर्वकार्यको समीक्षा

तनहुँ जिल्लाको दक्षिणी क्षेत्रमा रहेको कछारक्षेत्रमा प्रचलित लोकगीतका बारेमा हालसम्म अध्ययन अनुसन्धान भएको छैन । तनहुँ ढोरफिर्दी, तनहुँ चोक चिसापानी, दुधेकुना क्षेत्रका गन्दर्भ जाति तथा तनहुँ धरमपानीका गुरूङ समाजमा प्रचलित लोकगीतहरुका बारेमा अनुसन्धान भएका छन् । यसर्थ आजसम्म यस तनहुँ जिल्लामा भए गरेका नेपाली लोकगीतको अध्ययन, चर्चा र त्यसको कालक्रमिक विवरण यसप्रकार रहेको छ :

सत्यमोहन जोशीद्वारा **लिखित हाम्रो लोकनृत्य र लोकगीत** (२०१४: १३६-१४४) नामक पुस्तकमा गुरूङ जातिले गाउने चरित्र नाचका साथै घाटु नाचका सम्बन्धमा पनि उल्लेख गरिएको छ । लेकाली गुरूङ गाउँहरु श्रीपञ्चमीको दिनदेखि वैशाख चण्डी पूर्णिमाको

दिनसम्म घाटु नाचको रमझममा मस्त हुन्छन् भन्दै घाटुको महत्त्वबारे यसमा प्रकाश पारिएको छ ।

कालीभक्त पन्तद्वारा लिखित **हाम्रो सांस्कृतिक इतिहास** (स्याङ्जा : लेखक स्वयम्, २०२८: १२१ -१२३) नामक पुस्तकमा गुरूङ समाजमा घाटुको प्रचलन रहेको मगर, तामाङ, शेर्पाहरु नेपाली लोकगीत विशेषगरी झ्याउरे गीतका वीजारोपक नै हुन् भनिएको छ । उक्त पुस्तकमा गुरूङ, मगरजस्ता आदिवासी, जनजातिहरुको आफ्नै लोकसंस्कृति उनीहरुका लोकगीतबाट छर्लङ्ग हुन्छ भनिएको छ ।

धर्मराज थापाद्वारा **लिखित गण्डकीका सुसेलीहरु** (२०३० : १४ -१५५) मा गण्डकी अञ्चलमा प्रचलित विभिन्न लोकगीत तथा लोकगाथाहरुका साथै गुरूङ समाजमा प्रचलित घाटुको कथावस्तु र घाटु नृत्य कतिपय चित्रसमेत देखाउने काम भएको छ ।

केशरजङ्ग बराल मगर द्वारा लिखित **पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरुको संस्कृति** (२०५० : ११७-१९१) नामक पुस्तकमा मगर समाजमा प्रचलित सोरठी, घाटु र कौरा गीत प्रस्तुत गरिएको छ । मगर तथा गुरूङ समाजमा यी गीतहरु प्रचलनमा छन् भन्ने कुरा उनको यस कृतिबाट जानकारी प्राप्त हुन्छ ।

डोरबहादुर विष्टद्वारा **लिखित सबैजातको फूलबारी** (२०५२: ७७-७९) नामक पुस्तकमा गुरूङको रमाइलो चलन रोदी हो भन्ने उल्लेख गरिएको छ । उमेर पुगेका तर विहे नभएका युवा युवतीहरुले रमाइलो गर्ने स्थल रोदी हो र रोदी गुरूङ समाजमा विशेष प्रचलित छ । उक्त पुस्तकमा रोदीमा गाइने गीतका नमूनाहरु प्रस्तुत छन् ।

अम्बिकाप्रसाद भट्टराईद्वारा तयार पारिएको **तनहुँ ढोरका लोकगीतको सङ्कलन, वर्गीकरण, विश्लेषण** (२०५२ : ११६-१२२) नामक शोधपत्रमा विभिन्न किसिमका पर्व, कर्म, रोदीगीत लगायत घाटु र सोरठी गीतको सङ्कलन गर्ने काममात्र नभई वर्गीकरण र विश्लेषण गर्ने कार्य समेत भएको छ । यसमा गुरूङ लगायत अन्य जाति र समाजमा प्रचलित लोकगीतहरु पनि सङ्कलित छन् ।

सरिता गुरूङद्वारा तयार पारिएको **गुरूङ संस्कृतिमा रोदीगीतको अध्ययन** ( २०५४: ९८-१३०) शीर्षकको शोधपत्रमा गुरूङ समाजमा प्रचलित रोदीगीतका लोकभाकाहरु समावेश गरिएको छ । उक्त शोधपत्रमा गुरूङ समाजको लोक संस्कृति र लोक परम्पराको जानकारी दिँदै प्रचलित (कर्म, पर्व, बाह्रमासे आदि) विभिन्न लोकगीतहरु लाई लिपिबद्ध गरिएको छ ।

उषा अधिकारीद्वारा तयार पारिएको *तनहुँचोक चिसापानी दुधेकुना क्षेत्रका गन्धर्व जातिमा प्रचलित लोकगीतहरुको सङ्कलन वर्गीकरणमूलक अध्ययन* (२०६४ : २५-५५) शीर्षकको अध्ययन पत्रमा तनहुँ जिल्लाको उत्तरी क्षेत्र चोक चिसापानी दुधेकुना क्षेत्रका गन्दधर्व जातिमा प्रचलित लोकगीतहरुको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ ।

केदारनाथ ढुङ्गानाद्वारा तयार पारिएको तनहुँ धरमपानीको गुरूङ समाजमा नेपाली लोकगीतको सङ्कलन वर्गीकरण र विश्लेषण ( २०६५: १४-१५) शीर्षकको शोधपत्रमा गुरूङ समाजमा प्रचलित नेपाली लोकगीतलाई स्वरुपका आधारमा, लिङ्गगत आधारमा, जातिगत आधारमा, विषयवस्तुका आधारमा, रसभावका आधारमा, समूहगत गायनका आधारमा, पर्वगीत, कर्मगीत र संस्कारगीत गरी ११ भागमा वर्गीकरण गरिएको छ ।

माथि उल्लिखित पूर्वकार्यको सर्वेक्षणबाट नेपाली लोकगीतका बारेमा धेरै कुरा जानकारी प्राप्त भएता पनि तनहुँको दक्षिणी क्षेत्र कछारमा बसोवास गर्ने गुरूङ, मगर समाजमा प्रचलित नेपाली लोकगीतका बारेमा भने जानकारी प्राप्त हुन सकेको छैन । तनहुँको कछारक्षेत्रमा गाइने लोकगीतको छुट्टै पहिचान प्राप्त गर्नु जरूरी छ । अतः प्रस्तुत शोधपत्र यसै आवश्यकता परिपूर्तिको विषयमा केन्द्रित रहेको छ ।

## १.५ शोधको औचित्य र महत्त्व

तनहुँ जिल्लाको दक्षिण क्षेत्र कछारमा बसोवास गर्ने गुरूङ, मगर समाजमा प्रचलित नेपाली लोकगीतको सङ्कलन, वर्गीकरण,विश्लेषणको औचित्य र महत्त्व यसप्रकार छ :

क) प्रस्तुत शोधबाट तनहुँ जिल्लाको दक्षिण क्षेत्र कछारमा प्रचलित नेपाली लोकगीतका किसिमहरुको पहिचान प्राप्त भएको छ ।

ख) प्रस्तुत अध्ययन कार्यबाट स्थानीय समाजमा प्रचलित नेपाली लोकगीतको सङ्कलन र वर्गीकरण प्राप्त भएको छ ।

ग) तनहुँ जिल्लाको दक्षिणी कछारमा प्रचलित पर्व, श्रम, संस्कार र अन्य विविध गीतहरुको प्रचलन परम्पराबारे जानकारी प्राप्त भएको छ ।

घ) तनहुँ जिल्लाको दक्षिणी कछारमा प्रचलित लोकगीतहरुमा विभिन्न जातिको सामाजिक तथा सांस्कृतिक प्रचलन, परम्पराको प्रतिबिम्बनबारे अवगत गराइएको छ ।

ङ) उपर्युक्त कारणबाट प्रस्तुत शोधकार्यको औचित्य पुष्टि हुन्छ, यसैले यो शोधकार्य महत्त्वपूवर्ण पनि रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन र क्षेत्र निर्धारण

तनहुँ जिल्लाको दक्षिणी क्षेत्र कछारमा प्रचलित विभिन्न भाषा भाषिकाका लोकगीतहरु यस क्षेत्र वरपरका गा.वि.स. र जिल्लाहरुमा पनि गाउन सकिने सम्भावनालाई पनि नकार्न सकिंदैन तर पनि अध्ययन विषय शीर्षकले निर्देशित गरे अनुसार तनहुँ

जिल्लाको दक्षिणी क्षेत्र कछारमा प्रचलित लोकगीतलाई मात्र यस शोधपत्रमा समेट्ने प्रयास भएको छ । यिनै लोकगीतहरु सङ्कलन गरी सैद्धान्तिक आधार सहित वर्गीकरण र विश्लेषण गर्नु प्रस्तुत शोधपत्रको क्षेत्र र सीमा रहेको छ । लोकगीतको अध्ययन गर्ने क्रममा उल्लेख भएका जात्रा तथा पर्वहरुको बारेमा सामान्य परिचय पनि प्रस्तुत गरिएको छ ।

### १.७ सामग्री सङ्कलन र शोध विधि

तनहुँ जिल्लाको दक्षिणी क्षेत्र कछारमा प्रचलित नेपाली लोकगीतको सङ्कलन कार्यका लागि निम्नलिखित विधि अपनाइएको छ :

#### १.७.१ छेत्रीय अध्ययन

निर्धारित विषयसँग सम्बद्ध मूल सामग्रीको सङ्कलनका निम्ति सम्बद्ध क्षेत्रमा स्थलगत भ्रमण गरी प्राथमिक सामग्री सङ्कलन गरिएको छ । कछारक्षेत्रका बुढा-पाका स्थानीय सूचक लोकगायक, कलाकारहरुसँग प्रत्यक्ष सम्पर्क, आवश्यक प्रविधि र उपकरणको प्रयोग गरी लोकगीतहरुको सङ्कलन गरिएको  छ ।

#### १.७.२ पुस्तकालयीय अध्ययन

शीर्षकसँग सम्बद्ध सैद्धान्तिक सामग्रीको सङ्कलन तथा छेत्रीय विधिद्वारा सङ्कलन गरिएका गीतहरुको वर्गीकरण र विश्लेषणका लागि पुस्तकालयीय अध्ययन विधि अपनाइएको छ ।

### १.८ सैद्धान्तिक ढाँचा

यस शोधपत्रको विषय लोकगीत भएकोले लोकगीतको अध्ययन र अनुसन्धानको ढाँचा स्थानीय तहमा खोज सङ्कलन रहेको छ । संकलित सामग्रीलाई विभिन्न मापदण्डका आधारमा वर्गीकरण र वर्गीकृत लोकगीतहरुलाई लोकगीतका विधा सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । समाजविज्ञान र समाज संस्कृतिका कोणबाट समेत स्थानीय लोकगीतमा चित्रित समाज र संस्कृतिका बारेमा अध्ययन गरिएको छ ।

### १.९ शोधपत्रको रुपरेखा

यस शोधपत्रलाई सङ्गठित रुपमा प्रस्तुत गर्न परिच्छेदहरुलाई यसरी विभाजन गरिएको छ :

**क) पहिलो परिच्छेद :**

पहिलो परिच्छेद **शोधपत्रको परिचय**सित सम्बन्धित छ । यसअन्तर्गत शोध विषयको परिचय समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन र क्षेत्रनिर्धारण, सामग्री सङ्कलन र शोधविधि र शोधपत्रको रुपरेखा शीर्षकहरु रहेका छन् ।

**ख) दोस्रो परिच्छेद**

दोस्रो परिच्छेद **कछारक्षेत्रको** समाज, संस्कृति र लोकसाहित्यसित सम्बन्धित छ । यसअन्तर्गत तनहुँ कछारक्षेत्रको सामाजिक, सांस्कृतिक तथा लोकसाहित्यिक अवस्थितिको परिचय प्रस्तुत गरिएको छ ।

**ग) तेस्रो परिच्छेद**

तेस्रो परिच्छेद लोकगीतको सैद्धान्तिक स्वरुप र तनहुँ **कछारक्षेत्रका लोकगीतहरुको वर्गीकरण** सित सम्बन्धित छ । यसअन्तर्गत लोकगीत, लोकगीतको परिभाषा, लोकगीतका विशेषता, लोकगीतको वर्गीकरण, नेपाली लोकगीतको अध्ययन परम्परा, तनहुँ कछारमा प्रचलित लोकगीतहरुको वर्गीकरण प्रस्तुत गरिएको छ ।

**घ) चौथो परिच्छेद**

चौथो परिच्छेद तनहुँ कछारक्षेत्रमा प्रचलित लोकगीतहरुको विश्लेषण सित सम्बन्धित छ । यसअन्तर्गत **तनहुँ कछारक्षेत्रमा प्रचलित लोकगीतहरुलाई विधागत तत्वका आधारमा विश्लेषण** गरिएको छ । सङ्कलित लोकगीतहरुको पूरा अंश परिशिष्ट खण्डमा प्रस्तुत गरिएको छ ।

**ङ) पाँचौ परिच्छेद**

पाँचौ परिच्छेद शोधको निष्कर्षका रुपमा रहेको छ । यसमा परिच्छेदगत सारसङ्क्षेप, शोधनिष्कषृ, शोधको उपलब्धि र आगामी शोधकार्यका निम्ति सम्भाव्य शीर्षकहरुको समेत उल्लेख गरिएको छ ।

यस प्रकार शोधका आवश्यक अङ्गका रुपमा रहेको पूर्वभाग, मुख्य रुपमा रहेको मध्य माग र अन्तमा पश्च भाग समेत समाविष्ट गरी सर्वाङ्गपूर्ण शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद:दुई
# तनहुँ कछारक्षेत्रको समाज, संस्कृति र लोकसाहित्य

## २.१ विषय प्रवेश

तनहुँ जिल्लाको दक्षिणी भेग कछारक्षेत्र विकासका दृष्टिले पछि परेको क्षेत्र हो । यस क्षेत्रमा गुरूङ, मगर जातिको बाहुल्य रहेको र सरकारी कामकाजको भाषाका रुपमा नेपाली भाषा रहेतापनि बोलीचालीको रुपमा गुरूङ, मगर भाषाको प्रधानता रहेको छ । अधिकांश हिन्दू र बौद्ध धर्मावलम्बी रहेको यस क्षेत्रमा हिन्दू परम्परा अनुसारका संस्कार, चाडपर्व, रीतिरिवाज प्रचलनमा रहेका छन् । लोक साहित्यको क्षेत्रमा उर्वर मानिएको यस क्षेत्रका गाउँबेसी, मेलापात, उकाली ओरालीमा घन्किन पुगेका लोक सुस्केराहरु लोकगीतका रुपमा प्रचलित छन् ।

## २.२ भौगोलिक सीमा क्षेत्र

तनहुँ जिल्लामा ४६ गा.वि.सहरु रहेका छन् । तनहुँको दक्षिण भेगमा पर्ने कछार भौगोलिक विकटता बोकेको र विकासका दृष्टिले पछाडि परेको क्षेत्र हो ( साविके तनहुँ, २०६४ :२) कछारक्षेत्रमा कोटा, वैदी, छिपछिपे, देवघाट र भिर्कोट गा.वि.स पर्दछन् । गुरुङ, मगर जातिको आधिक्य रहेको यस क्षेत्रमा बाहुन, छेत्री, कामी, बोटे र भुजेल जातिको समेत बसोबास छ । यहाँ हिन्दू, बौद्ध र क्रिश्चियन धर्मावलम्बीहरु रहेका छन् । दसैं-तिहार यहाँका मुख्य चाडपर्वहरु हुन् । यहाँ विभिन्न चाडपर्व, उत्सव, संस्कार र दैनिक जीवनयापनसँग सम्बन्धित विभिन्न प्रकृतिका लोकगीतहरुको प्रचलन परम्परा छ । यहाँ पर्वगीत, संस्कारगीत, ऋतुकालीनगीत/कर्मगीत, बाह्रमासे र अनुष्ठानिक गीतहरु लोकप्रिय रहेका छन् ।

## २.३ कछारक्षेत्रको नामाकरण र ऐतिहासिक पृष्ठभूमि

बृहत् नेपाली शब्दकोशमा कछार भन्नाले पहाडको छेउ वा किनारा भन्ने बुझिन्छ , जुन विकासका दृष्टिले पछि परेको तथा भौगोलिक बिकटताका कारण सम्बन्धित निकायको दृष्टि पुग्न नसकेको र विकासमा समेत ओझेल परेको हुन्छ त्यही क्षेत्रलाई कछारक्षेत्र मानी परिभाषित गरिएको छ (पोखरेल(नि.), २०४० : ११७५) । त्यसैले तनहुँको यस क्षेत्रलाई कछारक्षेत्र भनी  नामाकरण गरिएको अनुमान हुन्छ ।

## २.४ जातिगत जनसाङ्ख्यिखक अवस्थिति

वि.सं. २०६७ सालको साक्षरता सम्बन्धी तथ्याङ्कअनुसार कछारक्षेत्रको घरधुरी सङ्ख्या २५९९ र जनसङ्ख्या १८८५७ रहेको छ । यसमध्ये पुरूषको जनसङ्ख्या ९००५ र महिलाको जनसङ्ख्या ९८५२ रहेको छ । कूल जनसंख्यामध्ये ब्राह्मण ५२७, छेत्री १५०७, गुरूङ ५१९६, कामी १०५०, मगर ९६५८, सुनार ५७, दमाई, १५, नेवार ५१८, अन्य ३२९ रहेका छन् ( पार्श्वचित्र, २०६७:२) ।

## २.५ मुख्य पेसा र आर्थिक अवस्था

यहाँका मानिसहरुको मुख्य पेसा कृषि र पशुपालन नै हो । त्यसबाहेक यहाँका मानिसहरुको वैकल्पिक पेसा वैदेशिक रोजगार नै रहेको छ । कामको खोजीमा भारतका विभिन्न सहरमा जाने प्रचलन पहिलेदेखि नै चल्दै आएको छ । हाल आएर रोजगारीका लागि खाडी मुलुकमा जाने युवाहरुको सङ्ख्या दिनप्रतिदिन बढ्दो छ । केही मानिसहरु सिकर्मी, डकर्मी, कृषि-मजदुरी गरेर जीवन यापन गर्दै आएका छन् भने केही नोकरी र शिक्षण पेसामा संलग्न छन् । खेतीपाती, ज्याला-मजदुरी सामान्य रोजगारीका भरमा जीवन यापन गर्दै आइरहेका कछारवासीको आर्थिक अवस्था कमजोर रहेको छ ।

## २.६ भाषा र साहित्य

कछारक्षेत्रको प्रमुख भाषा नेपाली नै हो । यस क्षेत्रमा गुरूङ र मगर जातिको अत्यधिक बसोबास भएकोले गुरूङ र मगर भाषा बोल्ने मानिसको संख्या धेरै रहेको छ । यहाँका शिक्षित मानिसहरु स्तरीय मानक नेपाली भाषाको प्रयोग गर्दछन् भने अशिक्षित ग्रामीण जनसमुदायले बोल्ने भाषा मानक नेपाली भाषाभन्दा केही फरक रहेको छ । जस्तै : खान्छु -खान्छ, जान्छु-जान्छ, हामीलाई -हामुलाई, लाएछ-लाइच, आदि ।

## २.७ शैक्षिक अवस्था

तनहुँको दक्षिण क्षेत्र कछार विद्यालयको संख्या पर्याप्त रहे पनि गुणात्मक रुपले शैक्षिक उपलब्धि, शैक्षिक स्तर न्यून नै रहेकोले शैक्षिक दृष्टिले पछाडि परेको छ । यस क्षेत्रमा रहेका विद्यालयहरु उ.मा.वि. चार, मा.वि. दुई, नि.मा.वि. नौ र प्रा.वि. चालीस छन् । यस क्षेत्रमा उच्चशिक्षा हासिल गर्न क्याम्पसको व्यवस्था छैन जसका कारण उच्च शिक्षा हासिल गर्न यहाँका विद्यार्थीहरु भरतपुर, दमौली र पोखरातिर जाने गर्दछन् ।

## २.८ धार्मिक परम्परा

यस क्षेत्रमा हिन्दू र बौद्ध धर्मावलम्बीहरुको बसोबास रहेको छ । हाल यहाँ केही मात्रामा क्रिश्चियन धर्मावलम्बीहरु पनि छन् । यहाँ हिन्दू धर्मावलम्बीहरुको प्रभाव बढी छ । एक धर्मावलम्बीले अर्को धर्मावलम्बीलाई आदरका साथ हेर्ने र व्यवहार गर्ने भएका कारण यहाँ धार्मिक सहिष्णुता छ । धार्मिक परम्पराअनुसार सम्पादन गरिने अनुष्ठानहरुमा एक धर्मका मानिसले अर्को धर्मका मानिसलाई निमन्त्रणा गर्ने र सहभागी हुने चलन छ ।

## २.९ संस्कारहरु

हिन्दू, बौद्ध र क्रिश्चियनहरुको बसोबास रहेको यस क्षेत्रका बासिन्दाहरु आ-आफ्नो धार्मिक परम्पराअनुसारका संस्कारहरु मान्ने गर्दछन् । बच्चा जन्मेपछि सालनाल काट्ने र कुनै महत्त्वपूर्ण स्थानमा लगेर गाड्ने चलन छ । ब्राह्मण जातिमा बच्चा जन्मेको छ दिनमा छैंटी गर्ने र एघार दिनमा न्वारन गर्दछन् । यहाँका सबै जातिमा छोरीलाई पाँच महिनामा छोरालाई छ महिनामा भातख्वाई ( पास्नी) गर्ने चलन छ । बाहुन जातिमा ब्रतबन्धमा गुरूपण्डितबाट मन्त्र ग्रहण गर्ने गरिन्छ भने गुरूङ जातिमा दस/बाह्र वर्ष उमेरमा छेवर गर्ने चलन रहेको छ । बाहुन छेत्री जातिमा १६ वर्षदेखि २७ वर्षसम्ममा विवाह गर्ने प्रचलन छ । गुरूङ मगर जातिमा केटाकेटीले मन पराएपछि भगाएर लैजाने चलन रहेको छ । पछि आफ्नो अनुकूल समयमा ढोगभेट फुकाउने चलन छ । उक्त विवाहमा भव्य रुपमा खर्च गरेर आफ्ना इष्टमित्र, बन्धुबान्धवलाई निमन्त्रणा गरी राँगा, बाखा, भैंसी काटेर भतेर खुवाउने चलन

छ । गाउँले छरछिमेकीलाई चुलेनिम्तो दिइन्छ जसमा निम्तालुहरुले चारमाना चामल र एक बोतल रक्सी लिएर जानुपर्ने हुन्छ । बिहे लगायत जुनसुकै पर्वहरुमा जाँडरक्सीको अत्यधिक

प्रयोग हुन्छ । मृत्युपछि गरिने संस्कार अन्य जातिको भन्दा पृथक् हुन्छ । मृत्युपछि घ्याप्रिङ लगाएर अर्घौं गर्ने, मृत शरीरलाई चिहान डाँडामा लगी गाड्ने चलन छ । मगर जातिको मृत्यु संस्कार हिन्दू परम्पराअनुसार हुने गर्दछ । मृत्युपश्चात् दाहसंस्कार र तेह्र दिनमा उम्किने चलन छ । नेवार जातिमा बेल विवाह गर्ने चलन छ । आजकलका युवायुवतीहरुमा प्रेम विवाहको प्रचलन बढ्दै गएको छ ।

## २.१० चाडपर्व र पूजाआजा

हिन्दू र बौद्ध धर्मावलम्बीहरुको बसोबास रहेको कछारक्षेत्रका बासिन्दाहरु आ-आफ्नो जातीय संस्कारअनुसारको परम्परा र चाडपर्व मान्दछन् । हिन्दू र बौद्ध दुवै धर्मावलम्बीहरुले वैशाख पूर्णिमा, मातातीर्थ औंसी, पन्ध्र असार, साउने सङ्क्रान्ति, माघे सङ्क्रान्ति, जनैपूर्णिमा, पन्ध्रपुस (ल्होसार) फागु पूर्णिमा, शिवरात्रि, चैतेदसैं जस्ता पर्व मान्दछन् । तिहारमा भाइटीका लगाउने, देउसीभैलो खेल्ने गर्दछन् । नेवारहरु भीमसेनको पूजा गर्दछन् र दसैंमा बली पनि दिन्छन् । क्रिश्चियन धर्मावलम्बीहरु क्रिसमस डे भव्य रुपमा मनाउने गर्दछन् ।

## २.११ बसोबास र खानपिन

कछारक्षेत्रका घर ढुङ्गा र काठले बनेका छन् । छाना खर,जस्ता र ढुङ्गाका रहेका छन् । घरको बाहिर पाली वा मटान निकालिएका एकतले वा दुईतले छन् । पहाडी भू-भाग भएकाले यहाँको धरातलीय विशेषता अनुसारको घर हुनु स्वाभाविक पनि हो । यहाँका मानिसको खानपिनमा दालभात, तरकारी, ढिँडो, च्याँख्ला, दूध, दही, मोही, ध्यू, माछामासु आदि रहेका छन् । मगर र गुरूङ जातिका मानिसहरुमा जाँडरक्सी बनाउने प्रचलन छ ।

## २.१२ लोकसाहित्य

लोकसाहित्य लोकको सम्पत्ति, मनोरञ्जनको साधन, ज्ञानआर्जनको विषय शिक्षाप्राप्तिको स्रोत तथा इतिहासको प्रस्तुति पनि हो । जुन एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको छ । तनहुँ जिल्लाको दक्षिणी भेग कछारक्षेत्रमा पनि लोकसाहित्यिक परम्परा छ । कछारवासीहरुको सुख-दुःख, आँसु, हाँसो, मेलापात, घाँसदाउरा, जात्रा उत्सव आदिका क्रममा भावनात्मक अभिव्यक्तिका रुपमा लोकगीत, लोककथा, गाउँखाने कथा, उखानटुक्काहरु अभिव्यक्त भएका छन् । लोकगीत यहाँको सर्वप्रिय विधा हो । यस क्षेत्रमा

प्रचलित लोकगीतमा संस्कारगीतअन्तर्गत रत्यौली, ऋतुकालीनगीतअन्तर्गत असारे, दाइँगीत र पर्वगीतअन्तर्गत भैलो, देउसी, तीजगीत, दसैंगीत पर्दछन् । सदाकालिकगीतमा झ्याउरे, रोइला, सालैजो, चुड्का, घाँसियागीत नारी वेदनाका गीत, सवाई, भजन, बालगीत र अनुष्ठानिकगीत पर्दछन् । प्रस्तुतिका आधारमा एकल र सामूहिक गीत छन् भने पुरूष वा नारी प्राधान्यका आधारमा पुरूषप्रधान, नारीप्रधान, नारी र पुरूषप्रधान गरी तीन किसिममा गीतहरु प्रचलनमा छन् । सहभागिताका आधारमा स्त्री गायन र स्त्रीपुरूष गायन गीत, वाद्य सङ्गीतका आधारमा- विशुद्ध गेय र सङ्गेय, अन्त्य प्रभावका आधारमा सुखान्त र दुःखान्त गरी दुई किसिमका छन् । रसभावका आधारमा करूण, शान्त, शृङ्गार तथा आख्यानतत्त्वका आधारमा- आख्यानयुक्त र आख्यानमुक्त गीत प्रचलनमा छन् ।

## २.१३ निष्कर्ष

तनहुँ जिल्लाको दक्षिण भेगमा भौगोलिक विकटता बोकेको, विकासका दृष्टिले पछाडि परेको क्षेत्र हो । गुरूङ र मगर जातिको आधिक्य रहेको यस क्षेत्रमा विभिन्न धर्मावलम्बीहरु बसोबास गर्दछन् । यहाँका मुख्य चाड दसैं-तिहार र ल्होसार हुन् । यहाँ विभिन्न चाडपर्व, उत्सव, संस्कार र दैनिक जीवनयापनका प्रसङ्गमा सम्बन्धित विभिन्न प्रकारका लोकगीत गाउने चलन परम्परा छ । जातिगत जनसाङ्ख्यिक अवस्थितिका दृष्टिले जनघनत्व पातलो रहेको यस क्षेत्रका बासिन्दाहरुको मुख्य पेसा कृषि र पशुपालन नै हो । यस बाहेक वैदेशिक रोजगारीका रुपमा खाडी मुलुक जाने प्रचलन पनि छ । स्तरीय मानक नेपाली नै यहाँको मुख्य वाह्य सम्पर्कको भाषा हो भने स्थानीय र जातिगत रुपमा गुरूङ, मगर भाषा प्रचलनमा छन् । यो क्षेत्र शिक्षाका क्षेत्रमा त्यति अगाडि बढ्न सकिरहेको छैन । सङ्ख्यात्मक रुपमा विद्यालय धेरै भए तापनि गुणात्मक रुपमा शिक्षा प्राप्तिको उपलब्धि स्तर न्यून रहेको छ । यहाँ विभिन्न धर्मका मानिसहरुबीच धार्मिक सहिष्णुता रहेको छ । यहाँ मनाइने संस्कारहरुमा विवाह, व्रतबन्ध, छेवर, ढोग फुकाउने, न्वारन, छैटी, पास्नीजस्ता उत्सवहरुमा प्रशस्त धन खर्च गर्ने चलन छ । आ-आफ्नो जाति-संस्कार अनुसार चाडपर्व मान्ने चलन छ । चाडपर्वमा दसैं, तिहार, चण्डिपूर्णिमा, माघेसङ्क्रान्ति, जनैपूर्णिमा, ल्होसार, क्रिसमस डे मान्ने चलन छ । यहाँ धरातलीय विशेषता अनुसारका घरहरु बनाइन्छन् । खानपानमा गुरूङ मगरको आधिक्य रहेकोले जाँडरक्सीको प्रचलन रहेको पाइन्छ ।

उपर्युक्त तथ्य र विवरणका आधारमा कछारक्षेत्र विभिन्न जातजातिको बसोबास भएको धार्मिक सहिष्णुतामा बाँचेको, विकासका अवसरबाट पछि परेको भएपनि लोकसंस्कृति र लोकपरम्पराका दृष्टिले धनी छ । माथिका विवरणहरुले यसै तथ्यलाई आत्मसात् गरेका छन् । यहाँका मानिसहरुको जीवनपद्धतिमा भेटिने मौलिकताले लोकसंस्कृति र लोकगीतको संरक्षणमा उल्लेख्य योगदान मिलेको छ ।

# परिच्छेद:तीन

# लोकगीतको सैद्धान्तिक स्वरूप र कछारक्षेत्रका लोकगीतहरूको वर्गीकरण

### ३.१ विषय प्रवेश

लोकसाहित्यमा लोकगीतको आफ्नै विधागत पहिचान छ । लोकसाहित्यका विधाहरुमध्ये लोकगीतलाई सर्वाधिक र सर्वप्रिय विधाका रुपमा लिइन्छ । लोकगीत उन्मुक्त गलाको अविरल ध्वनि वा स्वतन्त्र आत्माबाट स्वतः निसृत, हार्दिक उच्छ्वास हो (ढुङ्गाना, २०६५:७) । मानवीयअन्तर्मनको तरलतम साङ्गीतिक अभिव्यक्ति लोकगीतमा हुन्छ । लोकको सामूहिक तथा सहज अभिव्यक्तिको सौन्दर्य र मिठास यसमा पाइन्छ । यो जनसामान्यको भाकामा अभिव्यक्त हुन्छ । एउटै कण्ठबाट निस्केको सुरिलो भाका, श्रुति परम्परामा आधारित रही सयौँ कण्ठबाट बग्न थाल्दछ । अनि एक स्थानबाट अर्को स्थानमा गुञ्जन

थाल्छ । लोकगीतमा प्रकृतिको बहुरुपी छटा, समसामयिक प्रसङ्ग, ऐतिहासिक, तस्वीर सामाजिक प्रवृत्ति आदिको चित्रण पाइन्छ ।

लोकगीत नदीको प्रवाहजस्तै हुन्छ, जुन मूलतः ग्रामीण संस्कृतिको गर्भबाट निस्कन्छ तर यसले ग्रामीण समाजलाई मात्र प्रभावित नगरी समग्र मानवसमाजलाई शीतलता दिने काम गरिरहन्छ । सलसलाउँदो नदीले झासझुस फोहोरमैला बगाएर लगेजस्तै हुन्छ । ग्रामीण समुदायका मानिसहरु आफ्ना गीतद्वारा जीवनका दुःख, पीडा र विस्मातलाई धुन्छन्, पखाल्छन्, त्यसैमा रम्छन् र भुल्छन् । लोक कलाकारले लोकगीतमा केही जोड्छ, केही थप्छ, केही मिलाउँछ, केही स्वयम्ले नै बनाउँछ । यसरी लोकले जीवन सङ्घर्षमा पाएका अनुभवलाई अभिव्यक्ति दिने लोकगीत त्यस्तो हुन्छ, जसमा सँधै नयाँ हाँगा र पालुवा लाग्दै फूल फुल्दै जान्छन् । लोकगीत लोकको भाषिक, कलात्मक र लयात्मक अभिव्यक्ति हो । लोकगीत शब्द लोक र गीत दुईशब्दको योगबाट बनेको छ । नेपाली बृहत् शब्दकोशमा लोक शब्दको अर्थ ब्रह्माण्डको कुनै एक भाग अथवा खण्ड, जगत्, संसार आदि भनेर दिइएको छ

( ढुङ्गाना, २०६५ : ७) । लोक शब्द संस्कृत भाषाबाट अन्य भाषामा व्यवहृत भएको शब्द

हो । संस्कृतमा 'लोकृ' दर्शने धातु छ, त्यस धातुमा घञ् प्रत्यय लागेर 'लोक' शब्द निष्पन्न भएको हो । लोकगीतको आत्मा लोक-सङ्गीत हो । मानवजातिको विकासपछि शास्त्रीय सङ्गीतको विकास भएको हो । लोकगीतको अभ्युदय मान्छेको उत्पत्ति जत्तिकै प्राचीन छ ( ढुङ्गाना, २०६५ : ८) । लोकगीत लोकसाहित्यको समृद्ध विधा हो । यस विधामा सर्वसाधारण जनताका हृदयका उद्गारहरुद्वारा मानव संस्कृतिलाई सुरक्षित गरेर राख्नसक्ने क्षमता छ । लोकगीतमा समाजको धर्मसंस्कृति र रीतिरिवाजहरु भित्रिएका मात्र नभई लोकमानसको ढुकढुकी आएको हुन्छ । भाषाको विकास र प्रचार गर्नमा लोकगीतले ठूलो भूमिका खेल्छ । नेपाली लोकगीतले नेपाली मौलिक संस्कारलाई बोकेको छ । लोकगीत एउटा महासागर हो लोकगीतको महासागरमा डुबुल्की मार्दा सिपी र मुगा भेट्टाउन सकिन्छ तर यसको गहिराइ, आदि, मध्य र अन्त्य पत्ता लगाउन सकिँदैन । यो अनादि कालदेखि मौलिक परम्परामा हुर्केको, फक्रेको र फैलिएको छ ( ढुङ्गाना,२०६५:८) । जुनसुकै जातिका भाषामा लोकगीतको पौलो हुन्छ । नेपालीमा पनि विभिन्न, जातजातिमा, भाषाभाषीमा र विभिन्न रीतिथितिका समुदायमा लोकगीत घन्किरहेको छ । वर्षैभरि वा ऋतु चाडपर्वहरुमा, संस्कार क्रियामा, जीवनका विविध क्षणमा आ-आफ्नै परम्परा, संस्कृति र भावभङ्गीमाअनुरुप नेपाली लोकगीत प्रवाहित छ । लोकगीतमा एक-दुई टुक्रा पङ्क्तिमा पनि जीवनका विविध पक्षमा हृदयलाई छुनेगरी गम्भीर भाव प्रकट भएको हुन्छ । लोकगीत आकारमा छोटो, गाउन सजिलो मनोरञ्जन दिने खालको हुन्छ । लोकको प्रतिनिधित्व गर्ने र तुरून्त प्रभाव पार्न सक्ने सामर्थ्य भएकोले यो लोकको सम्पत्ति हो ।

### ३.२ लोकगीतको परिभाषा

परापूर्व कालदेखि आजसम्म पनि मानिसहरुले लोकगीत गाउँदै र यसमा रमाउँदै आइरहेका छन् । यसका बारेमा सामान्य जनमानसदेखि विद्वान्हरुले समेत चासो राख्नु स्वाभाविक हो । विभिन्न विद्वान्हरुले लोकगीतका सम्बन्धमा आ-आफ्ना धारणा प्रस्तुत गरेर अर्थ्याउने प्रयास गरेका छन् । बसन्तको हरियालीमा चैते हुरी, जेठको खडेरीमा दिनभरको थकाइमा डम्फु, मादल, झ्याली, कर्ताल, खैंजडी, मुर्चुङ्गा, बाँसुरीको रन्कोमा रोदीघरबाट एक डाँडालाई पट्ट पारी कुलकुलाई रहेका खोलानालाको अविरल धुनमा सहँलिँदै गाइएका सुरिला मधुरकण्ठी च्याङ्वा र च्याङ्वी, साइँला र साइँलीका हृदय फुटेर आएका चोखा सङ्गीतमय उद्गारलाई लोकगीत भनिन्छ ( लोहनी, २०१३ :८ ) । लोकगीत कसैको दबाव,

धन, बक्सिस, लोभमा नपरी दुःखित, उत्पीडित, आक्रान्त, सम्भ्रान्त, त्रस्त, जागृत, प्रफुल्लित, हर्षित, संयुक्त र वियुक्तसमेत कोही जाति, लिङ्ग, समाज, जिल्ला, गाउँका नरनारीले कुनै पुस्तकको बन्धनमा नपरी आफैँ बनाएका हुन् (पन्त, २०४३ : १२१) । नेपाली शब्दकोशमा लोकगीतलाई जनतामा परम्परादेखि गाइँदै, चल्दै आएको मधुर गीत (रसिया, झ्याउरे, सिलोक आदि) भनेर अर्थ्याइएको छ ( शर्मा, २०५८ : ११७४) । लोकगीत कहिल्यै नसुक्ने नदीको पानीजस्तै प्रवाहशील छ ( पराजुली, २०५७ : ८) । लोकगीत लोक जीवनको रागात्मक स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोकजीवनका दुःख-सुख, आशा-निराशाका, साथै लोकको चालचलन, विधिव्यवहार, आस्था र मान्यताहरुको चित्रण हुन्छ ( बन्धु, २०५८: १२२) । लोकभावना वा विचारको मौखिक एवम् श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने लयात्मक, गेय, अवैयक्तिक भाषिक संरचनालाई लोकगीत भनिन्छ (शर्मा र लुइटेल, २०५८ : १२२) । लोकगीत लेखिँदैन सङ्कलन गरिन्छ, यो कुनै व्याकरणको बन्धनभित्र बाँधिएको हुँदैन ( सापकोटा, २०५४ : ...........।

यसरी विभिन्न विद्वान् एवम् विवेचकहरुले लोकगीतलाई परिभाषित गरी निष्कर्षमा पुग्ने प्रयत्न गरेका छन् । परिभाषागत निचोडबाट के निष्कर्ष निस्कन्छ भने लोकगीत उन्मुक्त गलाबाट स्वतः निःसृत अनुभूतिको हार्दिक र तीव्रताको उच्छ्वास हो । यसले सङ्गीतसँगको आफ्नो सम्बन्धलाई अधिकाधिक महत्त्व दिन्छ । लोकगीत परिष्कृत शैलीबाट टाढा र प्राकृतिक रुपमा जनजिब्रोबाट ध्वनित हुन्छ । लोकगीत मर्मस्पर्शी, दुःख-सुखको साथी हो । लोकगीत असङ्ख्य भावधारामा प्रवाहित हुने हुनाले यसको स्वरुप निर्धारण गर्न कठिन हुन्छ ।

### ३.३ लोकगीतका तत्त्वहरु

कुनै पनि संरचना वा वस्तुको निर्मितिमा आवश्यक अवयवहरु (आन्तरिक, वाह्य) लाई त्यस संरचना वा वस्तुको तत्त्व मानिन्छ । लोकगीत पनि एउटा रचना हो । लोकगीत रचनाको लागि आवश्यक आन्तरिक तथा बाह्य अवयव वा संरचक घटक आदिलाई लोकगीतका तत्त्वहरु मानिएका छन् । लोकगीतका विभिन्न तत्त्वहरु रहेका छन् ।

#### ३.३.१ भाव वा विचार

लोकगीत भाषिक अभिव्यक्ति हो । भाषिक अभिव्यक्तिका रुपमा गीतको अन्तरवस्तु यसको कथ्य हुन्छ । कथ्य वा मुख्य भाव आन्तरिक तत्त्व हो । कथ्यमा गीतको मूलभाव वा विचार निहित हुन्छ ।

### ३.३.२ उद्देश्य

गायक वा रचनाकारले आफ्ना लोकगीतमार्फत मनका भाव वा उद्गारहरुको प्रकटन गर्दछ । त्यसैले लोकगीत रचनाको उद्देश्य गायकको नभई मनका उद्गार, सुख-दुःखका अनुभूतिको प्रकटन, यथार्थको प्रस्तुति, मनोरञ्जन, शिक्षा, संस्कार, धार्मिक, आर्थिक तथा श्रमपरिहार आदि लोकगीत संरचनाका उद्देश्यहरु हुन्छन् । विनाप्रयोजन लोकगीतको रचना हुँदैन अतः उद्देश्य वा प्रयोजनलाई लोकगीतको आवश्यक तत्त्वका रुपमा लिइन्छ । यो आन्तरिक तत्त्व हो

### ३.३.३ भाषा

लोकगीत प्रस्तुत गर्ने माध्यम भाषा हो । यो कथ्यभाषाबाट प्रस्फुटन हुन्छ र लोक अभिव्यक्तिका रुपमा प्रकट हुन्छ । लोकगीतमा स्थानीय भाषिका र झर्रा शब्दको प्रयोगको आधिक्य हुन्छ । भावानुकूल, सरल र सहज शब्दावलीको प्रयोग लोकगीतमा हुन्छ । लोकगीतमा सहज, अनुप्रासमय, लयात्मक भाषाको प्रयोग हुन्छ ।

### ३.३.४ शैली

अभिव्यक्ति गर्ने ढङ्ग वा तरिका नै शैली हो । शैलीकै कारणबाट एउटा लोकगीत अर्को लोकगीतबाट भिन्न हुन्छ । कतिपय लोकगीतको भिन्न पहिचान हुनु शैलीगत पहिचान हो । लोकगीतको शैली लय संरचनासँग सम्बन्धित हुन्छ । अनुप्रास, पदावली तथा वाक्य गठन र कथानक संरचनाहरुका हिसाबले लोकगीतको भिन्न-भिन्न शैलीको संरचना हुन्छ जस्तै देउसी, तीजेगीत, रत्यौली, चुड्का, भजन, घाटुगीत आदि ।

### ३.३.५ लय

लय लोकगीतको अनिवार्य तत्त्व हो । लयविनाको लोकगीतको कल्पना नै गर्न सकिँदैन । लोकगीत लयात्मक अभिव्यक्ति हो । लोकगीतमा लोकलय हुन्छ, छन्दका हिसाबले

लोकछन्द प्रयोग हुन्छ । लोकगीतको लयबद्ध प्रकृति लोकलय हो तर शास्त्रीय लय होइन, त्यसैले ास्त्रीय नियमबद्ध हुँदैन । यसमा बिलम्वित, द्रुत र द्रुत बिलम्बित तिनै प्रकारका लय प्रयुक्त हुन्छन् । लोकगीत सामूहिक जीवनको अभिव्यक्ति हो तापनि यसमा ऐच्छिक रुपले पात्र, घटना, परिवेश आदि तत्त्वको प्रयोग हुन्छ । घाटु, मारूनी, बालुन आदिमा आख्यान तत्त्व प्रबल हुन्छ भने रोदी भ्याउरे, तीजेगीतमा सङ्गीत तत्त्व प्रबल हुन्छ ।

यसरी लोकगीतका प्रमुख तत्त्वमा भाव वा विचार, उद्देश्य, भाषाशैली, लय पर्दछन् भने गौण तत्त्वमा पात्र, घटना, परिवेश, आख्यान, सङ्गीत आदि पर्दछन् ।

## ३.४ लोकगीतका विशेषता

लोक व्यवहारका कारणबाट मानिसमा जेजस्तो प्रभाव पर्दछ त्यसैको सङ्गीतात्मक र रागात्मक अभिव्यक्ति नै लोकगीत हो । यसका माध्यमबाट जनसाधरणाले आफ्ना मन भित्रका हाँसो, खुसी, उत्साह, दुःख, व्यथाजस्ता भावनाहरु व्यक्त गर्दछन् । लोकगीतमा लोकको रीतिरिवाज र संस्कृति पनि प्रकट भएको हुन्छ । बनावटी र देखावटीपनाबाट अलग रहने हुँदा यसमा मौलिकता हुन्छ । लोकगीतका रुपमा जुन कुरा बाहिर प्रकट हुन्छ त्यो हृदयका गहिराइबाट निस्केका भावनाहरुकै प्रतिबिम्ब भएको हुँदा सर्वप्रिय लाग्दछन् । लोकगीतमा रहेका विशेषताका कारण नै मानिसहरुले लोकगीतलाई मन पराएका छन् । धर्मराज थापा र हंसपुरे सुवेदीले लोकगीतका विशेषतालाई निम्नानुसार उल्लेख गरेका छन् -

क) लयमा तीब्रता  हुनु,

ख) सरल, सरस र प्रभावपरक अभिव्यक्ति हुनु,

ग) सार्वजनिकता, मौलिकता र संवेगात्मकता हुनु,

घ) सूक्ष्म विश्लेषणको अपेक्षा,

ङ) कृत्रिमता नहुनु,

च) स्थानीयता र समसामयिकताको छाप पाइनु । ( थापा र सुवेदी, २०४१ : ८२)

लोकगीतमा लोकजीवनका आँसु-हाँसो, चाल-चलन, विधि-व्यवहारको चित्रण, स्थानीयता, मौखिक परम्परा, रागात्मक, स्वतःस्फूर्त तथा लयात्मक अभिव्यक्तिजस्ता विशेषता हुन्छन् ( बन्धु, २०५८ : १२२) ।

शम्भुप्रसाद कोइरालाले लोकगीतको विशेषतालाई निम्न लिखित बुँदामा समेटेका छन्-

क) श्रुतिस्मृति परम्परा,

ख) लयात्मक तीव्रता,

ग) स्वतःस्फूर्त प्राकृत अभिव्यक्ति,

घ) स्थान र सामयिकता,

ङ) सरल एवम् स्वाभाविक गेयता,

च) प्रभावपूर्ण स्थूल चित्रण । ( कोइराला, २०५५ : १)

यसरी नै मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलले लोकगीतका विशेषतालाई यसरी सङ्केत गरेका छन् -

क) रचनाकार र रचनाकाल अज्ञात,

ख) मौखिक एवम् श्रुति परम्परामा आधारित,

ग) सामूहिक अभिव्यक्ति,

घ) परिवर्तनशील,

ङ) सरल र सहज,

च) लयात्मक र सङ्गीतात्मक,

छ) स्थानीय पुनारावृत्ति,

ज) मनोरञ्जनात्मक र उपदेशात्मक,

झ) स्वच्छन्द प्रवृत्ति,

ञ) मर्मस्पर्शी र प्रभावकारी,

ट) हार्दिकताको प्रधानता,

ठ) लोकतत्त्वको प्रधानता,

ड) भावगत एकोन्मुकता,

ढ) प्रगीतात्मक, ( शर्मा र लुइटेल, २०६३: ७० )

माथि उल्लिखित विशेषताहरुमा प्रशस्त समानता भए पनि मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलले सङ्केत गरेका विशेषताहरुमा बढी स्पष्टता रहेको छ ।

### ३.५ लोकगीतको वर्गीकरण

अनादि कालदेखि नै श्रुति परम्पराका आधारमा प्रवाहित हुँदै आएका सबै गीतहरु लोकगीत भए पनि फरक-फरक परिवेशहरुमा सिर्जना भएका लोकगीतहरुमा भिन्नता पाइन्छ । कामगर्दाका अवसरमा गाउने लोकगीत र जात्रामा गाउने लोकगीतमा फरक त हुन्छ नै यस्तै विविधता अन्य गीतहरुमा पनि देख्न सकिन्छ । सबै प्रकारका लोकगीतलाई एकै ठाउँमा राखेर प्रस्तुत गर्दा अध्ययनमा जटिलता उत्पन्न हुने भएकोले लोकगीतलाई

व्यवस्थित गर्न र अध्ययनमा सुगमता ल्याउन लोकगीतको वर्गीकरण गरिन्छ । कालिभक्त पन्तले लोकगीतलाई नौ वर्गमा विभाजन गरेका छन् । राष्ट्रभाषाका स्तरीय लोकगीत, जिल्लास्तरीय लोकगीत, ग्रामस्तरीय लोकगीत, जातिस्तरीय लोकगीत, जाति भाषास्तरीय लोकगीत, लोक नाटकस्तरीय लोकगीत, कर्मस्तरीय लोकगीत, ऋतुस्तरीय लोकगीत ( पन्त, २०२८ : १२१) । धर्मराज थापा र हंसपुरे सुवेदीले लोकगीतलाई सात वर्गमा विभाजन गरेका छन्- सामान्य लोकगीत, संस्कार लोकगीत, ऋतु वा ब्रतसम्बन्धी लोकगीत, कर्म लोकगीत, पर्व लोकगीत, लोक नृत्य सम्बन्धी लोकगीत, विविध (थापा र सुवेदी, २०४१ : १५४) । कृष्णप्रसाद पराजुलीका अनुसार लोकगीतलाई छ प्रकारमा विभाजन गरिएको छ । क्षेत्रका दृष्टिमा, जातीय दृष्टिमा, उमेरका दृष्टिमा, लिङ्गका दृष्टिमा, कार्यावस्थाका दृष्टिमा, स्वरुपका दृष्टिमा, प्रस्तुतिका दृष्टिमा (पराजुली,२०५७:१४८) । चूडामणि बन्धुले लोकगीतलाई सहभागिता, लय र भाका तथा प्रकार्यका आधारमा वर्गीकरण गरेका छन् । जस्तै : धार्मिक गीत, अनुष्ठानमूलक तथा संस्कारगीत, ऋतु तथा पर्वगीत, श्रमगीत ( बन्धु, २०५८ : ७९) ।

यसैगरी मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलले नेपाली लोकगीतलाई दश भागमा विभाजन गरेका छन् । छेत्रीय आधारमा, जातीय आधारमा, उमेरगत आधारमा, लिङ्गका आधारमा, सहभागिताका आधारमा, बनोटका आधारमा र प्रस्तुतिका आधारमा, विषयका आधारमा, आकारगत आधारमा, समयका आधारमा (शर्मा र लुइटेल, २०५५ : ७९) ।

यसरी विभिन्न विद्वान्हरुले लोकगीतलाई विभिन्न आधारमा वर्गीकरण गरेका छन्, नेपालका सन्दर्भमा लोकगीत नगाउने ठाउँ नै छैन । हिमालीवस्तीदेखि तराईका फाँटसम्म, मेचीदेखि महाकालीसम्म उमङ्ग र उत्साहका साथ गाइने लोकगीतको क्षेत्र व्यापक रहेको छ । उपर्युक्त वर्गीकरणलाई आधार मान्दा नेपाली लोकगीतलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

**१. स्वरुपका आधारमा**

क) आख्यानयुक्त गीत

ख) आख्यानमुक्त गीत

**२. लिङ्गगत आधारमा**

क) पुरूष (बालुन)

ख) नारी (तीजे, रत्यौली)

**३. जातिगत आधारमा**

क) ब्राह्मण

ख) गुरूङ-मगर

ग) गाइने (कर्खा)

**४. उमेरगत आधारमा**

क) बालगीत

ख) युवा अवस्थामा गाइने गीत (रोदी, झ्याउरे)

ग) वृद्ध अवस्थामा गाइने गीत ( भजन, चुड्का)

**५. प्रस्तुतिका आधारमा**

क) नृत्यरहित

ख) नृत्य/वाद्य सहित

**६. विषयवस्तुका आधारमा**

क) धार्मिक

ख) ऐतिहासिक

ग) पौराणिक

घ) सांस्कृतिक

**७. रसभावका आधारमा**

क) शृङ्गार रस

ख) करुण रस

ग) शान्त रस

घ) वीर

**८. समूहगत गायनका आधारमा**

क) एकल गायन

ख) समूह गायन

### ३.६ तनहुँ कछारक्षेत्रमा प्रचलित लोकगीतको वर्गीकरण

विभिन्न समय, सन्दर्भ र परिवेशमा जन्मिएका फरक-फरक खालका लोकगीतहरुलाई त्यस ठाउँको सामाजिक रहन-सहन, संस्कृति, भौगोलिक परिवेश आदिलाई ध्यानमा राखेर वर्गीकरण गर्ने परिपाटी, प्रचलित तनहुँको कछारक्षेत्रमा प्रचलित लोकगीतलाई विभिन्न आधारमा वर्गीकरण गर्नु उपयुक्त ठानिएको छ ।

#### ३.६.१ विषय सन्दर्भका आधारमा

विषय सन्दर्भका आधारमा तनहुँ कछारक्षेत्रका लोकगीतहरु संस्कारगीत, ऋतुकालीन, पर्वगीत, सदाकालिकगीत र आनुष्ठानिकगीत गरी पाँच वर्गमा विभाजित हुन्छन् । संस्कारगीत भित्र रत्यौली, ऋतुकालीनगीत कर्मगीत भित्र असारे र दाइँगीत, पर्वगीतभित्र भैलो, देउसी, तीजगीत र दसैंगीत पर्दछन् भने नारीवेदनाका गीतमा *जुन दिन बुवा हो,*

*आमा तिम्रो दुधैको धाराले* पर्दछन् । त्यसैगरी धार्मिक गीतमा भजन, *हिमालैमा वस्छन् उनी, म पनि जान्छु पारी* जस्ता पगीत पर्दछन् । बालगीतमा *सानीसानी नानी म,* घटनाप्रधान गीतमा सावाईअन्तर्गत नब्वे सालको भूइँचालो, प्रेम परक गीतमा रोदी, रोइला, सालैजो, *तालपानीको छेउ, हो रसै पियारी*

### .६.२ प्रस्तुतिका आधारमा

प्रस्तुतिका आधारमा तनहुँ कछारक्षेत्रका लोकगीतहरु एकल र सामूहिक गरी दुई वर्गमा विभाजित हुन्छन् । एकलभित्र दाइँगीत, नारीवेदनाका गीत, बालगीत र सवाईगीत पर्दछन् भने सामूहिक गीतभित्र भजन, घँसिया, भैलो, तीजे, देउसी, असारे, चुड्का, घाटु, मारूनी, रोदी, रोइला, हो रसैपियारी, हो राजै पियारी, सालैजो गीतहरु पर्दछन् ।

**प्रस्तुतिका आधारमा**

- एकल
  - दाइँगीत
  - नारी वेदनाका गीत
  - बालगीत
  - सवाई
- सामूहिक गीत
  - असारे
  - घँसिया
  - चुट्का
  - घाटु
  - मारुनी
  - रोदी
  - रोइला
  - हो रसै पियारै
  - हो राजै पियारी
  - सालैजो
  - तीजे
  - दशैं
  - भैलो
  - देउसी
  - भजन
  - सालैजो

### ३.६.३ पुरूष वा नारी प्राधान्यका आधारमा

पुरूष वा नारी प्राधान्यका आधारमा कछारक्षेत्रका लोकगीतलाई तीन प्रकारमा विभाजन गरिएको छ । पुरूषप्रधान गीतभित्र, चुड्का, दाइँ, सवाई, भजन र मारूनीगीत पर्दछन् भने नारी प्रधानगीतमा रत्यौली, तीजे र नारी संवेदनाका गीतहरु पर्दछन् । त्यसै गरी नारीपुरूषगीतअन्तर्गत रोदी, घाटु, असारे, देउसी, भैलो, रोइला, घँसिया, तालपानीको छेउ, हो रसै पियारी र हो राजै पियारी पर्दछ । यसलाई वृक्षरेखामा यसप्रकार देखाउन सकिन्छ :

**पुरूष वा नारी प्रधान्यगत वृक्षरेखा**

पुरूष प्रधानगीत

- मारुनी
- दाइँ
- सवाई
- भजन
- चुड्का

नारी प्रधानगीत

- रत्यौली
- तीजे
- नारी संवेदनाका गीत

नारी पुरूष /प्रधान

- रोदी
- घाटु
- असारे
- देउसी
- भैलो
- सालैजो
- रोइला
- घँसिया
- तालपानीको छेउ
- हो रसै पियारी
- हो राजै पियारी

### ३.६.४ सहभागिताको आधारमा

तनहुँको कछारक्षेत्रमा प्रचलित लोकगीतहरुलाई सहभागिताको आधारमा तीन प्रकारमा विभाजित गरिएको छ । स्त्री गायनभित्र रत्यौली, तीजे, नारी संवेदनामूलक गीत पर्दछन् । पुरुष गायनभित्र भजन, सवाई, मारूनीगीत पर्दछन् भने नारी पुरुष

गायनगीतअन्तर्गत रोदी, घाटु, असारे,देउसी,भैलो, चुड्का, सालैजो, घँसिया, दशै, तालपानीको छेऊ, हो रसै पियारी, हो राजै पियारी र दाइँगीतहरु पर्दछन् , जसलाई वृक्षरेखामा प्रस्तुत गरिएको छ :

**सहभागिताका आधारमा**

स्त्री
- रत्यौली
- तीजे
- नारी संवेदनामूलक

पुरूष
- भजन
- सवाई
- मारूनी

स्त्री पुरूष गायन गीत
- पुरुष गायनगीत
- रोदी
- घाटु
- असारे
- देउसी
- भैली
- सालैजो
- रोइला
- घँसिया
- दशै
- तालपानीको छेउ
- हो रसै पियारी
- हो राजै पियारी
- दाइँ
- चुड्का

### ३.५.५ वाद्यसङ्गीतका आधारमा

तनहुँको कछारक्षेत्रमा प्रचलित लोकगीतहरुलाई वाद्यसङ्गीतका आधारमा विशुद्ध गेयगीत र सङ्गेय/वाद्यगीत गरी दुई चरणमा विभाजित गरिएको छ। जसमा विशुद्ध गायन गीतभित्र असारे, दाइँ, झ्याउरे, सतीघाँटु, घँसिया, नारीवेदनाकागीत र सवाई पर्दछन् भने सङ्गेय/वाद्यगीतअन्तर्गत चुड्का वा कोरा, मारूनी, हो रसै पियारै, हो राजै पियारी र घाटु रहेकोजस्ता गीतहरु पर्दछन्। यसलाई वृक्षरेखामा प्रस्तुत गरिएको छ :

**वाद्य सङ्गीतका आधारमा**

विशुद्ध गेय गीत

- असारे
- दाइँ
- झ्याउरे
- सतीघाटु
- घँसियागीत
- नारीवेदनाका गीत
- सवाई

सङ्गेय/ वाद्यगीत

- चुड्का वा कौरा
- मारूनी
- हो रसै पियारै
- हो राजै पियारी
- सालैजो
- रत्यौली
- दशैँ
- देउसी
- भैलो
- तिजेगीत
- रोदी
- रोइला
- भजन
- बालगीत

**३.६.६ अन्त्य प्रभावका आधारमा**

अन्त्य प्रभावका आधारमा कछारक्षेत्रका लोकगीतलाई दुई प्रकारमा विभाजन गरिएको छ । जसमा सुखान्त गीतअन्तर्गत हो रसै पियारै, होराजै पियारी, रोदी, चुट्का/कौरा, रोइला, रत्यौली, असारेगीत, दाइँ, दशैँ, देउसी, भैलो, तिजे, सालैजो, घँसियागीत, भजन, बालगीतहरु पर्दछन् । त्यसैगरी दु:खान्तगीतअन्तर्गत घाटु, मारूनी, सवाई, नारी वेदनाका गीतहरु पर्दछन् । यसलाई वृक्षचित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ :

**अन्त्य प्रभावका आधारमा**

सुखान्त

- हो रसै पियारी
- रोदी
- चुट्का/कौरा
- रोइला
- रत्यौली
- असारेगीत
- दाइँ
- दसैँ
- देउसी
- भैलो
- तिजे
- बालगीत
- सालैजो
- घँसिया
- भजन

दुःखान्त र वियोगान्त

- घाटु
- मारूनी
- सवाई
- नारीवेदना

### ३.६.७ रसभावका आधारमा

रसभावका आधारमा कछारक्षेत्रका लोकगीतलाई करूण, शान्त र शृङ्गार गरी तीन प्रकारका रहेका छन् । जसमा करूण रसअन्तर्गत हो रसै पियारी, हो राजै पियारी रोदी, चुड्का/कौरा, घाटु, पर्दछन् भने शान्त रसअन्तर्गत मारूनीगीत र सवाईगीत पर्दछन् ।

शृङ्गार रसअन्तर्गत रत्यौली, रोइला, असारे, सालैजैजो, घँसियागीत, तालपानीको छेउगीतहरु
पर्दछन् । यसलाई वृक्षरेखामा यसप्रकार देखाउन सकिन्छ :-

**रसभावका आधारमा**

- करूण रस
  - घाटु
  - हो रसै पियारी
  - हो राजै पियारी
  - रोदी
  - चुड्का
- शान्त रस
  - मरूनी
  - सवाई
- शृङ्गार रस
  - रत्यौली
  - रोइला
  - असारे
  - सालैजो
  - घँसिया
  - तालपानीको छेउ

### ३.६.८ आख्यान तत्त्वका आधारमा

आख्यान तत्त्वका आधारमा कछारक्षेत्रका लोकगीतलाई आख्यानयुक्त र आख्यानमुक्त गरी दुई भागमा विभाजन गरिएको छ । यसमा आख्यानयुक्त गीतअन्तर्गत घाटु, सवाई र मारूनी (कृष्ण चरित्र) गीतहरु पर्दछन् भने आख्यानमुक्त गीतअन्तर्गत रोइला, हो रसै पियारै, हो राजै पियारी, चुट्का/कौरा, सालैजो, असारे, दाइँ, रोदीगीत र झ्याउरेगीत पर्दछन् । यसलाई वृक्षरेखामा यसप्रकार देखाउन सकिन्छ :

**अख्यानतत्त्वका आधारमा**

आख्यानयुक्त गीत

- सवाई
- घाटु
- मारूनी

आख्यानमुक्त गीत

- रत्यौली
- रोइला
- हो रसै पियारै
- हो राजै पियारी
- चुट्का/कौरा
- सालैजो
- असारे
- दाइँ
- रोदीगीत
- झ्याउरे गीत

**निष्कर्ष**

लोकगीत एउटा यस्तो वृक्ष हो जसमा सधैँ नयाँ-नयाँ हाँगा र पालुवा लाग्दै फूल फुल्दै जान्छन् । लोकगीत लोकको भाषिक, कलात्मक, लयात्मक अभिव्यक्ति हो । लोकगीत उन्मुक्त गलाबाट स्वतः निःसृत अनुभूतिको हार्दिक र तीव्रताको उच्छ्वास हो । हरेक विधाका आ-आफ्ना तत्त्वहरु छन् । भाव, उद्देश्य, भाषाशैली र लय लोकगीतका प्रमुख रचनातत्त्वहरु हुन् । सङ्गीत, पात्र, घटना, परिवेश आदि यसका गौण तत्त्व हुन् । लोकगीतलाई जातिगत, लिङ्गगत, उमेरगत, सामूहिक, एकल, विषयवस्तुगत, प्रस्तुतिगत, रसभावगत, पर्व, कर्म र संस्कारगत, आख्यानात्मकता आदि विविध आधारमा वर्गीकरण गर्न सकिन्छ । कथ्यविषयमा आधारित वर्गीकरण बढी उपयोगी हुन्छ ।

तनहुँ जिल्लाको दक्षिण भेगमा पर्ने कछारक्षेत्रमा प्रचलित गीतहरुलाई विभिन्न आधारमा वर्गीकरण गरेर अध्ययन गरिएको छ । विषयसन्दर्भका आधारमा संस्कारगीत, ऋतुकालीन, पर्वगीत, सदाकालिक,घटनासम्बन्धीगीत, प्रेमसम्बन्धीगीत, धार्मिक गीत र

आनुष्ठानिक गीत गरी आठ प्रकारमा वर्गीकरण गरिएको छ । प्रस्तुतिका आधारमा एकल र सामूहिक गरी दुई भागमा वर्गीकरण गरिएको छ । यहाँका गीतहरुलाई पुरूषप्रधान गीत र नारी प्रधान गीत गरी विभाजन गरिएको छ । सहभागिताको आधारमा स्त्री गायन, पुरुष गायन,स्त्रीपुरूष गायनगीत गरी छुट्याइएको छ भने वाद्य सङ्गीतका आधारमा विशुद्ध गेयगीत र सङ्गेय/वाद्य गीत गरी वर्गीकरण गरिएको छ । अन्त्य प्रभावको आधारमा सुखान्त र दुःखान्त (वियोगान्त) गरी छुट्याइएको छ । रसभावको आधारमा करूण, शान्त र शृङ्गार गरी छुट्याइएको छ । आख्यान तत्त्वका आधारमा आख्यानयुक्त गीत र आख्यानमुक्त गीत गरी दुई भागमा विभाजन गरिएको छ । उपर्युक्त आधारमा कछारक्षेत्रका लोकगीतहरु विभाजित छन् । कुनै एउटा वर्गीकरणमा परेको गीत अर्को आधारबाट अर्को वर्गमा पर्ने हुँदा घाटु र चुड्कालाई पर्वगीतको रुपमा पनि हेरिएको छ । एउटै आधारले मात्र लोकगीतको पूर्ण अध्ययन नहुने हुँदा विविध आधारमा हेर्नुपर्ने र यसरी सबै आधारबाट हेर्दा एउटै सर्वमान्य वर्गीकरण हुन नसक्ने कुरा त्यत्तिकै सत्य हो । यसर्थ कछारक्षेत्रका लोकगीतहरु कुनै आधारमा कतै र कुनै आधारमा कतै विभाजित भएका छन् । गाथायुक्त गीत ज्यादै लामा हुन्छन् भने अन्य गीत छोटा हुन्छन् ।

# परिच्छेदःचार

# तनहुँ कछारक्षेत्रमा प्रचलित लोकगीतको अध्ययन विश्लेषण

## ४.१ विषयप्रवेश

प्रस्तुत अध्ययन तनहुँको कछारक्षेत्रमा प्रचलित लोकगीतको अध्ययन-विश्लेषणमा केन्द्रित छ । त्यस क्षेत्रमा प्रचलित पैतीसवटा लोकगीतहरु सङ्कलन गरिएको छ र तिनको अध्ययन यहाँ प्रस्तुत छ :

सङ्कलित पैँतीसवटा लोकगीतहरुमध्ये रत्यौलीगीत एउटा, ऋतुकालीनगीत तीनवटा, पर्वगीत नौवटा, सदाकालिकअन्तर्गत झ्याउरे चारवटा, रोइला चारवटा, सालैजो एउटा, चुड्का दुईवटा, नारीवेदनाका दुईवटा, सवाई एउटा, भजन दुईवटा र बालगीत एउटा आनुष्ठानिक गीत दुईवटा रहेका छन् ।

## ४.२ रत्यौलीगीत

यो गीत विवाहका अवसरमा गाइने गीत हो । यस गीतको मुख्य उद्देश्य मनोरञ्जन हो । 'वर'तर्फका पुरुषहरु जन्तीका रुपमा दुलही लिन गएपछि दुलाहाका घरमा जम्मा भएका महिलाहरु वरवधूसँग सम्बन्धित शृङ्गारपरक रतिविषय गीतहरु गाएर मनोरञ्जन गर्ने प्रचलन कछार क्षेत्रमा पनि छ । नमुनाका रुपमा यहाँ एउटा गीत प्रस्तुत छ ।

### ४.२.१ आँगनीमा झार

**आँगनीमा झार** रत्यौलीगीत हो । प्रस्तुत गीतमा विशेष गरी दुलाहाकी आमालाई रत्यौलीको मनोरञ्जनमा सहभागी बनाउन खोजिएको कुराको अभिव्यक्ति छ । उक्त रत्यौलीमा भेला भएका महिलाहरुमध्ये एउटीले जोगीको पहिरन धारण गरी दुलाहाकी आमा, भाउजू र क्रमशः दुलाहाका परिवारका महिला सदस्यलाई मनोरञ्जनमा सहभागी बनाउने चेष्टाका क्रममा यो गीत गाइएको छ । गीतको मुख्य ध्येय मनोरञ्जन प्रदान गर्नु रहेको छ । घार र झारको अन्त्यानुप्रासीय शैलीको गीत रोचक र मोहक बनेको छ । यसमा चार चार पङ्क्तिका चार गुच्छहरु छन् । दुलाहाकी 'आमालाई' भन्ने पदावली पुनरावृत्त भएको छ । उदाहरणका लागि गीतको अंश यसप्रकार उद्धृत गरिएको छ ।

सर्पको काँचुली मौरीको घार,
दुलाहाकी आमालाई आँगनीमा झार ।
ओजी-ओजीले जोगी खोजी-खोजी ले,
दुलाहाकी आमालाई खोजी-खोजी ले ।
ह ह
धान काट्ने कछिया त कपाल काट्ने कैँची,
दुलाहकी आमालाई बेस्कनी खैँची ।
अक्दै अकेन जोगी अक्दै अकेन,
दुलाहकी आमालाई सक्दै सकेन ।
( परिशिष्ट, १.१ : ७८)

## ४.३ ऋतुकालीन गीत

कछारक्षेत्रमा प्रचलित र यहाँ सङ्कलित असारेगीत, रोपाइँगीत, दाईंगीत, ऋतुकालीन गीत हुन् । यी गीतहरु सम्बद्ध ऋतुहरुमा हुने ऋतु कर्ममा गाइन्छन् ।

### ४.३.१ असारे गीत

प्रस्तुत गीत ऋतुकालीन गीत हो । यो गीत असारे भाका र लयमा गाइन्छ । दुई पङ्क्ति गुच्छ रहेका तीनवटा गुच्छाहरुमा यो गीत अभिव्यक्त भएको छ । अन्त्यानुप्रासीय शैली रहेको यस गीतलाई प्रत्येक पङ्क्तिका बीचमा दुईपटक विश्राम लिँदै गाइन्छ । गीतको पहिलो गुच्छमा एउटा विवाहित व्यक्तिले आर्थिक अभावको कारण आफ्नै प्राणप्यारी पातली नानीलाई फरिया किन्दा ६ बीस ऋण लागेको कुरा व्यक्त गरेको छ । आफ्ना परिवारको चाहनालाई पूरा गर्नका लागि गरिबी बाधक भएको कुरा गीतको कथ्य बनेको छ । रोपाइँगीतको लयमा रचित यस गीतको दोस्रो गुच्छमा फरिया दिँदा डाहा हुने भएकोले त्यसको सट्टामा रुपियाँ लिन अनुरोध गरिएको छ । तेस्रो गुच्छमा कसारले रसपूर्णताको सङ्केत गरेको छ । पूर्वतर्फको क्षितिजले असार आगमनको पूर्णताको सङ्केत गरेको छ । कसार र असारले अन्त्यानुप्रास मिल्न गएको छ । कामको महत्त्व, छोरीबुहारीको बिलौना, रोपाइँको खुसियाली गीतका कथ्य विषय बनेका छन् । यसको एउटा उदाहरण यसरी दिन सकिन्छ :

असारे मासको दबदबे हिलो छि मलाई घिन लाग्यो
पातली नानीलाई फरिया किन्दा छ बीस ऋण लाग्यो
लामखुट्टे लाग्छन् खोपीमा उपयाँ
फरिया दिँदा डाहानि हुन्छ लाउ कान्छी रुपयाँ

(परिशिष्ट २.१ : ७८ )

### ४.३.२ पातै भरी पालुवा

प्रस्तुत गीत पनि ऋतुकालीन गीत हो । यो पनि असारे लयमा गाइन्छ । यो वाद्यरहित गीत हो । वर्षाऋतुमा वनजङ्गलमा पालुवा पलाएको छ । मान्छेको एकबारको जिन्दगीमा मरी के लानु छ र ? भन्ने प्रसङ्ग गीतमा आएको छ । दुई दुई पङ्क्ति गुच्छ रहेको यस गीतमा चार गुच्छ रहेका छन् । अन्त्यानुप्रासीय शैलीमा रचित यस गीतको प्रत्येक पङ्क्तिको बीच बीचमा दुई पटक विश्राम लिँदै लामो स्वर तान्दै यो गीत गाइन्छ । हातैमा कलम र मसी लिई खरखरी लेख्ने मायालुलाई सम्झँदा धरधरी मन रुने प्रसङ्ग गीतमा आएको छ । तेस्रो गुच्छमा वन र पाखामा सिरसिरे हावा बहँदा सालको पात फर्किएको र मायाको सम्झना मनमा आउँदा बनको न्याउली रोएको सुन्दा झनै मन धर्केको कुरा गीतमा आएको छ ।

प्रस्तुत गीतमा स्थानीय परिवेशको प्रयोग भएको छ । सारङ्घाटको श्रीपञ्चमीको मेलामा उभोखोले ठिटो झरेको र हजारौँलाई भेटे पनि मायालु नै नजरमा परेको प्रसङ्ग गीतमा आएको छ । कछार छेत्रमा प्रचलित असारेगीतको भाकामा रचित यस गीतको छोटो अंश यसप्रकार छ :

हो, राजै हो ..............
पातै झरी पालुवा र लाग्यो पातालको दुनीमा
हो नि हो चरी मारौ सानु मरी के छ लानु
एकै बारको जुनीमा ?
राजै हो हातैमा र लिम्ला कलमै र मसी लेखौंला खर्खरी
सिम्खानी र सिमलाई मालको रानी तिम्लाई
सम्झँदाखेरि रुन्छ मन धरधरी

(परिशिष्ट २.२ : ७९)

### ४.३.३ दाईं गीत

प्रस्तुत गीत ऋतुकालीन गीत हो । यो गीत मङ्सिर महिनामा दाइँ गर्दाका समयमा गाइन्छ । धान काटेर लगाएको कुनिउको धान झाँटेर रास लगाउने गरिन्छ । खलामा बलियो किलो गाडेर त्यसैको वरिपरि पराल छिरलिन्छ जसलाई मियो भनिन्छ । मियो सकभर सालको र पातसहितको फुर्को भएको हुनुपर्दछ । मियोको वरिपरि परालमाथि गोरू घुमाइन्छ । यसै समयमा दयँरेहरु कोही धान झाँट्दै हुन्छन् त कोही मियो वरिपरि पराल छिरल्दै हुन्छन् । गोरू धपाउने काममा खटिएका एकजनाले गोरू धपाउँदै दाइँगीत गाउने गर्दछ । यस गीतमा गोरूले गरेको कामको प्रशंसा गर्दै अन्नको सह ल्याउने मानिएको सिमलचरीको आबह्वान समेत गरिएको छ । यो गीत दाइँ गीतको लयमा छ । काम गर्ने व्यक्ति सबैको प्यारो हुने, घ्यू नै घ्यूको चोइली कामगर्नेले खान पाउने र खान नपाए चिन्ता हुने कुरा गीतमा अभिव्यक्त भएको छ । कछारक्षेत्रमा ऋतुकालीन गीतका रुपमा दाइँगीत प्रचलित छ । अन्तरा र स्थायी दुवै भएको यो गीतमा पनि नाति-माथि, कोइली-चोइली, रास-बास अन्त्यानुप्रासीय शब्दहरुको संयोजनबाट  गीत रोचक र मिठासपूर्ण बनेको छ । यसरी उल्लेख गरिएको दृष्टान्त कछारक्षेत्रमा प्रचलित दाइँगीतको एक अंश :

हो क्क बरदो हो क्क  छ  ।
सेती गाईको बाच्छो बरदो, माली गाईको नाति
हिड्न लागे मेरो भाइ हो दाइँ परालमाथि
हो क्क बरदो हो क्क ह ।
उडिहाल्यो मलेवा त बसिहाल्यो भर्को
धानजति झरी सक्यो पराल रह्यो झर्को ।

(परिशिष्ट, २.३ : ७९)

### ४.४ पर्वगीतको अध्ययन

विभिन्न पर्वको अवसरमा गाइने कछारक्षेत्रमा प्रचलित लोकगीतहरुलाई पर्वगीतअन्तर्गत राखिएको छ । पर्वगीतअन्तर्गत दसैं, तिहार र तीजका अवसरमा गाइने गीतहरु रहेका छन् । दसैंगीतअन्तर्गत रिसराग छैन कसैलाई गीत रहेको छ । तिहारगीतअन्तर्गत भैलो र देउसीगीतहरु पर्दछन् । तीजगीतअन्तर्गत *तीजको बेलामा, बाहिर हेर्दा, कसले भन्छ ? कति गरौँ बयान, टुप्पै बस्यो जुरेली, छोरीलाई पढाउ बाबा*जस्ता गीतहरु छन् ।

### ४.४.१ दसैंगीत

दसैं पर्व आगमनको खुसीमा खुसीको अभिव्यक्तिस्वरुप टीका, जमरा, भेटघाट र रमाइलो मनाउन पाइने कुराको अभिव्यक्ति गीतमा प्रकट गर्ने प्रचलन भेटिन्छ। कछारक्षेत्रमा 'रिसराग छैन कसैलाई' नामक एउटा गीत दसैंका अवसरमा गाउने चलन छ।

#### ४.४.१.१ रिसराग छैन कसैलाई

प्रस्तुत गीत पनि कछारक्षेत्रमा प्रचलित दसैं पर्वमा गाइने गीत हो। यस गीतमा दसैं हिन्दूहरुको महान् चाड जुन वर्ष दिनमा आउने भएकाले सबै मिलीजुली दसैं मनाउनु पर्दछ र आपसमा भएका रिसराग, मनमुटावलाई त्यागेर वर्ष दिनको दसैंलाई मनाउन आह्वान गरिएको छ। दसैं चाडको ऐतिहासिक महत्त्वलाई सत्यको जीतको प्रसङ्ग उल्लेख गर्दै न्यायको र सत्यको जित अवश्यम्भावी छ भन्नु नै गीतको कथ्यविषय रहेको छ। अन्त्यानुप्रास अलङ्कारको संयोजन भएको उक्त गीतमा शान्त रसको प्रयोग भएको छ। गीतको अंश यसप्रकार छ :

आयो दसैं हामी सबैलाई
मिलीजुली मनाऊँ है दसैंलाई
रिस राग छैन कसैलाई
मनाऊँ है दसैंलाई
दैव दशा नलागोस् कसैलाई
आयो दसैं हामी सबैलाई

( परिशिष्ट, ३.१.१ : ८० )

### ४.४.२ तिहारगीत

लक्ष्मीपूजा र भाइटीका पर्वका अवसरमा 'भैलो' र 'देउसी' गाउने प्रचलन कछारक्षेत्रमा पनि छ। गीतको संरचना र प्रस्तुति उस्तै भएपनि कथ्यमा स्थानै पिच्छे भिन्नता पाइन्छ। यहाँ तिहारगीतका रुपमा यस क्षेत्रमा प्रचलित 'भैलो' र 'देउसी' को एक-एकवटा नमुना प्रस्तुत छन्।

#### ४.४.२.१ भैलो

प्रस्तुत गीत कार्त्तिक महिनाको भाइटीकाका अवसरमा गाइने सामूहिक गीत हो । यो गीत सात वा आठ अक्षरमा पूरा हुने चतुष्पदी लय ढाँचामा रचिएको छ । लयको फाँकीको अन्त्यमा थप एउटा घुमाउनी हुन्छ । घुमाउनी चाहिँ बाह्र अक्षरको हुन्छ । पाँच र दश अक्षरमा विश्राम हुन्छ । यो गीत तिहारको औँसीमा लक्ष्मीपूजाको दिनमा महिला तथा पुरूष दुवैको सहभागितामा गाइन्छ । भैलीगीतको अन्तिम पङ्क्तिमा अतिसयोक्ति अलङ्कारको संयोजन भएको छ । यस गीतमा हामी त्यसै आएनौ बली राजाले पठाएका भन्ने भाव व्यक्त भएको छ । हरियो गोबरले लिपेको, घरआँगनको शोभा बढाउँदै रमाइलो गर्न आएको कथा पनि गीतमा छ । छानामाथि घिरौँला, के के दिन्छन् हेरौँला, यो घर हेर्दा कस्तो छ, सुनको दरबारजस्तो छ । घरकी आमै कस्ती छिन्, बलेकी दियोजस्ती छिन् भनी घरवेटी बा-आमालाई फुरुक्क पार्ने भाव गीतमा व्यक्त भएको छ । कछारक्षेत्रमा युवा युवतीले गाउने भैलोगीतको अंश यस्तो छ ।

हे क्क औँसीबार गाई तिहार भैलो
भैलिनी आइन् आँगन, औँसीको दान मागन
यो घरकी आमै कस्ती छिन्,बलेको दियोजस्ती छिन्
हे क्क औँसीबार, गाई तिहार भैलो
यो घर हेर्दा कस्तो छ, दरबार नै होलाजस्तो छ
हे क्क औँसीबार गाई, तिहार भैलो

(परिशिष्ट, ३.२.१ पृ. ८१)

### ४.४.२.२ देउसी गीत

प्रस्तुत गीत तिहारको अवसरमा गाइने सामूहिक गीत हो । दुईदेखि चार शब्द समूहको शब्द संरचनामा यो गीत संरचित छ । प्रस्तुत गीतमा तिहारको अवसरमा दीप प्रज्ज्वलनले गाउँघर झिलिमिली भएको सबैभन्दा ठूलो चाड तिहार हो भन्ने भाव अभिव्यक्त भएको छ । यस गीतमा बली राजाको प्रसङ्गले पौराणिक कथ्य सन्दर्भको सङ्केत गरेको छ । रातो माटो, चिप्लो बाटोजस्ता शब्द प्रयोगले बाटोको कठिनता, पहाडी बाटोको विकटताको सङ्केत गरेको छ । केराको थम्बा, दसैं भाइ जम्माजस्ता शब्दले भातृत्व भाव र एकताको सन्देश दिएको छ । एक घर हैन, दुई घर हैनजस्ता शब्दले सबैकहाँ पुग्नु पर्ने कुरा

व्यक्त भएको छ । घरबेटी लच्छिनकी भएको कुरा जनाएर खुसी पार्ने कुरा गीतमा आएको छ । अन्त्यमा सिदा लिईसकेपछि माटो छुँदा अन्न होस् भन्ने पङ्क्तिमा आशीर्वादात्मक कथ्य र अतिसयोक्ति अलाङ्कारको संयोजन भएको छ । देउसी गीतको एक अंश यस प्रकार रहेको छ :

ए है, भन भन भाइ हो ! देउसुरे
ए है, झिलिमिली झिलिमिली ! देउसुरे
ए है, के को झिलमिली ! देउसुरे
ए है, बत्तीको भिलमिली ! देउसुरे
ए है, वर्ष रै दिनको ! देउसुरे
ए है, चाड नै ठूलो ! देउसुरे
ए है, चाड नै सिहार ! देउसुरे
ए है, मनाउनै पर्ने ! देउसुरे
ए है, जनाउनु पर्ने ! देउसुरे

( परिशिष्ट, ३.२.२:८२ )

### ४.४.३ तीजगीत

तीज हिन्दू नारीहरुको ठूलो रमाइलो सांस्कृतिक पर्व हो । वर्षैपिच्छे खासगरी भाद्र शुकल द्वितीयादेखि पञ्चमीसम्म मनाइने तीजको परम्परा रही आएको छ । तीजका दिन निराहार रही व्रत बस्नका लागि अघिल्लो दिन रातिसम्म दुध, दही, घ्यू, मिठाई, फलफूल जस्ता परिकारहरु खाने गरिन्छ, जसलाई दरखाने भनिन्छ । दर खाने र खुवाउने चलन नेपाली समाजमा निकै रमाइलो रुपमा चलि आएको छ । विभिन्न विधि विधानका साथ तीजको व्रत पूरा गरी पञ्चमीका दिन सप्तर्षिको पूजा गरिन्छ । यस अवसरमा गाइने गीतलाई तीजेगीत भनिन्छ । यस्ता गीतहरुमा नारीहरुका पीडा,दुःख वेदना अभिव्यक्त भएका हुन्छन् ।

#### ४.४.३.१ तीजको बेलामा

तीज हिन्दू नारीहरुको ठूलो सांस्कृतिक पर्व हो । कछारक्षेत्रका महिलाहरु पनि धेरैजसो हिन्दू धर्मावलम्बी भएकाले तीज पर्व धुमधामसँग मनाउँदै तीजगीत गाउँछन् । दुई-

दुई पङ्क्तिका आठ गुच्छ रहेको गीत बीच-बीचमा दुई तीन पटक विश्राम लिँदै गाइन्छ । सरल, सहज भाषाको प्रस्तुति रहेको यो गीतको प्रत्येक पङ्क्ति आनुप्रासिकतामा टुङ्गिएको छ । यसमा सबै दाजुभाइ आफ्ना चेली लिन आएका तर आफ्नो माइत मुग्लान पारी भएकाले लिन नआएको, माइती सम्झेर सधैँ रूने गरेको कुराको अभिव्यक्ति छ । तीजजस्तो रमाइलो बेलामा पनि आँशुका धारा बगाउँदै मेलापात जानु परेको र मुग्लान अर्थात् टाढा माइती भएकाले लिन आउन गाह्रो भएको र आफू पनि एक्लै जान नसक्ने पीडा अभिव्यक्त भएको

छ । ठूला बाबाका सातै दिदी बहिनीहरुलाई नजिकै दिइएको तर आफूलाई भने सात डाँडा पारी दिइएको दुःखको गुनासो र पीडानुभूति गीतमा व्यक्त भएको छ । कछारक्षेत्रका महिलाहरुको पीडाजनित स्वर अभिव्यक्त भएको प्रस्तुत गीतमा अन्त्यानुप्रास अलङ्कारको राम्रो संयोजन भएको छ । छोरीलाई हेला गरी सात डाँडा कटाएको र तीजजस्तो रमाइलो बेलामा माइती जान कठिन भएको कुरा माइतीदेखि धेरै टाढा विवाह गरी पठाउन नहुने कुरा सन्देशका रुपमा प्रकट भएको छ । दृष्टान्तका लागि एक अंश यसरी उद्धृत गरिएको छ ।

तीजको बेलामा सबै जान्छन् माइत,
आफ्नो माइती मुग्लान पारी छैन साइत ।
यो रमाइलो बेलामा जानुपर्‍यो मेलामा,
म छोरीको आँशु खस्यो दैला ठेलामा ।

( परिशिष्ट, ३.३.१ : ८३ )

### ४.४.३.२ बाहिर हेर्दा

प्रस्तुत गीत तीज पर्वका अवसरमा गाइने गीत हो । यसमा एउटी चेलीको बिरह वेदना व्यक्त भएको छ । बाहिर हेर्दा टिनको छाना देखेर हुने खाने घर रहेछ भनी छोरीलाई बिहे गरी दिए तर घरमा जाँदा खानेकुरा केही नभएर खोले खानु परेको छोरीको कथा-व्यथा व्यक्त भएको छ । श्रीमान् पनि नपढेको हुनाले भैंसी हेरूवा भएको, बुद्धिसुद्धि केही नभएको छ । आफू पनि अशिक्षित हुनाको कारण आफ्नो समेत आँसी नाम्लो, कोदालो साथी भएको कुरा गीतमा व्यक्त भएको छ । बिहान उठ्नेबित्तिकै मेलापात जानु पर्ने, तर खाने कुरा केही

नभएर अमिलाको चानासित भात खानु पर्ने बाध्यताले गरिबीको चित्रण गरेको छ । यसरी प्रस्तुत गीतमा छोरीलाई दिँदा धनी घर हेरेर नभई पढेलेखेको योग्य वर खोजी दिनु पर्दछ भन्ने सन्देश व्यक्त भएको छ । दृष्टान्तका लागि एक  यसप्रकार उद्धृत गरिएको छ :

बाहिर हेर्दा हजुरको टिनको छाना झलल,
भित्र बसे खानु छ खोले सलल ।
यो घरको सम्पत्ति नखाइ नलाई सकियो,
बाटुलपाते लहराले कम्मर कसियो ।

(परिशिष्ट ,३.३.२ : ८४ )

### ४.४.३.३ कसले भन्छ ?

प्रस्तुत गीत पनि तीज पर्वका अवसरमा गाइने गीत हो । यो गीत दुई/दुई पङ्क्तिका पाँचवटा गुच्छमा संरचित छ । छोरा र छोरीमा गरिने भेदभावलाई यहाँका चेलीहरुले आफ्ना गीतका माध्यमबाट अभिव्यक्त गरेका छन् । प्रस्तुत गीतमा विद्रोहको स्वर अभिव्यक्त भएको छ । गीतले सञ्चेतना जगाएको छ । छोरासरह छोरीले पनि समाजमा केही योगदान दिन सक्छन्, छोरीलाई अपमान गर्ने, पक्षपात गर्ने पुरानो जमना गइसकेको, अब नयाँ युग आएको कुरा गीतमा प्रकट भएको छ । गीतको अन्त्यमा अनुप्रास अलङ्कारको संयोजन भएको छ । उदाहरणका लागि गीतको एक अंश यसप्रकार उद्धृत गरिएको छ ।

कसले भन्छ छोरासरह हुन्न छोरी भनेर,
त्यस्तासित आऊ गरौँ कुरा डटेर ।
पुरानो जमाना गइसक्यो अब त,
भेदभाव छैन एउटै रगत ।

( परिशिष्ट,३.३.३ : ८४ )

### ४.४.३.४ कति गरौँ बयान

प्रस्तुत गीत पनि तीज पर्वको अवसरमा गाइने पर्वगीत हो । दुई-दुई पङ्क्तिका तीन गुच्छ रहेको त्यस गीतमा कछारक्षेत्रमा प्रचलित दाइजो प्रथाप्रति असन्तुष्टि प्रकट भएको छ । एक्काइसौं शताब्दीमा पनि दाइजो प्रचलनमा सुधार नआएकोले यो प्रचलनलाई जरैदेखि

निर्मूल पार्न सबै एकजुट भई लाग्नु पर्ने सन्देश गीतमा व्यक्त भएको छ । दृष्टान्तको लागि एक अंश यस प्रकार उद्धृत गरिएको छ :

कति गरौँ बयान गरीसाध्य भएन
समाजबाट दाइजो प्रथा अझै गएन
सबै मिली तोड्नु पर्छ प्रचलन यो दाइजोको
एक्काइसौँ शताब्दिको युग आइसक्यो ।

(परिशिष्ट, ३.३.४ : ८४ )

### ४.४.३.५ टुप्पै बस्यो जुरेली

प्रस्तुत गीत पनि तीज पर्वका अवसरमा गाइने गीत हो । कछारक्षेत्रमा पुराना तीजेगीत पनि प्रचलनमा छन् । यस गीतमा बरिलै शब्द दोहोरिएको छ । चिलाउनेको हाँगाका टुप्पामा जुरेली बसेको, त्यही जुरेलीलाई मार्नका लागि भाउजूसँग गुलेली मागिएको छ । उक्त गुलेली दाजुले लगेको हुनाले अहिले त्यो नभएको कुराले दिन नसक्ने भएको छ ।

प्रस्तुत गीतमा "ल व्यञ्जन"को आवृत्तिले श्रुतिमधुरता ल्याएको छ । तुकान्तमा रहेको स्वर संयोजन प्रक्रियाले पनि मधुरता ल्याएको छ । माथिका प्रत्येक पङ्क्तिमा 'एली' रहेको

छ । व्यञ्जनको समानता, हाँगै बिगा, टुप्पै र बरिलैमा रहेको 'ऐ'को पुनरावृत्ति र अन्त्यमा देखिने ऐ/ए को प्रयोगमा समानता छ । प्रस्तुत गीतमा अन्त्यानुप्रास मिलेको छ । प्रस्तुत गीतको एक अंश यसप्रकार उद्धृत गरिएको छ

चिलाउनेको हाँगा र बिगा
टुप्पै बस्यो जुरेली
टुप्पै बस्यो जुरेली  नि बरिलै
तै जुरेलीलाई मारन पऱ्यो
लेउन भाउजू गुलेली नि बरिलै
लेउन भाउजू गुलेली  ।

( परिशिष्ट, ३.३.५ : ८५)

### ४.४.३.६ छोरीलाई पढाऊ बाबा

प्रस्तुत गीत पनि तीजे लयमा संरचित गीत हो । दुई/दुई पङ्क्तिको गुच्छ भएको यस गीतमा छेरीलाई शिक्षा दिनु पर्दछ भन्ने सन्देश व्यक्त गरिएको छ । अहिलेको जमानामा अशिक्षित जीवन बिताउनु भनेको साह्रै निरर्थक हुनु हो । यस्तो जीवनको कुनै पनि काम छैन । बाबु-आमाको पुरानै सोचाइका कारण छोरालाई स्कुल पठाउने तर छोरीलाई भने घाँस दाउरामा नै सीमित गराउने भन्दै आफ्नै भाग्य अभागी रहेको भन्ने भाव प्रस्तुत गीतमा अभिव्यक्त छ । गीतको एक अंश यसप्रकार उद्धृत गरिएको छ :

स्कुल पढ्ने छोरीको शिरमा रातो रिबन,
नपढ्ने छोरीको बिग्र्यो  जीवन ।
कस्तो रैछ छोरीको अभागी करिमा,
बित्ने भयो जिन्दगी घाँस र दाउरामा ।

(परिशिष्ट, ३.३.६ : ८५)

## ४.५ सदाकालिक गीत

गीत गाउने चाहना भएपछि लोकको गलाबाट जतिबेला पनि स्वतः प्रस्फुटित हुने गीतहरु सदाकालिक गीतहरुअन्तर्गत पर्दछन् । सदाकालिक गीतलाई गाउन कुनै विशेष अवसर नचाहिने, जुनसुकै बेला गाइने हुँदा तिनलाई सामान्य गीत पनि भनिन्छ । सामान्य गीतको अर्थ सामान्य वा मामुली गीत नभई जहाँ जतिखेर पनि प्रस्तुत गर्न सकिने गीत हो । यसअन्तर्गत तनहुँको कछारक्षेत्रमा गाइने झ्याउरे, रोइला, सालैजो, चुड्का, नारी वेदनाका गीत, श्लोक, भजन र बालगीत पर्दछन् ।

### ४.५.१ झ्याउरे

#### ४.५.१.१ तिमी मेरो म तिम्रो हुने दिन

यो गीत झ्याउरे लयमा संरचित सदाकालिक गीत हो । यो दुई पङ्क्ति भएको चार गुच्छ समूहमा संरचित छ । यसलाई द्रुत लयमा गाइन्छ । कछारक्षेत्रमा यो गीत प्रचलित छ । प्रस्तुत गीत केटा र केटी बीच दोहोरी संवादका रुपमा गाइन्छ । यस गीतमा प्रेमीप्रेमिका एक अर्काको हुने दिन, चन्द्रमालाई छुने अर्थात् लक्ष्य पूरा हुने दिन कहिले आउँछ भनी केटाको कथन आएको छ भने त्यसको प्रत्युत्तरमा यौवनलाई सम्हाली बसेमा अवश्य पनि एक दिन मनको चाह पूरा हुने केटीको प्रतिकथन आएको छ । त्यसै गरी लेकमा गुँरास र बेसीँमा टुनी भन्नेजस्ता प्रसङ्लाई जोडेर मायासँग भेट हुने दिन कहिले आउँछ भन्ने भाव केटाद्वारा व्यक्त भएको छ र सोह्र वर्षे बैंसको बेलामा पनि मनमा घाम लाग्न नसकेको,

मनको इच्छा पूरा हुन नसकेको भाव गीतमा व्यक्त भएको छ । यसरी आफ्ना मनका बह, माया, प्रेमका कथा, भावनाहरुलाई साटासाट गर्ने माध्यम लोकगीत भएकाले कछारक्षेत्रमा यस्ता गीतको प्रचलन ज्यादै छ । केटा र केटीले संवादात्मक रुपमा गाएको गीतको नमुना यस प्रकार रहेको छ :

केटाः तिमी मेरो म तिम्रो हुने दिन,
आउँछ कैले चन्द्रमा छुने दिन ।[२]

केटीः बैंस जोबान सम्हाली बसे,
मनको चाह पुग्ने छ अबस्से ।
तिमी मेरो ....................

केटाः लेकमा गुरास बेसीँमा टुनी,
कैले होला मायासँग भेट हुनी ।

केटीः बैंस लाग्यो जिन्दगी रूझाउन,
मनमा घाम सकेन उदाउन ।

( परिशिष्ट, ३.४.१. पृ. ८६)

## ४.५.१.२ रोदीखालमा बसेर

प्रस्तुत गीत रोदीभाकामा संरचित छ । केटा र केटीको दोहोरो संवादात्मक अभिव्यक्ति छ । स्थायी दुई/दुई पङ्क्ति र अन्तराको चार पङ्क्ति ढाँचामा गीत अगाडि बढ्दछ । रोदी खालमा बसेर माया लाउनलाई केटाले आग्रह गर्दै फूलजस्तो जवानी चढेको हुनाले रोदी खालमा बसेर रोदीमा रम्दै चोखो माया गाँस्ने केटाको कथन छ । त्यसको प्रतिकथनका रुपमा स्थानीय परिवेशलाई झल्काउँदै बैदी लेकको चिसो हावा खाँदै माया लाउन बेसीँ झरेको कुरा केटी पक्षबाट आएको छ । रोदी खालमा बसेर सबैलाई साक्षी राखेर माया लाउने कथ्य विषय गीतमा प्रस्तुत भएको छ । शृङ्गार रसप्रधान यो गीतमा उपमा अलङ्कारको संयोजन भएको छ । गीतमा प्रयुक्त नानी-जवानी, झरेको-परेकोजस्ता अन्त्यानुप्रासीय शैलीले गीतलाई अझ बढी रोचक र मोहक बनाएको छ । केटा र केटीले गाउने गीतको स्थायीलाई उदाहरणका रुपमा उद्धृत गरिएको छ :

केटाः रोदीखालमा बसेर माया लाउँ नानी,

आएछ तिम्रो फूलको जवानी ।

केटी: बैदीलेकको चिसो हावा सिमसिम पानी परेको,

माया लाउन बेसीँ भरेको ।

(परिशिष्ट, ३.४.२.१ : ८६)

### ४.५.१.३ लर्के जवानी

प्रस्तुत गीत पनि रोदी भाकामा संरचित छ । मादलको घिनघिनताङसँगै यो गीत अघि

बढ्दछ । यो गीत केटा र केटीको दोहोरो संवादयुक्त कथन ढाँचामा रहेको छ । केटा र केटी दुवैले गाउने यस गीतमा स्थायीका दुई पङ्क्ति र अन्तराका चार पङ्क्ति गुच्छ रहेका छन् । स्थायीका दुई पङ्क्ति गाइसकेपछि सै सै-सै सै भनी लामो लेग्रो स्वर तानेर अन्तराका पङ्क्तिहरु गाउने गरिन्छ । प्रस्तुत गीतमा स्थानीय परिवेशको चित्रण भएको छ । तनहुँ जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने सारङ्घाट स्थान नामका रुपमा आएको छ । प्राकृतिक दृष्टिले साह्रै सुन्दर छ । गीतमा व्यक्त भएको सरल भाषा र अन्त्यानुप्रासीय शैलीले गीतलाई अझ प्रभावकारी र रोचक बनाएको छ । यस गीतको स्थायी र अन्तराको एक अंश यहाँ यसरी प्रस्तुत गरिएको छ :

केटा- तनहुँ जिल्ला साह्रै राम्रो गाउँ हाम्रो सारङ्घाट,

लाइदेउ सानु के छ मनको आँट ।

सै सै-सै सै ।

केटी- यो राम्रो जुनी हाँस्दै नाच्दै ढल्की जाने थाहै नहुनी,

के सोध्छौ दाजु जाला खेर यति राम्रो लर्के जवानी ।

सै सै-सै सै ।

(परिशिष्ट, ३.४.२.२ : ८६)

### ४.५.१.४ कता भरेको

प्रस्तुत गीत पनि रोदी भाकामा संरचित छ । मादलका तालमा यस गीतलाई गाउने चलन छ । नृत्यरहित गीत भए पनि परिस्थितिअनुसार नृत्य आयोजना गर्न सकिन्छ । मनोरञ्जनात्मक गीत भएकाले गायक र श्रोता दुवैलाई मन्त्रमुग्ध पार्ने शक्ति यसमा हुन्छ । हा-हा बाट सुरु भएको यस गीतमा तीन-तीन स्थायी पङ्क्ति र छ पङ्क्तिको गुच्छ रहेको छ । एक पङ्क्तिमा बीच भागमा एक विश्राम रहेको छ । शृङ्गार रसको संयोजन भएको यस गीतमा जिउडाल अतिराम्रो परेकी र हिस्सी अनुहार परेकी प्रेमिकालाई गीत गाउँदै कता

झरेको भनी प्रश्नात्मक कथन व्यक्त हुनुका साथै चौंरी गाईको घ्यू खाएर स्याउझैं रातो गाला भएकी प्रेयसीलाई देख्दा मन नै लोभिएको कथन आएको छ । परम सुन्दरीलाई देख्दा मन लोभिएको कथ्य गीतमा प्रकट भएको छ । परेको-झरेको, घिवैले-जिवैलेजस्ता अन्त्यानुप्रासीय शैलीले गीतलाई अझ बढी रोचक र मनमोहक बनाएको छ । प्रस्तुत गीतको सानो अंश यस प्रकार रहेको छ :

हा-हा गीत गाउँदै कता झरेको,
जीउडाल कति राम्रो मुख हिस्सी परेको,
गीत गाउँदै कता झरेको ।

हा-हा, हा-हा,
स्याउ झैं रातो गाला भैछ,
चौंरी गाईको घिवैले ,
मन लोभ्यायो तिम्रो जिवैले ।
(परिशिष्ट, ३.४.२.३ :८६)

## ४.५.२ रोइला

तनहुँ जिल्लाको कछारक्षेत्रमा प्रचलित लोकगीतहरुमध्ये रोइला गीत सदाकालिक गीत हो । विशेषगरी यो गीत युवायुवती बीच दोहोरी रुपमा र केटो वा केटी मात्रै एकल रुपमा गाउन पनि सकिन्छ । कछारक्षेत्रमा प्रचलित रोइला गीतका नमुनाहरुलाई विभिन्न उपशीर्षकहरुमा विभाजन गरी अध्ययन गरिएको छ ।

### ४.५.२.१ माया तिमीलाई भन्दा

तनहुँ जिल्लाको दक्षिणी भेग कछारक्षेत्रमा प्रचलित सदाकालिक लोकगीतहरुमा रोइला वाद्य नृत्य समूहको गीत हो । यसलाई केटा र केटीबीच दोहोरीका रुपमा र केटा वा केटीले मात्रै एकल रुपमा पनि गाइन्छ । प्रस्तुत रोइला वाद्यसङ्गीतका आधारमा सङ्गेय/वाद्य गीत हो भने अन्त्यप्रभावका आधारमा सुखान्त गीत हो । रसभावका आधारमा शृङ्गार रसप्रधान गीत हो । यस गीतमा केटा र केटीबीच मायाप्रीतिका भावनाहरु प्रकट भएका

छन् । मायालुको संझनाले गर्दा ज्यान सुकेर लौरीझैं भएको र घुम्दै मौरीझैं हिँडेको कथन केटाबाट आएपछि त्यसको प्रतिकथनमा केटाको अभावमा गलबन्दीमा झुन्डिएर संसारलाई

त्याग्ने चेतावनीसमेत दिइएको छ । केटा र केटीबीच मिलन नहुँदा मायाको पिरले चाँडै मर्ने र मरेपछि पनि उसकै नाम जप्ने कथन प्रस्तुत गीतमा व्यक्त भएको छ । केटीबाट बरू सिस्नु खोले खाएर भए पनि आफ्नै गाउँठाउँमा सँगै बसौं, दुःख गरी सँगै जिऔं भन्ने अभिव्यक्ति प्रकट भएको छ । गीतमा स्वभावोक्ति अलङ्कारको सुन्दर प्रयोग भएको छ र शृङ्गार रसको संयोजन छ । प्रस्तुत गीतको एक अंश यसप्रकार उद्धृत गरिएको छ ।

केटाः माया तिम्लाई भन्दा ज्यान सुकेर लौरी झैँ
घुम्दै हिंड्छु मौरी झैँ[२]

केटीः तिम्रै गलबन्दीमा झुन्डिएर मरौँला
संसार सबै छोडौला[२]

केटाः तिम्रै पिरले गर्दा झन चाँडै नै मर्ने छु
तिम्रै नाम जप्ने छु [२]

केटीः सिस्नो खोले खाउँला गाउँ बेसीँमा झरौला
सँगै बसी हाँसौला[२]

( परिशिष्ट, ३.४.३.१:८७)

### ४.५.२.२ तालपानीको छेउ

प्रस्तुत गीत सदाकालिक गीत हो । चार पङ्क्तिको गुच्छ समूहमा रहेको यस गीतलाई पहिलो पङ्क्तिको बीचमा विश्राम लिँदै गाइन्छ । केटा र केटीको दोहोरो संवादको रुपमा रहेको यस गीतमा एउटै पङ्क्तिमा अनुप्रासिकताले गर्दा गीतमा मिठासपन आएको छ । यो दिल भित्र त्यो दिलले छोइदिएर मीठो मात्र बोलिदिलए हुन्थ्यो नि भन्ने केटाको कथनको प्रतिकथनमा केटीले यो दिलभित्र बस्ने योग्य माया कहीं कतै नभेटिएकोले उसको मनको तिर्सना नमेटिएको कथ्य व्यक्त भएको छ । यसरी शृङ्गार रसमा संयोजित तालपानीको छेउ भाकाको सदाकालिक गीतको पूर्ण अंश यसप्रकार उद्धृत गरिएको छ :

केटाः त्यो दिललाई यो दिलले छुन्थ्यो नि,
मीठो मात्र बोल्दिए हुन्थ्यो नि,
तालपानीको छेउ
छेउ छेउमा बसेर माया लाउन देऊ ।

केटीः कहिले पनि तिर्सना मेटेन
यो दिल भित्र बस्ने कोइ भेटेन,

तालपानीको छेउ,

छेउ छेउमा बसेर माया लाउन देऊ ।

(परिशिष्ट ३.४.४ : ८७ )

### ४.५.२.३ हो, रसै पियारी

प्रस्तुत गीत पनि तनहुँ जिल्लाको दक्षिणी भेग कछारक्षेत्रमा पाइने प्रचलित सदाकालिक गीत हो । तीनपङ्क्ति गुच्छमा रहेको प्रस्तुत गीत सामूहिक गीत हो । सहभागिताका आधारमा यो गीत स्त्रीपुरूषगायन गीत हो । यो गीत गाउँदा मादल, खैँजरी, मुजुरा आवश्यक पर्ने हुनाले यसलाई वाद्यगीतको रुपमा राखिएको छ । एउटी युवतीको प्रेमसम्बन्धी गुनासो नै यस गीतको कथ्य रहेको छ । युवतीले कि मलाई साथै लैजाऊ, कि मलाई सलाईं कोरेर जलाइदेऊ भन्ने गुनासो आफ्ना प्रेमीसमक्ष प्रकट गरेकी छे । युवतीको उडेको मनलाई सम्हालिदिने योग्य व्यक्ति जगत्मा नभेटिएको, दाइ इन्डियाको लाउरे भाइ बसको ड्राइभर भएको  बिरानो देशमा एक्लै ऊ मरेर गएमा कठैबरा भन्ने संसारमा कोही नभएको कथ्य प्रस्तत गीतमा अभिव्यक्त भएको छ । मैलो सारी साबुनले धोएर सुकिलो भएको, पीर परेर रूँदै गर्दा सुकेको डाँडो पनि आँशुले भिजेर रसिलो भएको कुरा युवतीले प्रकट गरेकी छ । यसरी यस गीतमा शृङ्गार र करुण रसको सुन्दर संयोजन भेटिन्छ । सुकेको डाँडो रसिलो भयो मै बसि रोएर भन्ने कुराले विरोधाभास अलङ्कारको संयोजन भएको छ  प्रस्तुत गीतको सानो अंश तल प्रस्तुत गरिएको छ ।

हो रसै पियारी ऐरेलु खाइछु र,

हातै र तीतो मुखै र तीतो,

हो रसै पियारी ऐरेलु खाइछु र ।

रसको माया विरसै भयो हो रसै पियारी म दुःखी आइछु र ।

( परिशिष्ट, ३.४.५ : ८८ )

### ४.५.२.४ हो राजै पियारी

प्रस्तुत गीत पनि सदाकालिक गीत हो । चार पङ्क्ति गुच्छमा रचित यस गीतमा हा क्क बाट गीत आरम्भ हुन्छ । पहिलो पङ्क्तिको अन्त्यमा विश्राम हुन्छ । अन्त्यमा लामो लेग्रो तानी गीत अलापिन्छ । प्रस्तुत गीतको दोस्रो र चौथो पङ्क्तिका अन्त्यमा बोलिन्थ्यो-खोलिन्थ्यो शब्दमा आनुप्रासिकता छ । प्रस्तुत गीत सहभागिताका आधारमा स्त्रीपुरूष गायन

गीतअन्तर्गत पर्ने वाद्य गीत हो । बिहानीपख घाँस दाउरामा जानु पर्ने ग्रामीण परिवेश, ढिकी-जाँतो, मेला- पात, अर्म-पर्म, वन-पाखा, जात्रा-उत्सव आदिमा कछारक्षेत्रमा कछारबासीहरुले यस भाकामा आफ्ना मनका बहहरु छताछुल्ल पार्दछन् । बिहानीपख घाँस दाउरा काट्न जाँदा गरेका हाँसो-ठट्टा, सँगसँगै हिंडेको क्षणको सम्झना गर्दै यी कथन व्यक्त भएका छन् । गाउँबेसीँ मेलैमा सँगै हिंडेका काम गरेको अविस्मरणीय क्षणको सम्झना गर्दै यो दिलभित्र आई मीठो माया लाउन आवह्वान गरिएको छ । साउनको महिनामा कोदो रोप्न जाँदा दुधे मकै खाँदाको क्षणको सम्झना गीतमा कथ्य विषयको रुपमा प्रस्तुत भएको छ । गीतको सानो अंश यसप्रकार उद्धृत गरिएको छ :

हा क्क बिहानीपख घाँस-दाउरामा जाँदा [२]
हो राजै पियारी हाँसिन्थ्यो बोलिन्थ्यो
हामी एक्लै पर्दा हाँसो ठट्टा गर्दा
हो राजै पियारी मनको बात खोलिन्थ्यो [२]

(परिशिष्ट, ३.४.: ८९)

### ४.५.३ सालैजो

तनहुँको दक्षिणी भेग कछारक्षेत्रमा प्रचलित लोकगीतहरुमा सालैजोका भाकाका गीतहरु पनि प्रचलित छन् । सालैजोका भाकाका गीतहरु आख्यान तत्त्वका दृष्टिले आख्यानमुक्त, प्रस्तुतिका दृष्टिले सामूहिक गीतका रुपमा आएका छन् । ती गीतहरुलाई यहाँ विभिन्न उपशीर्षकमा उल्लेख गरिएको छ ।

#### ४.५.३.१ उकालीमा

प्रस्तुत गीत सदाकालिक गीत हो । यसलाई सालैजोको भाकामा गाइन्छ । मेला-पात, अर्मपर्म, बन-पाखा, घाँस-दाउरा, जात्रा-उत्सव आदिमा कछारबासीहरुले यो भाकामा आफ्ना मनका बहहरु पोख्छन् । प्रस्तुत गीत केटा र केटीको दोहोरो संवादमा रहेको छ । ऐरेलु खाँदा हात र मुख तीतो भएको, म दु:खी आउँदा रसैको माया झनै बिरसै भयो भन्ने गुनासो केटाले गर्दा केटीले प्रतिकथनमा उकालो चढ्दा, लेक डाँडा चढ्दा, चिसो हावा खाई मीठा-मीठा गीत गाउँदै हाँसीमा हाँसी गफ गरिएको सम्झना भएको कुरा व्यक्त गर्दछे ।

प्रस्तुत गीतमा केटा र केटी दुवैको बिहे नभएको, दुवै उमेर पुगेको अब बिहे गरी नयाँ ( दाम्पत्य) जीवन बिताउने कथ्य व्यक्त भएको छ । पङ्क्तिको अन्त्यमा आएका चढिन्थ्यो-गरिन्थ्यो, साटुँ है-काटुँ हैजस्ता अन्त्यानुप्रासिकताले गीतलाई अझ रोचक बनाएको छ । गीत संक्षिप्त भएकाले गीतको पूर्ण अंश यहाँ प्रस्तुत गरिएको छ :

केटाः उकालीमा जानु चिसो हावा खानु लेक डाँडा चढिन्थ्यो,
चौतारीमा बसी हामी दुइटा हाँसीमा र हाँसी मीठो गफ गरिन्थ्यो,
सालैजो मीठो गफ गरिन्थ्यो ।
केटीः तिम्रो पनि उमेर पुग्यो मेरो पनि पुग्यो अब जोवन साटुँ है,
न त तिम्रो बिहे भयो न त मेरो बिहे क्यारी दिन काटुँ है,
सालैजो क्यारी दिन काटुँ है ।

( परिशिष्ट, ३.४.७.१ :८९)

### ४.५.४ चुड्का

प्रस्तुत गीत पनि सदाकालिक बाह्रमासे गीत हो । यो गीत छोटो छरितो खालको छ । चुड्का गीत पहाड-पर्वत, लेक-बेसीँ, आँठ-काँठ जताततै गाइन्छ । यसलाई तनहुँ जिल्लाको दक्षिणी भेग कछारक्षेत्रको सबैभन्दा लोकप्रिय गीत मानिन्छ । विशेष गरी चण्डीपूर्णिमाका दिनबाट गाउने भए पनि श्रीपञ्चमीदेखि साउने सङ्क्रान्तिसम्म चुड्का गाइन्छ । यो समूह वाद्य नृत्य गीत हो । यसको लयमा विविधता छ । यस क्षेत्रमा प्रचलित गीतहरु यहाँ दिइएका छन् ।

#### ४.५.४.१ बत्तीसै दन्त

प्रस्तुत गीत चुड्का लयको गीत हो । केटा र केटीको दोहोरो संवादात्मक अभिव्यक्ति यस गीतमा रहेको छ । तीन पङ्क्तिको एक गुच्छ रहेको यस गीतमा पहिलो पङ्क्तिको सुरूमै छोटो विश्राम र बीच-बीचमा पनि विश्राम हुँदै गीत अघि बढ्दछ । एउटै पङ्क्तिमा पाइने अनुप्रासिकताले गीतलाई मिठासपूर्ण बनाएको छ । गीतमा जुन वस्तु धेरै मन परेको हुन्छ त्यो दुर्लभ हुन्छ, पाउन गाह्रो हुन्छ भन्ने कथ्य रहेको छ । माया प्रीतिका जोडी भेट हुँदाको दिन राजा दिनको रुपमा चित्रण भएको छ । प्रतिकथनका रुपमा केटाले उसकी प्रेमिकालाई यतिका दिन कहाँ हरायौ भन्ने भावका शब्दहरु प्रकट गर्दै आफ्नी प्रेयसीलाई नपाउँदा परानले भेटिन्जेल खोजेको कथ्य प्रकट गरेको छ । केटीको प्रतिकथनमा

ढुङ्गाभन्दा मायाको मन साह्रो भएको भन्ने कथनमा उपमा अलङ्कारको संयोजन भएको छ । यस गीतको एक अंश यसप्रकार छ :

केटाः  बत्तीसै दन्त बोलाउँ बोलाउँ भइरन्छ यो मन त
मन परेको फूल खसेको
तिम्लाई मैले नपाउनु रैछ र यति धेरै माया बसेको [२]

केटीः  तिम्रो हाम्रो भेटभाको आजै हो
भेट हुने दिन पनि राजै हो
मन परेको फूल खसेको
तिम्लाई मैले नपाउनु रैछ र यति धेरै माया बसेको [२]

(परिशिष्ट, ३.४.८.१ : ९०)

### ४.५.४.२ सम्झनाको फूलबारीमा

प्रस्तुत गीत चुड्का लयमा संरचित छ । मादलको चड्कन र खैंजडीको झड्कनसँगै गाइने यी गीतमा दोहोरो संवादात्मक अभिव्यक्ति छ । सम्झनारुपी फूलबारीमा फूलेको फूल देख्दा सबैको मन त्यही फूलतिर भुलेको कथ्य विषय छ । केटीको प्रतिकथनमा काखमा बसी माया लाउन  दरो आत्मविश्वास र अठोट चाहिन्छ भन्ने कथ्य भावप्रकट भएको छ । गीतको पङ्क्तिको अन्त्यमा आएको खुल्या-भुल्या, हासन-कसनजस्ता अन्त्यानुप्रासीय शैलीले गीतलाई अझ रोचक र मोहक बनाएको छ । केटा र केटीले गाउने गीतको स्थायी एक अंश उदाहरणका लागि यसरी उद्धृत गरिएको :

केटा :  सम्झनाको फूलबारीमा एउटा फूल फूल्या छ,
त्यही फूलदेखि यो मन भुल्या छ ।

केटीः  आउ काखमा बसन मुसुक्कै हाँसन,
मीठो माया लाउन कसन[२] ।

केटाः  मिरमिरे साँझमा तिम्रो याद आउँछ,
त्यही यादले मलाई सताउँछ ।

(परिशिष्ट, ३.४.८.२ : ९०)

### ४.५.५ घँसिया गीत

तनहुँ जिल्लाको दक्षिणी भेग कछारक्षेत्रमा प्रचलित लोकगीतहरुमध्ये घँसिया पनि एक प्रचलित गीत हो । यस गीतमा विशेष गरी वनजङ्गल जाने, घाँसदाउरा काट्ने क्रममा महिलाहरुले आफूभित्र रहेका पीडा, व्यथा तथा मनभित्रका कुण्ठाहरुलाई व्यक्त गर्ने क्रममा गाइने गरेको पाइन्छ ।

### ४.५.५.१ दाउरा र घाँसमा

प्रस्तुत गीत तनहुँको कछारक्षेत्रमा प्रचलित गीत हो । दुई पङ्क्तिको गुच्छ भएको यस गीतमा छोरीहरुका मनको व्यथा प्रकट भएको छ । हाम्रो समाजमा छोरा र छोरीमा भेदभाव गर्ने प्रचलन अझै हटेको छैन । छोरासरह छोरीलाई पढ्ने लेख्ने अवसर दिनु पर्ने, छोरी पनि छोरासरह हरेक काममा सक्षम हुने छन् । उनीहरुलाई अवसरको कमी छ । यदि अवसर पाएमा छोरीहरु पनि भृकुटी, सीता र पासाङ बन्न सक्छन् भन्ने कथ्य प्रस्तुत गीतमा अभिव्यक्त भएको छ । चार दाजुभाइलाई स्कुल पढाउने तर एउटी छोरीलाई शिक्षादीक्षाबाट बञ्चित गरी सानैमा विवाह गरी डाँडा कटाउने समाजको यथार्थ गीतमा अभिव्यक्त भएको छ । करूणरसप्रधान यस गीतमा अन्त्यानुप्रास मिलेको छ । प्रस्तुत गीतको एक अंश यसप्रकार  रहेको छ :

दाउरा र घाँसमा अल्झेको छोरीको जोवन,
आँशुको धाराले भिजे हो सुखी छ नभन ।
चार दाजुभाइलाई बुबाले स्कुल पढाउने,
म एउटी छोरीलाई बाबाले डाँडा कटाउने ।

( परिशिष्ट, ३.६.१ : ९१)

## ४.५. ६ नारी वेदनाका गीत

तनहुँको दक्षिण क्षेत्र कछारमा प्रचलित लोकगीतहरुमा नारी वेदनामा आधारित लोकगीतहरु पनि छन् । यी गीतहरुमा नारीको मनका कुण्ठा र वेदना प्रकट भएका छन् ।

### ४.५.६.१ जुन दिन बुबा हो

प्रस्तुत गीत छवटा पङ्क्तिगुच्छमा संरचित छ । यस गीतमा नारीको मनको कुण्ठा र वेदना प्रकट भएको छ । एउटी महिलाको करूण व्यथा-कथा अभिव्यक्त भएको छ । एउटी नारी जसका आमाबुबा छैनन्, घरबाट पाउनु पर्ने माया-ममता पाउन सकेकी छैन ।

श्रीमान्‌बाट पनि अपहेलित छ । उसका दाजुभाइ पनि छैनन् । धेरै दिदी बहिनीहरु छन् । यो अवस्था पूर्व जुनीबाट हारेर आएको हो भन्दै दुःख प्रकट गरिएको छ । गीतको सानो अंश यसप्रकार रहेको छ :

जुन दिन बुबा हो,
कुन दिन मुमा हो,
कुन पाप मैले गरे ।
घरकी जेठी हुँ,
माइतीकी साइँली हुँ,
दुःख आपतमा परेँ ।

( परिशिष्ट, ३.५१ : ९० )

### ४.५.६.२ आमा तिम्रो दुधैको धाराले

तनहुँ कछारक्षेत्रमा प्रचालित नारी वेदनाका लोकगीतहरुमा यो गीत पनि प्रचलित छ । पाँच पङ्क्तिगुच्छमा भएको उक्त गीतमा एउटा चेलीको बिरहव्यथा प्रकट भएको छ । दुःखै दुःखमा दिन बितेको कर्महारालाई किन जन्म दियौ भनी आमासँग पुकारा गरिएको छ । छोरीहरुका मनका व्यथा सबैले सुन्नुपर्ने गीतको कथ्य रहेको छ । करूण रसप्रधान यस गीतमा धाराले कर्महारालेजस्ता शब्दहरुले अन्त्यानुप्रासको राम्रो छनक दिएको छ । दृष्टान्तका रुपमा एक अंश यहाँ उद्धृत गरिएको छ :

आमा तिम्रो दूधको भाराले,
पाइन सुख म कर्महाराले ।
सम्झी सम्झी रुन्छ मेरो मन,
किन जन्म दियौ नि हे आमा ।
सम्झी ल्याउँदा बल्झ्यो घाउ झन् ।

( परिशिष्ट, ३.५.२ : ९१)

### ४..५.७ सवाई

सवाई गीत प्रायः आख्यानात्मक र लामा हुन्छन् । यी जीवनभोगाइका ऐतिहासिक, सामाजिक, घटना वा चरित्र विशेषमा आधारित हुन्छन् । त्यसैलाई गाथाका रुपमा पनि लिन सकिन्छ ।

### ४.५.७.१ नब्बे सालको भुइँचालो

प्रस्तुत गीत तनहुँको दक्षिण क्षेत्र कछारमा प्रचलित छ । यो गीत वि.सं. १९९० सालको भू-कम्पको घटनासँग सम्बन्धित छ । नब्बे सालमा नरसंहारकारी भुइँचालो गई धेरै घर भत्की जनधनको क्षति भएको विषयलाई कथ्य विषय बनाई गीत रचिएको छ । घटना वि.सं. १९९० साल माघ २ गते सोमबारको हो । पृथ्वी कम्पन सुरू भएपछि एकै छिनमा काठमाडौँ स्थित ऐतिहासिक घण्टाघरको गजुरै फालेको र पछि फेदैसम्म ढालेको दृश्य प्रलयङ्कारी थियो । नारायणहिटी र थापाथली दरबार सबै भताभुङ्ग पाऱ्यो, सहरमा धुलो उडेर कहीँ केही ठाउँ बाँकी नरहेको र अधिकांश घरहरु भत्केको दृश्य डरलाग्दो थियो । त्यतिखेर राणाहरुका जङ्गीलाठ मोहन शमशेर थिए । ईश्वरको खटन यस्तै हुन्छ पीर मान्नु हुँदैन भनी पद्म शमशेरले उर्दी जाहेर गरेको प्रसङ्गलाई यस सवाईमा जोडिएको छ । सो घटनामा गोल बैठकमा कति पुरिएर मरे भने कति घाइते भए । कहीँ कतै पसल नदेखिने, बाँचेकाले पनि खाने चिज केही नपाउँदा प्राण जोगाउन गाह्रो भएको कुरा गीतमा अभिव्यक्त भएको छ । वि.सं. १९९० सालको भुइँचालोको सबाईको अंश यसप्रकार रहेको छ :

सुन सुन पाँच हो म केही भन्छु,
सबै कुरा छोडिकन एउटा कुरा भन्छु ।
१९९० साल पृथ्वी उल्का भयो सारा,
माघ महिना दुई गते सोमबार ।
एक गते आइतबार पल्टन रिटार भयो,
दुई गते सोमबार पल्टन सामेल भयो ।
हामी सबै एकै घरका सिपाही चार जना थिएम्,
बेलुकाको कबज थियो कबजमा गयम् ।
पश्चिमबाट भूँइचालो आयो बहुतै ठूलो ,
पत्तो छैन हामीलाई भेटो बहुत ढिलो ।
( परिशिष्ट, ३.७.१ : ९१)

### ४.५.८ भजन

वाद्यवाद्यनका सामग्रीहरुको साथमा विविध धार्मिक कार्यक्रम तथा ईश्वरको पुकार स्वरुप गाइने गीतलाई नै भजन भनिन्छ । यो गीत जुनसुकै उमेर समूहका मानिसले गाउन सक्ने भए पनि विशेष गरी बुढापाका र धार्मिक आस्था भएका मानिसहरुले नै गाउने गर्दछन् । तनहुँको कछारक्षेत्रअन्तर्गत पर्ने देवघाट क्षेत्र विशेष गरी भजन गीतका लागि उर्वर क्षेत्र मानिन्छ ।

### ४.५.८.१ हिमालैमा बस्छन् उनी

प्रस्तुत भजन तनहुँ कछारक्षेत्रमा पर्ने देवघाट धाममा प्रचलित धार्मिक भजन हो । यस भजनमा शिव भगवान्को स्तुतिवर्णन गरिएको छ । शिवजीको आश्रय स्थल हिमालय नै हो । गणेश र कुमार नाम गरेका छोरा शिव भगवान्का छन् । यो सारा सृष्टि शिवको भरमा अडेकोले भक्तजनहरुले उनको स्तुति गराउने र सारा सृष्टि थमाइराख्न आह्वान गरेका छन् । संसारमा पापले जरा गाड्यो, यसको विकल्प खोज्ने गरी सारा सृष्टि थमाउन आह्वान गर्ने कुरा व्यक्त गरिएको छ । बाघको छालाको बस्त्र लगाई, नागको माला लगाई, भूत, प्रेत, पिशाच साथमा लिई डङ्डङ् डम्मरु बजाई शिवजी डुली हिंड्छन् । प्रभुको लीला अपरम्पार छ । शिवको स्तुति प्रकट भएको भजनमा शान्त र भक्ति रसको संयोजन छ । भजनको एक अंश यसप्रकार रहेको छ :

हिमालैमा बस्छन् उनी हिमालैका राजा
खान्छन् बिखभाङ धतुरो अनि खान्छन् गाँजा
भन्छन् भक्त खाई देऊ
आइदेऊ बिख भाङ चढाइ देऊ
शिरको गौरी सिन्दूर साथमा महा पार्वती
गणेश कुमार दुई छोरा साह्रै नै छन् जाती
भन्छन् भक्त खाई देऊ
आइदेउ बिख भाङ चढाइ देऊ ।

(परिशिष्ट ३.८.१ : ९३)

### ४.५.८.२ म पनि जान्छु पारी

प्रस्तुत चुड्का भजन तनहुँ जिल्लाको दक्षिणी भेग कछारक्षेत्रअन्तर्गत देवघाट क्षेत्रमा निकै प्रचलित छ । खासगरी यो भजन यस क्षेत्रमा सम्पन्न सत्यनारायणको पूजा, स्वस्थानी व्रत, सप्ताह आदिका अवसरमा गरिने पूजाआजाका सन्दर्भमा गाइन्छ । भजनेहरुको वरिपरि गिताङ्गे र माझमा भट्याउने गरी ८/१० जना गोल मिलेर उभिई खैंजडी बजाउँदै प्रारम्भ गरिन्छ । चुड्का भजन गाउँदा एक जनाले भट्याउने र समूहले त्यसै चरणलाई दोहोऱ्याउने काम हुन्छ । भजनमा भक्ति, आराधाना, बिरह-व्यथा, हाँसो-ठट्टा आदिको गीत गाउने गरिन्छ । खैंजडीले ताल नर्फकाएसम्म टुक्का दोहोऱ्याइ गाउने गरिन्छ । खैजडीले ताल फर्काइ सकेपछि पनि गायकहरु त्यस टुक्कालाई जोसिएर गाउँछन् । दोस्रो पटकको ताल फर्काएपछि फेरि अन्तिम पटकको ढिलो तालमा चुड्काको चरण गाएर गीत बिसाइन्छ ।

त्यसपछि फेरि अर्को चरण निकालेर गाउन थालिन्छ । तनहुँको कछारक्षेत्रमा यस्ता भजनमा गुरू र गर्रा हुन्छन् । गुरूले भट्याउने र गर्राले त्यस चरणलाई दोहोऱ्याउने गरिन्छ । नारायणबाट भजन सुरू हुन्छ । 'म पनि जान्छु पारी पर्खन दिदै राधिका' भजन टुक्कामा राधिकालाई पर्खन आह्वान गरिएको छ । राधिकालाई वारी आउन आग्रह गर्दै टुक्का अलापिन्छ ।

प्रस्तुत चुड्का भजनमा शान्त र वीर रसको संयोजन छ । चुड्का भजनलाई बीच बीचमा नारायण, हरिहरिजस्ता शब्दले जोड्ने गरिन्छ । दृष्टान्तका लागि एक अंश यसप्रकार रहेको छ :

गुरू : नारायण !
गर्रा : हरि ! हरि !
गुरू : हे राम
हे म पनि जान्छु पारी पर्खन दिदै राधिका
गर्रा : हे म पनि जान्छु पारी पर्खन दिदै राधिका

( परिशिष्ट, ३.८.२:९४)

### ४.५.९ बाल गीत

बालबलिकाका लागि ठूलाबडाले गाइदिने र बालबालिका आफैले गाएर मनोरञ्जन प्राप्त गर्ने गीतलाई बालगीत भनिन्छ । विशेष गरी उनीहरुलाई रोएको बेला फुल्याउन, उनीहरुलाई थप मनोरञ्जन दिन र उपदेश दिन ठूलाबडाहरुले गाउने गर्दछन् । उनीहरु थपडीको मद्दतले गीत गाउँछन् । गीतअनुसारको अभिनय पनि गर्दछन् । बालगीतमा उनीहरुले प्रयोग गर्ने शब्दहरु उनिएका हुन्छन् । यसबाट उनीहरुलाई मनोरञ्जन प्राप्त हुन्छ । बालगीत एकल, सामूहिक र अभिनयात्मक पनि हुन्छन् । यी गीतहरु सरल र बोधगम्य हुन्छन् । यहाँ तनहुँको कछारक्षेत्रमा प्रचलित केही बालगीतहरुको बालगीतहरुको अध्ययन गरिएको छ ।

#### ४.५.९.१ सानी सानी नानी म

प्रस्तुत गीत बालगीत हो । कछारक्षेत्रमा यो गीत प्रचलनमा छ । यो छ पङ्क्तिको एउटै गुच्छ रहेको तीन गुच्छमा संरचित गीत हो । सानी सानी नानीको हाँस्ने खेल्ने बानी रहेको, पढ्न लेख्न नजानेको, आफ्ना बाबासँग पढ्न सिकिरहेको भाव पहिलो गुच्छमा व्यक्त

भएको छ । दोस्रो गुच्छमा अज्ञानीलाई ज्ञानको बाटो देखाइ दिन आग्रह गरिएको छ । तेस्रो गुच्छमा कोपिला फकेर फूलझैं भएका साना नानीहरु भविष्यमा देशविकासका कर्णधार बन्ने, सम्पूर्ण देशवासीलाई सेवा गर्ने भाव गीतमा प्रस्तुत भएको छ । गीतको एक अंश यसप्रकार रहेको छ :

सानी सानी नानी,
हाँस्ने खेल्ने बानी ।
कसैसँग मान्दिन,
पढ्न लेख्न जान्दिन ।
क ख ग घ सिक्नलाई,
सोधि रन्छु बाबालाई ।
सानी सानी नानी,
हाँस्ने खेल्ने बानी ।

( परिशिष्ट, ३.९.१ : ९४)

### ४.६ आनुष्ठानिकगीत

आनुष्ठानका साथ आयोजना गरी गाइने आख्यानयुक्त गीतलाई आनुष्ठानिक गीत भनिन्छ । यस्ता गीतहरु आकारका दृष्टिबाट लामा हुन्छन् । पौराणिक, सांस्कारिक तथा सांस्कृतिक विषयवस्तु र घटनाक्रमलाई मुख्य केन्द्रबिन्दु मानेर गीत रचिएको हुन्छ ।

### ४.६.१ घाटुगीत

प्रस्तुत गीत घाटु कथानक भएको नाट्यगाथा हो । यो गीत गुरूङ जातिमा प्रचलित छ । घाँडोको अपभ्रशंका रुपमा घाटु आएको पाइन्छ । जसको अर्थ घाँटीमा देउता हुन्छ । सिकारी देउताहरुले गुरूङ राजाहरुलाई सिकार गर्न घाँडो दिएको भनाइ छ ( पराजुली, २०५७ : ३४८) । घाँडो पाउने गुरू नाच्दा उनीहरुलाई देउता भनिएको किंबदन्ती छ । नर्तकी कुमारीमाथि देउता चढेकोले घाटु नाँच भनिएको हुन सक्दछ । यस नाँचमा दुईदेखि चार जनासम्म कन्या केटी नचाउने गरिन्छ । १०/१२ वर्ष देखि बिहे नभएका कन्या केटीहरु नाच्ने प्रचलन छ । घाटुमा गुरूको भाव र सङ्केत अनुसार भावनृत्य प्रस्तुत गर्ने गरिन्छ । पुरानो कथामा आधारित हुनु र स्थानीयतामा रङ्गिनु यस गीतका विशेषताहरु हुन् । घाटु नाचलाई बाह्रमासे र ऋतुकालीन गरी विभक्त गरिन्छ । बडा दसैंदेखि अन्य चाडपर्व तथा

खास खुसियालीमा गाइने घाटु नाच बसन्त पञ्चमीदेखि बैशाख पूर्णिमासम्म यो गीत गाउने र नाच्ने गरिन्छ । यसमा मादल आवश्यक पर्दैन । एकजना गुरूबाको आदेशअनुसार गाईको गोबरले लिपपोत गरी सफा र चोखो पारी काम्लो, गुन्द्री ओच्छ्याइन्छ । नुवाइधुवाइ गरी चोखो बस्त्र पहिर्‍याएर घाटुसारीलाई बसाइन्छ । घाटुलीहरुलाई मुखामुख हुनेगरी राखिन्छ । गुरूद्वारा स्तुति आरम्भ गरिन्छ र सहकर्मीद्वारा त्यसलाई छोपिन्छ । कन्या केटीलाई देउता चढाई कमाउने गरिन्छ । देवी चढेपछि उक्त घाटुलीको आँखा बन्द हुन्छ । देवी नचढेको कन्या केटीको आँखा खुल्ला हुन्छ । पहिलो खण्डमा हिमचुली, बरैचुली, देवैचुली देउताको स्तुति गर्दै मङ्गलाचरण गराइन्छ ।

तनहुँको कछारक्षेत्रमा आख्यानयुक्त लोकगीतहरुमा घाटु ( सती घाटु) स्थापित छ । हरेक वर्षको चण्डीपूर्णिमाबाट सुरू गरी लगातार तीन दिनसम्म नचाएर  गीतको अन्त्य गरिन्छ । यदि कुनै कारणले छेकथुन भएमा पछि उपयुक्त दिन पारी गाइन्छ । यस क्षेत्रका घना गुरूङ बस्तीमा सती घाटु नाच्ने प्रचलन रहेको छ । यस घाटु नृत्यमा ११ वर्ष देखि १८ वर्षसम्मका अविवाहित किशोरीहरुमा देउता जगाएर नाच्न लगाइन्छ । कछारक्षेत्रको देवघाट-१ देउपुरमा बस्दै आएकी घाटु गुरूआमा हिरामाया गुरूङ वर्ष ७८ सँग शोधकर्ताले भेटघाटमा लिएको घाटु सती घाटुको नमुना यसप्रसकार रहेको छ :

**आराधाना खण्ड**

लिपन हो रे माइजु लिप
माली गाईको गोबरले लिपैला
चोखे सातै जमुनाको पानीले लिपैला
हिमै चुली देवता वरै चुली देवता
आजका दिन कन्या चेलीको आङ मै चढैला

(परिशिष्ट, ३.१० : ९५)

सती घाटुको प्रथम चरण आराधाना खण्ड हो । इष्ट देवताहरु हिमचुली, देवचुली, बरैचुली देवताको स्तुति, गाईको गोबरले मण्डप चोख्याउने, घाटुली जगाउने प्रसङ्गहरु मङ्गलाचरणमा रहेका छन् । दोस्रो चरणमा घाटुसारीहरुलाई बाह्रमासे, पातीफूल, भइचम्पा, पलासैँ, सयपत्री, लालुपाते, ढकमक्क फुली रहेकाले टिपिल्याउन मायारानीलाई सङ्केत गरिएको कथ्य रहेको छ । तेस्रो चरणमा धानको बीउ राख्ने, हिलो धुने र झिनियाको खाजा र तरकारी खाएको प्रसङ्ग रहेको छ । चौँथो चरणमा गण्डकी नदीमा माछा मार्न हातमा जाल

लिएर जाने र जाल खेलेर माछा मारी त्यही माछा बेचेर अर्थ आर्जन गरी गहना टिकिया लगाएर नाक कान ढकमक्क पार्ने कथन रहेको छ । पाँचौ चरण सिकार खण्ड हो । यस खण्डमा राजा आफै धनु खोजेर हातैमा लिई कालीको लेक, हिमचुली, बरैचुली सिकार खेल्न गएको, हरिण मारी ल्याएको, राजाको पटाङ्गेनीमा हरिण काटी भागबड्डा गरेको र सिकार गर्दा लगेको घोडा भोकाएकोले कदम डाली भाँचेर दिइएको र राजारानी दुवै राजाको दरबारमा हरिणको मासुसँग खाना खाएको कथ्य यस खण्डमा रहेको छ । छैटौं र सातौं खण्डमा विवाह खण्डको विवरण छ ।

यस खण्डमा रानी अम्बावती र राजा पश्राम् बीच विवाहको प्रसङ्ग छ । गङ्गाको तिरैतिर बलरामपुरमा पुगी पान सुपारी, राम्रा राम्रा कपडा, मलमले खासा, राजालाई सुरुवाल पगरी सरसामान जुटाउने, पण्डितलाई लग्न जुराइदिने आग्रह, जन्ति १०/२० जनालाई निमन्त्रणा गर्ने, बत्तीस बाजा अगाडि लगाई बरियात आएको प्रसङ्ग, रानीको पटाङ्गेनीमा तामझामसहित बरियात आगमन भएको, दुलही लिएर राजा फिर्ता भएको प्रसङ्ग, रानी गर्भवती भएको, बालकृष्ण बालाको जन्म भएको, दरबारमा भोज भतेर हर्ष बढाइँ भएको कथ्य यस खण्डमा छ । आठौं चरणमा सती खण्ड भाग छ । यो खण्डमा घाटुको महत्वपूर्ण खण्ड पनि हो । यस खण्डमा राजाको लडाइँको प्रसङ्ग छ । राजा पश्राम् शत्रुसँग लडाइँको लागि जान तयार हुँदा घरबाट नजाऊ भनी अनुरोध गरिएको प्रसङ्ग, जति अनुरोध गरिए पनि राजा जान तयारी रहँदा आमा, बाबा, फूपुले एक एक हतियार राजालाई दिएका र राजा युद्धमा जाँदा शत्रुपक्षसँग जुधान परी शत्रुले गर्धनै काटेको प्रसङ्ग, राजा नै परेको, यता रानीले नराम्रो सपना देखेकी, उनले खुडा हतियारमा रगत देखिन् । त्यति खेरै कागले समचार ल्याएको, राम बोल्यो भने पछि रानी एकोहोरी भइन् र राजासितै सतीजाने निर्णय गरिन् । छोरा बालकृष्ण बालालाई मामाघर पठाइन्छ । उहीँ नै उनको रेखदेख हुन्छ । यता राजारानीका लागि चिता तयार हुन्छ । अम्बावती रानी चितामा बस्छिन्, आगो

लगाइन्छ । राजारानी दुवै खरानी भई भस्म हुन्छन् । गङ्गाले बगाएर खरानी, अँगार काशी पुऱ्याएको प्रसङ्ग, काशी पुगेपछि जोर पुतली बनी पुनर्जन्म लिई स्वर्गका राजा इन्द्रासनमा पुगेको प्रसङ्ग उल्लेख गरिएको छ ।

अन्तिम चरणमा घाटु सेलाउनेलाई घाटु धुऱ्याउने पनि भनिन्छ । यसमा घाटु गाउँदा भएका गल्ती कमजोरीमाथि क्षमा याचना गरिन्छ । चण्डी, देउराली, देवीसँग क्षमा

मागिन्छ, गाइको दूध, लाभाको मुकुट, काइँयो, हातहतियार र कुखुराको चल्लाको भोग दिएर घाटुलीहरुको बस्ने स्थान मकुवान देश त्यहीँ गएर बस्न आग्रह गर्दै गीतको  अन्त्य हुन्छ ।

यस घाटु नाचको मुख्य कथ्य राजा पश्रामु र रानी अम्बावतीको वियोगान्त गाथा नै हो । सती घाटु करुण रसमा संयोजन भएको छ । पुरूष र नारी प्राधान्यका आधारमा नारीपुरूष प्रधान सांस्कृतिक गीत हो । अन्त्य प्रभावका आधारमा दुःखान्त, रसभावका आधारमा करुण रस, आख्यान तत्त्वका आधारमा आख्यानयुक्त गीत हो ।

### ४.६.२ मारूनी (कृष्ण चरित्र)

मारूनी आख्यानयुक्त आनुष्ठानिक गीत हो । यो पुरूषप्रधान गीत हो । सहभागिताका आधारमा स्त्रीपुरूष गायन गीतका रुपमा लिइन्छ । मारूनीलाई वाद्यसङ्गीतका आधारमा वाद्य गीतका रुपमा राखिन्छ । मारूनीलाई अन्त्य प्रभावका आधारमा वियोगान्त गीतका रुपमा स्वीकार गरिएको छ । रसभावका आधारमा विश्लेषण गर्दा शान्तरस प्रधान गीत हो । मारूनी गीतको संरचनागत विश्लेषण गर्दा त्यसको खण्ड चरण दश अक्षरको हुन्छ । पूर्ण चरण चाहिँ दुईगुणा अर्थात् बीस अक्षरको हुन्छ । यो खासगरी गण्डकी र बागमती हुँदै पूर्वतिर गएको कुरा विद्वतवर्गको धारणा छ ( पराजुली, २०५७: २६६) ।

प्रस्तुत मारूनी गीतमा लयले तान्दा बढी अक्षर देखिए पनि ४+३+३ .१० अक्षर हुन्छन् भने ४ र ७ अक्षरमा विश्राम थोरै १० अक्षरमा लामो विश्राम हुन्छ । पुरूषले स्त्रीको पहिरन धारण गरी नाचिने नाच नै मारूनी नाच हो । नाच्दाका अवसरमा गाइने गीत नै मारूनी गीत हो । मारूनी गीत पुरूषहरुद्वारा सामूहिक रुपमा गाइन्छ । यो गीत अभिनय र नृत्यका साथमा गाइन्छ । कछारमा प्रचलित मारूनी गीत दसैंका अवसरमा गाइने र नाच्ने गरिन्छ । कुनै विध्न बाधा नआओस् भनेर मारूनी गीत गाउन सुरू गर्दा शिवजी र अन्य तेत्तीसकोटी देवताको आराधाना गरिन्छ । मारूनीलाई चोलो, घाँगर, पटुका, मजेत्रो आदि लगाएर सिँगारिन्छ । मादलेहरुले गीतको बोलअनुसार घुम्पक घुमको तालमा मादल बजाउँछन् । मनोरञ्जनका लागि अन्य उत्सवहरुमा पनि मारूनी गीत गाएर नाच्ने गरिन्छ । प्रस्तुत कृष्णचरित्रको कथानक भएको मारूनीमा मथुराको प्रसङ्ग, १६ सय गोल्यानीको प्रसङ्ग, कृष्णजीको मुरलीको प्रसङ्ग, कृष्ण कालेले गोल्यानीको साडी लुकाएको प्रसङ्ग नै कथ्य विषय बनेको छ । दृष्टान्तको लागि मारूनी गीतको एक अंश यसप्रकार उद्धृत गरिएको छ :

हा हो, मथुरा गोपिनी हो सबै ताहिँ थिया
मथुराको गोपिनी गोकुलमा आयो
हा हो माथि लाउँदा गजुला हो
विजै लाउला मोतिया
विजै लाउला गजुला
हा हो भै रे रु मुगारो र मोती चँदुवाले छायो
हा हो कानयाको दिदै कानयाको
पैरै बैरो उडिदै कानयाको
हा हो तिता होन दिदै तिता होइन
हामरी बहिना तिता होइन ।

(परिशिष्ट,२ :१०३)

## ४.७ तनहुँ कछारक्षेत्रमा प्रचलित लोकगीतमा समाज-चित्रण

तनहुँ जिल्लाको दक्षिण क्षेत्र कछारमा प्रचलित लोकगीतमा सामाजिक स्थितिको चित्रण पाइन्छ । पति-पत्नी, दाजुभाइ, दिदीबहिनी, मामा-माइजू सासू-बुहारी र तिनका व्यवहार तथा पारस्परिक जीवनमा पर्ने घटना आदिको अभिव्यक्ति यी गीतहरुमा पाइन्छ ।

### ४.७.१ लैङ्गिक विभेद

नेपालको सामाजिक संरचना पितृसत्तात्मक छ । जन्मदादेखि नै छोरालाई काखा र छोरीलाई पाखा गरिन्छ । अर्काको घर जाने जात त हो नि भनेर छोरीलाई नपढाउने तर छोरालाई भने महँगा बोर्डिङ्ग स्कुलमा पढाउने गरिन्छ । बाबु आमाहरु विवाहपछि आफ्नो दायित्व सकिएको ठान्दछन् । कछारक्षेत्रमा समेत छोरा-छोरी प्रतिको भेदभाव देखिन्छ । यहाँ प्रचलित लोकगीतहरुमा लैङ्गिक भेदभाव हटाइ छोराछोरीप्रति एउटै व्यवहार गर्नु पर्ने कुरा अभिव्यक्त यसरी भएको छ :

दाउरा र घाँसमा अल्भेको छोरीको जोवन,
आँसुको धाराले भिज्यो हो सुखी छ नभन ।
चार दाजुभाइलाई बुबाले स्कूल पठाउने,
म एउटी छोरीलाई बाबाले डाँडा कटाउने ।

प्रस्तुत गीतमा कछारक्षेत्रमा विद्यमान रहेको लैङ्गिक भेदभाव अभिव्यक्त भएको छ । छोरा र छोराप्रति गरिने भेदभावलाई यहाँका चेलीहरुले तीजगीतका माध्यमबाट पनि यसरी अभिव्यक्त गर्ने गरेका छन् :

कसले भन्छ छोरासरह हुन्न छोरी भनेर
त्यस्ता सित आऊ गरौं कुरा डटेर
पुरानो जमाना गैसक्यो अब त
भेदभाव छैन एउटै रगत

स्रोत : सरस्वती तिवारी ( छिपछिपे -५, तनहुँ)

### ४.७.२ भाग्यवादी दृष्टिकोण

कछारमा प्रचलित लोकगीतहरुमा भाग्यवादी स्वर पाइन्छ । शिक्षा हासिल गरेर जीवन उज्ज्वल बनाउने उमेरमा दाउरा घाँसमा व्यस्त रहेर दुःखै दुःखको जीवन बिताउनु पर्ने बाध्यता आफूमा रहेको र आफ्नै भाग्य वा कर्मको फल सम्झेर भाग्यलाई दोष दिएर हिंड्नु पर्ने र त्यसैमा चित्त बुझाउने पर्ने बाध्यता रहेको कुरा गीतमा अभिव्यक्त भएको छ । गीतको एक अंश यसप्रकार रहेको छ ।

स्कुल पढ्ने छोरीको शिरमा रातो रिबन,
नपढ्ने छोरीको विग्र्यो जीवन ।
कस्तो रै छ छोरीको अभागी करिम
बित्ने भयो जिन्दगी घाँस र दाउरामा ।

( परिशिष्ट , ३.३.६:८५)

आफ्ना दुःख-सुख कर्मअनुसार निश्चित भएका हुन्छन् । त्यसैका आधारमा सबैले चल्नु पर्ने र आफ्नै दुःख -सुखमाथि चित्त बुझाउनु पर्ने र मन शान्त पार्नु पर्ने बाध्यता छ । समाजमा बस्ने सबै सुखी र सम्पन्न हुँदैनन् । आफ्नो भाग्य अनुसार दुःख-सुखको नियति सबैले भोग्नुपर्ने हुन्छ भन्ने कुराको विश्वास यी गीतहरुमा प्रकट भएको छ ।

### ४.७.३ दाइजो प्रथा

कछारक्षेत्रका लोकगीतहरुमा समाजमा प्रचलित दाइजो प्रथाको बारेमा चित्रण गरिएको छ । तीजगीतका माध्यमबाट समाजमा प्रचलनमा रहेको दाइजो प्रथा प्रति व्यङ्ग्य गरिएको एक अंश यस प्रकार छ :

कति गरौं बयान गरी साध्य भएन

दाइजो प्रथा समाजको अझै गएन

सबै मिली तोड्नु पर्छ प्रचलन यो दाइजोको

एक्काइसौं शताब्दीको युग आइसक्यो

दाइजो हैन शिक्षारुपी ज्ञान देऊ छोरीलाई

शिक्षा पाए सुखी हुन्छन् जुनी भरीलाई ।

स्रोत : अनुअधिकारी ( छिपछिपे -५ तनहुँ)

महिलाहरुले आफ्ना हृदयका तीतामीठा अनुभवका साथै जीवन भोगाइका वास्तविकताहरुलाई तीजगीतका माध्यमबाट रामाइलो गर्ने अवसरका रुपमा तीज पर्वलाई लिने गरेको पाइन्छ । यस पर्वमा गाइने गीतहरुमा समाजमा प्रचलित दाइजो प्रथाले भिœयाएको विकृति, भेदभाव र वर्तमानका वास्तविकतालाई यस गीतका माध्यमबाट व्यक्त गर्ने गर्दछन् । सोही अनुरुप २१ औं शताब्दीमा पनि छोरीलाई शिक्षा दिएर जीवनभर आफ्नै खुट्टामा उभिन सक्ने नबनाइकन दाइजो प्रचलनप्रति विश्वास गर्ने र सोही अनुरुप व्यवहार गर्ने समाजप्रति कटु आलोचना अभिव्यक्त भएको छ ।

### ४.७.४ गरिबीको चित्रण

कछारमा प्रचलित लोकगीतहरुमा गरिबीको चित्रण गरिएको छ । यस क्षेत्रमा निम्न वर्गका मानिसहरुको गरिबीको कारण खोले खानु परेको बाध्यता एक गीतबाट यसरी प्रकटभएको छ :

बाहिर हेर्दा हजुरको टिनको छानु झलल,

भित्र बसी खानु छ खोले सलल ।

(परिशिष्ट, ३.३.२ :८४)

### ४.७.५ रोदी प्रथा

रोदी प्रथाले गुरूङहरुको समाज र संस्कृतिलाई चिनाउँदछ । कछारक्षेत्रका गुरुङ, मगर समाजमा उमेर पुगेका ठिटा ठिटीहरुमा माया प्रीतिका गीतहरु गाएर रोदी जमाउने, मनमिल्ने जीवन साथी बन्ने काम पनि हुन्छ । रोदीमा बसेर मायाप्रीति साटासाट गर्ने गुरूङ जातिको सामाजिकताको चित्रण यहाँका प्रचलित लोकगीतमा यसरी भेटिन्छ :

रोदी खालमा बसेर, माया लाउँ नानी

आएछ तिम्रो फूलको जवानी

रोदीमा बसेर मायाप्रीति साटासाट गर्ने गुरूङ जातिको समाजको चित्रण तल दिएको रोदी गीतले अभिव्यक्त गरेको छ :

हा-हा गीत गाउँदै कता झरेको
बैदी लेकको चिसो हावा सिमसिम पानी परेको
माया लाउन बेंसी झरेको

स्रोत : शुकबहादुर गुरूङ( छिपछिपे -५, तनहुँ)

तनहुँको दक्षिण क्षेत्र कछार गुरूङ र मगर जातिको बाहुल्य रहेको क्षेत्र हो । यहाँ उमेर पुगेका युवायुवतीहरु चुड्का गीतमा मनका आफ्ना भावहरु साटासाट गर्दछन् । यहाँ प्रचलित लोकगीतको एक अंश यसप्रकार छ :

तनहुँ जिल्ला साह्रै राम्रो गाउँ हाम्रो साराङ्घाट
लाइदेउ सानु के छ मनको आँट
सै -सै-सै -सै-सै ।

स्रोत : लालबहादुर गुरूङ( छिपछिपे -५, तनहुँ)

### ४.७.६ एकल महिलाको व्यथा

कछारक्षेत्रमा एकल महिलाका व्यथाकथा झन् दर्दनाक छन् । समाजमा एकल महिलाले धेरै समस्या भोग्नु परेको यथार्थ चित्रण यहाँ प्रचलित लोक गीतमा पाइन्छ । लाउँ-लाउँ र खाउँ-खाउँको उमेरमा लोग्नेसँग बिछोडिएर बस्नुपर्ने बाध्यता एकल महिलाको व्यथा कथा कसैले बुझ्न चाहँदैनन् । विभिन्न हन्डर, ठक्कर खाएर जीवन यापनमा खरो उत्रेका महिलाहरु मौका मिल्ने बित्तिकै आफ्नो पीडालाई गीतका माध्यमबाट यसरी अभिव्यक्त गर्दछन् :

आमा तिम्रो दूधैको भाराले
पाइन सुख म कर्महाराले
सम्झि सम्झि रुन्छ मेरो मन
किन जन्म दियौ नी हे आमा
सम्झि ल्याउँदा बल्झ्यो घाउ झन् ।

स्रोत : देउमाया थापा ( पार्लाङ्ग, देवघाट-७ तनहुँ)

यसरी तनहुँ जिल्लाको कछारक्षेत्रमा प्रचलित लोकगीतहरुलाई समाज चित्रणका दृष्टिकोणले भाग्यवादी दृष्टिकोण, लैङ्गिक विभेद, दाइजो प्रथा, रोदी प्रथा, एकल महिलाको व्यथा र गरीबीको चित्रण जस्ता उपशीर्षकहरुमा व्याख्या एवं विश्लेषण गरिएको छ ।

### ४.८ कछारक्षेत्रका लोकगीतमा संस्कृति चित्रण

लोक संस्कृति सामाजिक जीवन र गतिविधिको परिणाम हो । मानसिक एवम् वैचारिक आधारमा यस समाजको वास्तविकताको सशक्त अभिव्यक्ति हो । संस्कृतिमा राष्ट्र, जाति र समाजले भोग्दै आएको रहनसहन, आचार विचार, जनजीवनका मूल्य मान्यता, कला, विश्वास, रीतिस्थिति आदि पर्दछन् । लोकसंस्कृति मौलिक जीवनको नजिक रहन्छ । यसले आफ्नो मौलिक स्वरुप देखाउँछ । नेपाली जातिको सबैभन्दा बढी चोखोपन लोक संस्कृति नै हो (पराजुली, २०५७:१२३) । त्यसै गरी तनहुँको दक्षिण क्षेत्र कछारमा आफ्नै प्रकारको चालचलन, रीतिरिवाज रहनसहन, धर्म विश्वास आदि छन् । कछारक्षेत्रमा प्रचलित गीतलाई अध्ययन गर्दा यहाँ विभिन्न जातिका आ-आफ्नै संस्कार, रीतिस्थिति, चालचलन रहेको छ । यहाँ बच्चा जन्मेदेखि मृत्युसम्म विभिन्न संस्कारहरु सम्पन्न गरिन्छन् । यहाँ विभिन्न जातिमा छैटी, न्वारन, छेवर, व्रतबन्ध, विवाह, मृत्युजस्ता संस्कारहरु सम्पन्न गर्ने चलन छ । खासगरी कछारक्षेत्रका ब्राह्मण क्षेत्रीहरुले वैदिक विधि विधान अनुसार संस्कारहरु सम्पन्न गर्दछन् । यसप्रकार सम्पन्न गरिने कुनै-कुनै संस्कारहरुमा गीत पनि गाउने गरिन्छ । यस क्षेत्रमा विवाहमा गाउने रत्यौलीगीतमा महिलाले आफ्ना मनमा लागेका उकुसमुकुसहरुलाई यसरी व्यक्त गरेका छन् :

सर्पको काँचुली मौरीको घार
दुलाहकी आमालाई आँगनीमा झार

( परिशिष्ट : १.१:७८)

त्यसैगरी जीवनशैली झल्काउने प्रसङ्गमा आएको होराजै पियारी शीर्षक गीतको अंशले कछारक्षेत्रका मानिसहरुको ग्रामीण परिवेश र साधारण जीवनशैली झल्काएको छ ।

कोदो रोप्न जान्थ्यौ, दुधे मकै खान्थ्यौ,
होराजै पियारी साउनको महिना र

(परिशिष्ट : ३.४.६ : ८९)

कछारक्षेत्रको लवाई, खुवाइ, पोसाकको चिनारी दिने सन्दर्भमा आएको असारे गीतमा महिलाहरुले लगाउने पोसाक फरियाको चिनारी दिन खोजिएको छ । पोसाकबाट पनि आफ्नो जातीय पहिचानको झलक पाउन सकिन्छ । उदाहरणको रुपमा- *पातली नानीलाई फरिया किन्दा छ बीस ऋण लाग्यो* । त्यसै गरी हिन्दू धर्मावलम्वीहरुको विवाहमा कसार बटार्ने जुन परम्परा छ त्यसको झल्को यहाँ प्रचलित गीतमा यसरी उल्लेख गरेको पाइन्छ :

न बाहिर बोक्रो नभित्र खोक्रो गुलियो कसार
नुमान ढोका उघारी हेर्दा लागेछ असार

( परिशिष्ट : २.१ : ७८)

वर्ष दिनको महत्त्वपूर्ण खेती थन्क्याउने अवसरको रुपमा गाइने दाइँ गीतमा दयरालाई घ्यूको चोइली दिने परम्परालाई यस गीतले उजागर गरेको छ । प्रायः साना ठूला चाडपर्वमा गीत गाएर मनोरञ्जन गर्ने, साँस्कृतिक रीति परम्परालाई कायम राख्ने प्रचलन कछारक्षेत्रमा रहेको छ । तिहारको समयमा देउसी भैलो खेल्ने परम्परा यहाँ पनि रहेको छ । त्यतिबेला भैलो देउसीले घरवेटीलाई आशीष दिने चलन र तिनीहरुले दिएको आशीष लाग्दछ भन्ने जनविश्वास यस क्षेत्रमा बसोवास गर्ने मानिसहरुमा रहेको छ । यस बेलाको देउसीमा दिइने आशीषमा मङ्गल कामना यसरी गरिएको हुन्छ :

माटो छुँदा अन्न होस् ढुङ्गा छुँदा द्रव्य होस्
हे औँसी बार गाई तिहार भैलो
भैलिनीले भनेको पुग्नेछ
दान दिए ऐश्वर्य बढ्नेछ
हे औँसी बार गाई तिहार भैलो

(परिशिष्ट : ३.२.२ : ८२ )

कछारक्षेत्रमा बसोवास गर्ने मानिसहरुमा महिलाहरुमा खासगरी तीज पर्व संस्कार जन्य परम्परा बनेको छ । विवाह गर्दा केटा पक्षको घर जग्गा हेरेर छोरीको विवाह गरिदिने चलन थियो । कछारक्षेत्रमा निम्न वर्गका मानिसहरुको गरीवीको कारण खोले खानु परेको बाध्यता यस गीतबाट प्रकट भएको छ ।

बाहिर हेर्दा हजुरको टिनको छानु झलल
भित्र बसि खानु छ खोले सलल

पढाइको महत्त्व उल्लेख गर्दै नपढेको हुनाले दुःख पाएको गुनासो पनि गीतमा यसरी व्यक्त गरिएको छ :

नपढेको हुनाले आँसी नाम्लो कोदालो
कर्मघर बाँचुन्जेल भईयो गोठालो

हाम्रो नेपाली संस्कार छोरी दिँदा धनसम्पत्ति हेरेर धनी घर छानेर दिने चलन छ । तर धन भए पनि केटा अयोग्य र कुलतमा फसेको भएमा उसको जीवन दुःखमा बित्न जाने कुरा गीतमा यसरी व्यक्त गरिएको छ :

धनी घर छ भनेर दिए बाबा-आमाले
घरभित्र केही पनि छैन बरिलै

गुरूङ समाजमा रहेको सांस्कृतिक परम्परा झल्कने रोदी गीतले गुरूङ समाजमा मनोरञ्जन र सांस्कृतिक रीतिरिवाजलाई कायम राख्न मद्दत गरेको छ ।

रोदीखालमा बसेर माया लाउँ नानी
आएछ तिम्रो फूलको जवानी

कछारक्षेत्रका कतिपय लोकगीतहरुले त्यहाँको जीवनशैली व्यक्त गरेका छन् । चौतारीमा बसी हामी दुईटा हाँसी हाँसी मीठो गफ गरिन्थ्यो भन्ने पङ्क्तिमा शृङ्गार रसको सबलरुपमा संयोजन गरिएको छ । यस क्षेत्रमा धार्मिक संस्कार तथा परम्परा, देवी देवता मान्ने चलन, गुरूङ मगर सम्प्रदायमा पनि धेरै नै छ । उक्त कुरा कछारक्षेत्रमा चुड्का गीतका प्रचलित केही अंश यसरी प्रस्तुत गरिएको छ ।

पहिलेको चरण हामीलाई रक्षा गरन
दोसरै चरण देउदउताको शरण
यसै र गाउँको कुन छ ठूलो देउता
उही देउताको पर्छौ शरण

कछारक्षेत्रमा महिलाहरुमा कामको बोझ ज्यादै छ । पढ्ने लेख्ने बेलामा विद्यालय पढाउनभन्दा दाउरा घाँसमा अल्झाइ राख्ने प्रचलन आजभोलि पनि छ । यसले त्यस क्षेत्रका महिलाहरुको जीवनशैलीलाई यसरी झल्काएको छ :

दाउरा घाँसमा अल्झेको छोरीको जोवन
आँशुको धाराले भिजे हो सुखी छ नभन

## ४.९ कछारक्षेत्रमा प्रचलित लोकगीतमा आर्थिक अवस्थाको चित्रण

जुनसुकै समाजमा पनि जीवनको मूल आधार अर्थ नै हो । आर्थिक स्थितिले मानिसका धेरै क्षेत्रमा प्रभाव पारिरहेको हुन्छ । पारिवारिक दुःख, सुख वा माया प्रीतिमा पनि धनको प्रत्यक्ष वा परोक्ष सम्बन्ध रहेको हुन्छ । माया प्रीतिलाई अझ उल्लासमय बनाउन, आफ्ना प्रेमिकाका आवश्यकता र चाहना पूरा गर्न नसक्दा कैयौं जोडीहरु परदेश जानुपर्ने, अर्थ उपार्जन गर्न विदेश पस्नुपर्ने बाध्यता आउँछ । धनकै कारणले घरपरिवारमा बेमेल गराउने, विसङ्गति ल्याउने अवस्था सृजना हुन्छ । धनभन्दा मन ठूलो मान्दा मान्दै पनि त्यही धनको कारणले प्रेमको पासो लगाउन विवश भएको कथा-व्यथा, विरह-वेदना लोकगीतमा अभिव्यक्त भएको हुन्छ । तनहुँको कछारक्षेत्रमा धनको महिमा गाइएका गीतहरु प्रचलित

छन् । समाजमा रहेका प्रतिभाहरु धनको अभावका कारण आफ्नो प्रतिभालाई कुण्ठित पारेर बसेका, गोठाले जीवन विताउन विवश भएका मानिसहरुका विरह वेदना त्यहाँ लोकगीतमा मुखरित भएका छन् । यहाँको समाजमा धेरैजसो मानिसहरु बेलुका खाए बिहान के खाउँको अवस्थामा गुज्रिन बाध्य छन् । गरिबीको कारण आफ्नै प्रेयसीलाई एक सरो फरिया पनि किन्न नसकी ऋण खोजी किन्नु पर्ने अवस्था यस गीतमा प्रस्तुत भएको छ :

असारै मासको दबदबे हिलो छि मलाई घिन लाग्यो
पातली नानीलाई फरिया किन्दा छ बीस ऋण लाग्यो

समाजमा बस्ने कोहीलाई बिहानदेखि साँझसम्म पनि खान नपुग्ने स्थिति छ भने त्यही छाक टार्ने समस्यालाई समाधान गर्न विदेश ( अरबको खाडी) मा गई चर्को घामको रापमा पिल्सिनु पर्ने अवस्था यहाँका मानिसहरुमा रहेको छ । यिनै आर्थिक चपेटाले उब्जाएको मर्म यहाँका लोकगीतमा पाइन्छ । यहाँका किसानहरु दाइँ गर्ने बेलामा दाइँगीतमा

आर्थिक सम्पन्नताको कामना गरिरहेका पाइन्छन् । आर्थिक अवस्थाको सुदृढको लागि सिमल चरीलाई आह्वान गरेका हुन्छन् जसको नमुना यस प्रकार रहेको छ :

असी मुरी झरूवा त बाह्र बीस ह्रास
चम्पा फूल यहाँ फूल्यो लङ्का पुग्यो बास

आर्थिक अवस्थाको कमजोरीमा कोही पनि बस्न नपरोस् । सबै धनी र सुखी होउन् भन्ने मङ्गलकामना गर्नेस आर्थिक अवस्था राम्रो भएमा समाजमा सहयोगको आधार पाइने आशा पनि गीतमा व्यक्त भएको छ । कछारक्षेत्रका युवा-युवतीहरु भैलो खेल्ने घरको आर्थिक सुधारका लागि भन्दछन्- “माटो छुँदा अन्न होस् , ढुङ्गा छुँदा द्रव्य होस्” । तीज गीतमा नेपाली चेलीहरु घर परिवारबाट अपहेलित भएको, सासू र लोग्नेबाट सताइएका उनीहरुका पीडा र व्यथा अभिव्यक्त भएका हुन्छन् । हाम्रो समाज बलेको आगो ताप्ने भने जस्तै छ । धनसम्पत्ति, जग्गा जमिनलाई प्रमुखता ठान्ने भएका कारण आफ्ना चेलीहरुलाई जग्गा जमिन हेरेर नपढेको केटालाई दिए जसको परिणाम एउटी चेलीले भोगिरहेका पीडालाई गीतमा यसरी अभिव्यक्ति प्रदान गरिएको छ :

बाहिर हेर्दा हजुरको टिनको छानो झलल
भित्र बसि खानु छ खोले सलल

## ४.१० कछारक्षेत्रमा प्रचलित लोकगीतमा प्रकृति चित्रण

तनहुँ कछारक्षेत्रका लोकगीतमा बनपाखा, गाउँबेसीँ, हिमाल-तराई, पहाड, नदीनालाबाट उब्जिएका छन्, सिर्जिएका छन् । घामपानी, हुरीबतास, असिनापानीसँग सामना गर्नुपर्ने लोकको अभिव्यक्तिमा प्राकृतिक जीवनका आरोह अवरोहको अभिव्यक्ति भएको छ । लोकगीतको जन्मथलो लोक जीवन हो, प्राकृतिक परिवेश हो । प्रकृतिसँग सङ्घर्ष गर्दै प्राप्त हुन आएका अनुभूतिको सहज प्रकाशन लोकगीतमा हुन्छ । लोकगीतहरु मेलापात, बनपाखा, घाँसदाउरा गर्दा, गाईवस्तु चराउँदा घन्कन पुग्छन् । यसर्थ लोकगीत प्राकृतिक जीवनसँग घनिष्ट हुन पुगेको हो । यहाँका प्रचलित लोकगीतहरुमा लेकबैंसी, नदीनाला, पहाडहरुको प्रकृतिको सजीव चित्रण गरिएको पाइन्छ । यस क्षेत्रका लोकगीतमा डाँडाकाँडा, भिरपाखा, उकालीओराली, बनफूल, जुनतारा, नदीहिमाल आदि प्राकृतिक

वस्तुको प्रस्तुति छ । यहाँका लोकगीतमा स्थानीय प्रकृति आएका छन् भने हिमाल, पहाड, जुनतारा आदि पनि समावेश भएका छन् । कछारक्षेत्र भइ बहने कालीगण्डकी, सेतीजस्ता रोसीहरुको नाम जोडिएका गीत पनि यस क्षेत्रमा प्रचलित छन् ।

‘क’ बैदिलेकको चीसो हावा सिमसिम पानी परेको
माया लाउन बेसीँ झरेको

तनहुँ जिल्ला साह्रै राम्रो गाउँ हाम्रो सारङघाट
लाइदेउ सानु के छ मनको आँट

सँगै हाँस्यौ सँगै नाच्यौ बनपाखा तारे भिर
बुझिनौनि सानु मेरो मनको पीर

बत्तीसै दन्त बोलाम बोलाम भइरहन्छ यो मन त
मन परेको फूल खसेको
तिम्लाई मैले नपाउनु रैछ र यति धेरै माया बसेको

(परिशिष्ट, ३.४.२.१, : ८६)

माथि उल्लेखित लोकगीतमा वर्णित बैदी, सारङघाट कछारक्षेत्रमा पर्ने बैदी गा.वि.स. र छिपछिपे गा.वि.स. ५ मा अवस्थित क्षेत्र हुन् ।

यसरी प्रकृतिक वातावरणका सन्दर्भबाट पनि स्थानीय लोकजीवनका आशा निराशा, माया मोह आदि भावना प्रकट भएको छ । प्राकृतिक सौन्दर्यमा हुर्केका, बढेका लोकप्रेमी तनहुँ कछारका मानिसहरुले पहाड, पखेरा, मेलापात, चौतारी, रोदी, चाडपर्व फुर्सदको बेला जे देखे जे भोगे त्यसैको यथार्थ चित्रण गर्दै सुस्केरा सुसेलेका छन्, गाएका छन् ।

### ४.११ कछारक्षेत्रमा प्रचलित लोकगीतमा लयविधान

लय लोकगीतको अनिवार्य र महत्त्वपूर्ण तत्त्व हो । लोकगीतका भावलाई रसात्मक गहिराइमा पुऱ्याउने तत्त्व नै लय हो । एउटा गीतलाई अर्को गीतको लयमा ढालेर गाउन सकिँदैन । कछारमा प्रचलित लोकगीत पनि भिन्न-भिन्न लयका छन् । यसको एक उदाहरण यसप्रकार रहेको छ ।

दाउरा र घाँसमा अल्भेको छोरीको जोवन
आँशुको धाराले भिजे हो सुखी छ नभन
चार दाजुभाइलाई बुबाले स्कुल पढाउने
म एउटी छोरीलाई बाबाले डाँडा कटाउने

( परिशिष्ट, ३.६.१ : ९१)

प्रस्तुत पङ्क्तिमा रहेको जोवान-नभन, पढाउने-कटाउनेजस्ता आनुप्रासिक योजनाले लयलाई श्रुतिमधुर बनाएको छ । अन्त्यानुप्रास मिलेको छ । लय विधानका दृष्टिले तनहुँको दक्षिण भेग कछारक्षेत्रका लोकगीत विभिन्न लयमा संयोजित छन् । भ्त्याउरे, रोइला, चुड्का, भजन, असारे, देउसी, मारूनी, घाटुजस्ता गीतहरु प्रचलनमा आएका छन् :

### ४.१२ कछारक्षेत्रमा प्रचलित लोकगीतमा अलङ्कार

अलङ्कार साहित्यको शोभा हो । अलङ्कारले अभिव्यक्तिलाई आकर्षित र मनोहर बनाउने काम गरेको हुन्छ । यहाँ प्रचलित सबैजसो लोकगीतमा शब्दालङ्कार पाइन्छ भने केही लोकगीतमा अर्थालङ्कार पनि भेटिन्छ :

चिलाउनेको हाँगा र विँगा टुप्पै बस्यो जुरेली
बरिलै टुप्पै बस्यो जुरेली
तै, जुरेलीलाई मारन पऱ्यो लेउन भाउजू गुलेली नी
बरिलै लेउन भाउजू गुलेली

प्रस्तुत गीतमा ल व्यञ्जनको प्रयोगले श्रुति मधुरता ल्याएको छ । तुकान्तमा रहेको स्वर संयोजन प्रक्रियाले पनि मधुरता थपेको छ । माथिका प्रत्येक पङ्क्तिमा रहेका स्वर व्यञ्जनको समता हाँगै, विँगै, टुप्पै,बरिलै मा रेहको 'ऐ' एकरुपता र अन्त्यमा देखिने ऐ/ए को प्रयोगमा समानता पाइन्छ । कछारक्षेत्रमा प्रचलित लोकगीतहरुमा प्रायः सबै गीतमा अन्त्यानुप्रास यसरी संयोजन भएको छ :

स्याउ भैं रातो गालो भैछ
चौंरीगाईको घिवैले
मन लोभ्यायो तिम्रो जिवैले ।

प्रस्तुत रोदी गीतमा स्याउ झैं रातो शब्दले अर्थालङ्कारमा उपमा अलङ्कारको संयोजन भएको छ ।

मिरमिरे साँझमा तिम्रै याद आउँछ
त्यै यादले मलाई सताउँछ

प्रस्तत पङ्क्तिमा आएको मिरमिरे साँझमा शब्दमा स्वभावोक्ति अलङ्कारको संयोजन भएको छ ।

पानी खाने तुरतुरे धारो
ढुङ्गाभन्दा मायाको मन सारो

प्रस्तुत गीतको टुक्कामा आएको अन्त्य शब्दमा मायाको मन ढुङ्गाभन्दा पनि साह्रो भन्नेमा व्यतिरेक अलङ्कारको संयोजन भएको छ ।

तिम्रै गलबन्दीमा झुन्डिएर मरौँला
संसार सबै छाडौँला

प्रस्तुत रोइला गीतमा आएको दोस्रो पङ्क्तिमा स्वभावोक्ति अलङ्कारको संयोजन भएको छ ।

### ४.१३ कछारक्षेत्रमा प्रचलित लोकगीतमा रसभाव

रस लोकगीतको अनिवार्य तत्त्व हो । रसले हृदयलाई आल्हादित पार्ने,काव्यलाई स्वादिलो बनाउने गर्दछ । लोकगीतको आन्तरिक सौन्दर्य भाव हो भने, रस आस्वादनपूर्ण आनन्दको अवस्था हो । साहित्यमा नवरस देखा पर्दछन् तर लोकगीतमा खासगरी पाँच रसको प्रधानता रहन्छ । ती पाँच रसमा शृङ्गार, करूण, हास्य, वीर, शान्त पर्दछन् । रसभावका दृष्टिले कछारक्षेत्रमा प्रचलित नेपाली लोकगीतमा शास्त्रीय परम्पराको निर्वाह खोज्न सम्भव छैन । यहाँका लोकगीतमा सम्पूर्ण रसको परिपाक भएको हुँदैन । तैपनि स्वतस्फूर्त अभिव्यक्ति भएका हुनाले कुनै न कुनै रस त अनिवार्य रहन्छ नै । यहाँ प्रचलित लोकगीतमा प्रायः सबै रसको उपस्थिति भए तापनि धेरै जसो शृङ्गार, हास्य, करूण र वीर रसको नै प्रमुखता रहेको छ । शान्त रसका गीत पनि यहाँ पाइन्छन् ।

#### ४.१३.१ शृङ्गार रस

यहाँ प्रचलित लोकगीतमा शृङ्गार रसको मधुर व्यञ्जन विभिन्न प्रसङ्ग र अवस्थामा भएको छ । यहाँका गीतहरुमा सवाल जवाफ गरिने हुनाले रोदी गीतमा रोमाञ्चकता र शृङ्गारिकता प्रशस्त हुन्छ । यस्ता गीतमा भावनात्मकता पनि अत्यधिक नै रहन्छ । यहाँ प्रचलित रोदीगीतमा शृङ्गार रसमा अभिव्यक्त गीतको अंश यसप्रकार रहेको छ :

रोदी खालमा बसेर माया लाउँ नानी,
आएछ तिम्रो फूलको जवानी ।

प्रस्तुत गीतमा रोदी खालमा बसेर माया लाउन आग्रह गर्दै कोपिला फक्रिएर फूल जस्तै जवानी चढेको कुरामा शृङ्गारिकता भेटिन्छ । त्यसैगरी यहाँ प्रचलित चुड्का गीतमा शृङ्गारिकताको अंश यस प्रकार रहेको छ :

केटी : सम्झनाको फूलबारीमा एउटा फूल फूल्या छ,
त्यै, फूलदेखि यो मन भुल्या छ ।
केटाः आउ काखमा, बसन मुसुक्कै हाँसन,
मीठो माया लाउन कसन ।

(परिशिष्ट, ३.४.८.२ : ९०)

प्रस्तुत चुड्का गीतमा मायालाई एउटा सुन्दर फूलसँग तुलना गरी त्यै फूललाई हेरेर यो मन भुलेको कुरा व्यक्त गर्दै, काखमा बसेर, मुसुक्क हाँसेर माायाप्रीति गाँस्नका लागि अनुरोध गर्दै प्रेमजोडीको शृङ्गारिकतालाई प्रस्तुत गरिएको छ ।

**४.१३.२ करूण रस**

कछारक्षेत्रमा प्रचलित लोकगीतहरु मनोरञ्जन र आनन्दका लागि गाइने भए तापनि यी गीतहरु मानवीय पीडा, व्यथा र संवेदनालाई च्वास्स छुने खालका करुण रसप्रदान गीतहरु पनि प्रचलित छन् ।

आमा तिम्रो दुधैको भाराले
पाइन सुख म कर्म हाराले

(परिशिष्ट, ३.५.१ : ९१)

प्रस्तुत गीतमा एउटी चेलीले व्यक्त गरेका दुःख पीडा र बेदना अभिव्यक्त भएको छ । जीवनभर दुःखै दुःखमा बाँच्नु परेको व्यथा अनि कथा व्यक्त भएको छ ।

### ४. १३.३ शान्त रस

शान्त रस युक्त लोकगीतले तड्पिँदो मन र चहरिँदो छातीलाई शीतलता प्रदान गर्दछ । तनहुँको दक्षिण क्षेत्र कछारका लोकगीतमा शान्त रसको प्रधानता पाइन्छ । खासगरी धार्मिक भावना भएका भजन, सवाई, श्लोक आदि उप विधामा शान्त रस अभिव्यक्त भएको छ । यहाँ प्रचलित भजनको एक अंश यसरी प्रस्तुत गरिएको छ :

हिमालैमा बस्छन् उनी हिमालैका राजा
खान्छन् बिखभाङ धतुरो अनि खान्छन् गाँजा

भन्छन भक्त आइदेऊ[२]
आइदेउ बिखभाङ चढाइदेऊ

यसरी कछारक्षेत्रका लोकगीतमा भक्ति रसले पनि स्थान पाएका छन् । यहाँ प्रचलित मारूनी गीत कृष्ण चरित्रमा आधारित भएकाले भक्तिरस प्रधान छन् । घाटुमा करूण रसको परिपाक भएको पाइन्छ ।

### ४.१४ निष्कर्ष

तनहुँ जिल्लाको दक्षिण भेग कछारक्षेत्रमा प्रचलित लोकगीत लामा-छोटा, आख्यानयुक्त, आख्यानमुक्त, वाद्यरहित, वाद्यसहित गीतहरु प्रचलित छन् । यहाँ पाइने कतिपय छोटा गीतहरुमा कथ्य विषय हुन्छन् तापनि कतिपय गीतहरुमा कथ्य विषय पहिल्याउन निकै मुस्किल पर्दछ । रत्यौली गीतका रुपमा आँगनीमा भ्कार गीत विशुद्ध मनोरञ्जन प्रदान रहेको छ । कटाक्षयुक्त रोमाञ्च गीतको प्रस्तुति सन्दर्भ बनेको छ । असारे गीत, पातैभ्करी पालुवा र दाइँ गीत ऋतुकालीन गीत हुन् । असारे र दाइँ गीत श्रम कर्मसित पनि जोडिएका छन् भने पातै भ्करी पालुवाको लय असारे गीतसँग मिल्दो छ । प्रस्तुत गीतको कथ्य सन्दर्भले पनि ऋतु विशेषलाई नै सङ्केत गरेको छ । असारे गीतमा आर्थिक अवस्था सुधार्न गरिबी बाधक रहेको कुरा कथ्य विषय बनेको छ भने दाइँ गीतमा अन्नको सह ल्याउने, विषय कथ्य बनेको छ । दसैं गीतमा ऋण गर्नु पर्ने बाध्यता र सत्यको जित कथ्य विषय बनेको छ । देउसी भैलीमा बलिराजाको पौराणिक प्रसङ्गको स्मरण गरिएको छ ।

घरबेटीलाई आशीर्वाद र प्रशंसा यसको कथ्य रहेको छ । तीज गीतमा लैङ्गिक भेदभाव र माइतीदेखि टाढा हुनु परेको वेदना कथ्य बनेको छ । सदाकालिक गीतअन्तर्गत रोदीमा उमेर पुगेका ठिटा-ठिटीहरुमा मायाप्रीतिका गीत गाई जीवन साथी बन्ने कुरा कथ्य विषयका रुपमा आएको छ । रोइला गीतमा खोले सिस्नो खाएर भए पनि आफ्नै गाउँठाउँमा बस्ने देशभक्तिपूर्ण भावना कथ्य विषय बनेको छ । त्यसैगरी सालैजो गीतमा उमेर पुगेका युगल जोडी बीच दाम्पत्य जीवन विताउने कथ्य आएको छ । तालपानीको छेउ सदाकालिक गीतमा दिलभित्र बस्न योग्य माया कहीँ नभेटिएकोले उसको मनको तृष्णा नमेटिएको कथ्य व्यक्त भएको छ । त्यसैगरी हो राजै पियारी भन्ने गीतमा साउन महिनामा कोदो रोप्न जाँदा दुधे मकै खाँदाको क्षणको सम्झना गीतमा कथ्य विषयका रुपमा आएको छ । चुड्का गीतमा मायाप्रीति र जीवनका दुःख-सुखहरु कथ्य विषय बनेका छन् । नारी बेदनाका गीतमा पीडित महिलाको करूण व्यथा कथ्य बनेको छ । सवाई गीतको कथ्य १९९० सालको प्रलयकारी भूकम्पले निम्त्याएको क्षति बनेको छ । घाटुमा मङ्गलाचरण खण्डअन्तर्गत इष्ट देवताहरु-हिमचुली, देवचुली, बरैचुलीको स्तुति गायन छ । दोस्रो चरणमा घाटुली जगाउने, तेस्रोमा खाजा खाएको प्रसङ्ग, चौथोमा नदीमा जालखेल्ने, पाँचौमा सिकार खेल्ने प्रसङ्ग, छैटौँमा विवाहको सन्दर्भ, सातौँमा राजा पश्रामु र रानी अम्बावतीबाट छोरा बालकृष्ण बालाको जन्म प्रसङ्ग, आठौँमा राजा घाइते भई मरेको र रानी सती गएको मूल कथावस्तु छ भने नवौँमा घाटु धुऱ्याउने तथा सेलाउने कुराबाट अन्त्य भएको छ ।

मारूनी कृष्णचरित्रमा कृष्णको लीला, कृष्णले गोल्यानी नुहाउन जाँदा लुगा लुकाइदिएको प्रसङ्ग, कंसले भान्जा कृष्णलाई मार्न लगाएको प्रसङ्ग कथ्य विषय बनेको छ । मारूनी गीतका कथ्य वस्तु श्रृङ्खलित रुपमा लिपिबद्ध नभएको र सामग्री पनि अस्पष्ट र विशृङ्खलित छ ।

समाज चित्रणका हिसाबले यहाँका लोकगीतमा दुःख-सुख, मायाप्रीति, भाग्यको फल भोग्नु पर्नेजस्ता विषय आएका छन् । आर्थिक अवस्थाको चित्रणमा कृषि पेशामा आधारित समाज, गरिबी, दुःख र पीडाका साथ उकाली ओराली गर्दाका दुःख आदि व्यक्त भएको छ । प्रकृति चित्रणका हिसाबले कालीगण्डकी, सेती नदी, बैदी लेक, सारङ्घाट, देवघाट, उकाली, ओराली, तारेभिर, बनपाखाजस्ता प्राकृतिक स्थान वा दृश्यहरु आएका छन् । यहाँका लोकगीतहरुमा सांस्कृतिक हिसाबले चाडपर्व मान्ने पिङ खेल्ने, रोदी बस्ने, देवी देवतालाई मान्ने, लगाइ-खुवाइ, जीवनशैली, धार्मिक संस्कारजस्ता सांस्कृतिक पक्षहरु गीतमा अभिव्यक्त

भएका छन् । लयका दृष्टिले यहाँ झ्याउरे लय, भजन, असारे, भैलो, घाटु, मारूनी, लयका गीतहरु प्रचलित छन् । अलङ्कारका दृष्टिले शब्दालङ्कार र अर्थालङ्कारयुक्त गीतहरु रहेका छन् । उपमा, स्वभावोक्ति, रुपक, अन्त्यानुप्रास जस्ता अलङ्कारहरुले यस क्षेत्रका लोकगीतहरु अझ सुन्दर बनेका छन् । रसभावका आधारमा यहाँ प्रचलित गीतमा शृङ्गार, करुण, हास्य र शान्त रसको संयोजन छ ।

यसरी यस क्षेत्रमा प्रचलित गीतहरुमा धेरैथोरै रुपमा कुनैनकुनै कथ्य विषय लुकेको नै छ । यसमा स्थानीय समाज चित्रण, प्रकृति चित्रण, आर्थिक अवस्थाको चित्रण, सांस्कृतिक चित्रण भएको छ । विविध लोकलय, अलङ्कार, रसभावको सहज र सुन्दर अभिव्यक्ति र प्रयोग यी लोकगीतहरुमा भएको छ ।

# परिच्छेद:पाँच

## उपसंहार

### ५.१ विषय प्रवेश

**प्रस्तुत उपसंहार खण्डमा शोधपत्रको सारसङ्क्षेप, शोध निष्कर्ष, शोधको उपलब्धि र आगामी शोधकार्यहरूका निम्ति सम्भाव्य शोध शीर्षकहरूको उल्लेख गरिएको छ ।**

### ५.२ सारसङ्क्षेप

तनहुँ कछारक्षेत्रमा प्रचलित नेपाली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषणसित सम्बध प्रस्तुत शोधकार्यको प**हिलो परिच्छेद** शोधपरिचयसित सम्बन्धित छ । यसमा, समस्याकथन समस्याको कथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, सामग्री सङ्कलन, शोध विधि र शोधकार्यको सीमाङ्कन र क्षेत्र निर्धारण र शोधपत्रको रुपरेखा प्रस्तुत छ ।

**दोस्रो परिच्छेद** तनहुँ कछारक्षेत्रको समाज, संस्कृति र लोकसाहित्यसित सम्बन्धित छ । यस क्षेत्रमा जिल्लाका ४६ गा.वि.समध्ये कोटा, बैदी, छिपछिपे, देवघाट र भिरकोट पाँच गा.वि.स. पर्दछन् । यो क्षेत्र भौगोलिक विकटता बोकेको र विकासको दृष्टिले ओझेलमा क्षेत्र छ । बाहुन, क्षेत्री, गुरूङ, मगर, कामी, बोटे र भुजेल जातिको बसोवास रहेको यस क्षेत्रमा हिन्दू, बौद्ध, क्रिश्चियन धर्मावलम्बीहरु छन् । दसैं, तिहार यहाँका मुख्य चाड हुन् । चाडपर्व, उत्सव, संस्कारहरु लगायत दैनिक जीवनयापनसँग सरोकार राख्ने क्रियाकलापहरुमा लोकगीत गाउने प्रचलन छ । जातिगत जनसांख्यिकीलाई हेर्दा यहाँ गुरूङ मगर जातिको बाहुल्य छ । हिन्दू र बौद्ध धर्मालम्बीहरुको बाहुल्य रहेपनि यहाँ क्रिश्चियन धर्मले पनि आफ्नो प्रभाव जमाउँदै लगिरहेको छ । न्वारन गर्ने, पास्नी, छेवर, ढोग फुकाउने यहाँका प्रमुख संस्कार हुन् । मृत्युसंस्कारमा मगर जातिमा हिन्दू परम्परा अनुसार मृत्यु संस्कार गरिन्छ भने गुरूङ जातिमा मृत्युसंस्कारमा अर्घौं गर्ने चलन छ । यो क्षेत्र लोकसाहित्यका दृष्टिले उर्वर छ । यहाँ ऋतुकालीनगीत, पर्वगीत सदाकालिकगीत, रत्यौलीगीत, आनुष्ठानिकगीतहरु प्रचलित छन् ।

**तेस्रो परिच्छेद** लोकगीतको सैद्धान्तिक स्वरुप र तनहुँ कछारक्षेत्रको लोकगीतहरुको वर्गीकरणसित सम्बन्धित छ । लोकगीत लोकसाहित्यको प्रमुख विधा हो । स्थानीय लोकभाकामा एक व्यक्तिबाट अर्को व्यक्तिमा हस्तान्तरित हुँदै लोकगीत जीवन्त बन्दछ । नदीजस्तै अविरल रुपमा स्वच्छन्द भएर बहने लयात्मक अभिव्यक्ति लोकगीत हो । लोकगीतमा मानव मस्तिष्कमा छिट्टै प्रभाव पार्ने क्षमता हुन्छ । लोकको सामाजिक सम्पत्तिका रुपमा लोकगीतहरु फक्रँदै र हुर्किँदै आएका छन् । रचनाकार र रचनाकालको अज्ञातता, मौखिक एवम् श्रुति परम्परामा आधारित, सामूहिक अभिव्यक्ति, परिवर्तनशीलता, सरल र सहज लयात्मकता, पुनारावृत्ति, मनोरञ्जनात्मकता, प्रभावकारिता, हार्दिकताको प्रधानता, लोकतत्वको प्रधानता आदि लोकगीतका विशेषताहरु हुन् । भाव/विचार, उद्देश्य, भाषा, शैली, लय लोकगीतका तत्वहरु हुन् । लोकगीतका गौण तत्त्व हुन् । आख्यानगत, जातीय, लिङ्गगत, उमेरगत,प्रस्तुतिगत, विषयवस्तु,रसभाव, एकल वा समूहगत आदि लोकगीतको वर्गीकरणका आधार हुन् ।

**चौथो परिच्छेद** तनहुँ कछारक्षेत्रमा प्रचलित लोकगीतको अध्ययन विश्लेषणसँग सम्बन्धित छ । यस परिच्छेदमा रत्यौलीगीतका रुपमा आँगनीमा झारगीत यहाँ प्रस्तुत छ । यो विशुद्ध मनोरञ्जनयुक्त गीत हो । यसमा शृङ्गार र हास्यरस छ । दुलाहा पक्षबाट जन्ती गइसकेपछि दुलाहाका आफन्त महिलाहरु जम्मा भएर जोगी बनेर मादल बजाई रसरङ्गका साथ यो गीत प्रस्तुत गरिन्छ । ऋतुकालीन गीतअन्तर्गत असारे र दाइँगीत प्रस्तुत छन् । असारेगीत खेत रोपाइँका अवसरमा महिलाहरुद्वारा सामूहिक रुपमा गाइने वाद्यरहित गीत हो । आर्थिक अभावका कारण आफ्नी प्राणप्यारी पातली नानीलाई फरिया किन्दा ऋण लागेको कुरा प्रस्तुत गीतमा अभिव्यक्त छ । आफ्ना परिवारको चाहना पूरा गर्नको लागि गरीबी बाधक भएको कुरा यसमा व्यक्त भएको छ । दाइँगीतको प्रस्तुतिमा सामूहिकता प्रकट भएको छ । कोही गोरू धपाउने, कोही पराल छिरल्ने, कोही धान झाँट्ने सबै आ-आफ्ना कार्यमा व्यस्त हुन्छन् । गोरू धपाउनेले गीत गाउँछन् । गीतमा गोरूको कामको प्रशंसा गर्दै अन्नको ऐश्वर्य ल्याउने सिमलचरीलाई आह्वान गरिएको छ । दसैंगीतअन्तर्गत, रिसराग छैन कसैलाई  शीर्षकको गीत रहेको छ । यस गीतमा रिसराग त्यागेर हर्षकासाथ दसैं मनाउन सबैका लागि आह्वान गरिएको छ । दसैंलाई सत्यको जितको प्रतीकको रुपमा हेरिएको छ । भैलो गीतमा बलिराजाको पौराणिक प्रसङ्गलाई समेटिएको छ । यसमा घर लिपपोत गरेको र घरबेटी आमाले के के दिन्छिन् भनी उत्सुकताका साथ पर्खेको तथा घरबेटीलाई फुर्क्याइएको कुरा अभिव्यक्त भएको छ । देउसी गीतको कथ्य भैलोसँग मिल्दोजुल्दो छ ।

प्रस्तुतिको ढाँचा र शैलीमा मात्र भिन्नता छ । तीजगीतअन्तर्गत तीजको बेलामा, बाहिर हेर्दा, कसले भन्छ, कति गरौ बयान, टुप्पै बस्यो जुरेली र छोरीलाई पढाऊ बाबा शीर्षकका गीतहरु रहेका छन् । यी गीतहरु महिलाहरुका पीर, व्यथा र समाजमा रहेका विकृति र विसङ्गतिसँग सम्बद्ध कथ्य विषयहरु रहेका छन् ।

सामूहिक गीतअन्तर्गत चारवटा झ्याउरेगीत, चारवटा रोदीगीत, एउटा सालैजो, दुईवटा चुड्का, एउटा घँसिया, दुईवटा नारीवेदनाका गीत, एउटा सवाई, दुईवटा भजन, एउटा बालगीत र दुईवटा आनुष्ठानिकगीत रहेका छन् । तिमी मेरो म तिम्रो हुने, रोदी खालमा बसेर, लर्के जवानी, कता झरेको झ्याउरे लयका गीतहरु हुन् । तिमी मेरो म तिम्रो हुनेमा प्रेमप्रेमीकाको लक्ष्य पुरा भएको दिनमा चन्द्रमा छोएको अनुभव हुने, त्यो दिन कहिले आउँछ भन्ने भाव व्यक्त भएको कुरा प्रस्तुत गरिएको छ । रोदीखालमा बसेर भन्नेगीतमा उमेर पुगेका ठिटा-ठिटीहरुले मायाप्रीतीका गीत गाई जीवनसाथी बन्ने कुरा कथ्य विषयका रुपमा आएको छ । कता झरेको गीतअर्न्गात जिउडाल अतिराम्रो परेकी र हिस्सी अनुहार परेकी प्रेमिकालई देख्दा मन लोभिएको कथ्य गीतमा प्रकट भएको छ ।

कुनै एउटा घटनालाई विषय बनाएर गाइने सवाई गीतमा वि.सं. १९९० सालको महाभूकम्पको घटना कथ्य विषय बनेर आएको छ । शिवजीको स्तुतिमा आधारित भजनमा धार्मिक भावना अभिव्यक्त भएको छ । बालगीतमा बालबालिकालाई मनोरञ्जन प्राप्त हुनुका साथै उपदेशमूलक कुरा व्यक्त भएका छन् । लामा गाथायुक्त गीतमा घाटु र मारूनी रहेका छन् । घाटुमा राजा पश्रामु र रानी अम्बावतीको विवाह भएको प्रसङ्ग, सिकारको प्रसङ्ग, लडाइँमा राजा गएको, राजाले वीरगति प्राप्त गरेको प्रसङ्ग आउनुका साथै राजाको मृत्युपश्चात् राजासँगै रानी सती गएको कथ्यवस्तु रहेको छ । यस क्षेत्रमा कृष्णचरित्रमा आधारित मारूनीगीत प्रचलनमा रहेको छ । कृष्णचरित्रमा गोपिनीहरु मथुरामा नुहाउँदा कृष्णले गोपिनीहरुको लुगा लुकाइदिएको प्रसङ्ग कथावस्तुका रुपमा अभिव्यक्त भएको छ ।

समाजका चित्रणका सन्दर्भमा कछार क्षेत्रका लोकगीतमा लैङ्गिक विभेद, भाग्यवादी दृष्टिकोण, गरीबीको चित्रण, एकल महिलाका व्यथा, रोदी प्रथाजस्ता विषयहरु अभिव्यक्त भएका छन् ।

यस क्षेत्रमा प्रचलित लोकगीतमा आर्थिक अवस्थाको पनि चित्रण पाइन्छ । असारेगीतमा प्रकट भएको दृश्य विषय, आर्थिक अभावका कारण पातलीनानीलाई फरिया किन्दा छ बीस ऋण लागेको कुराले आर्थिक अवस्थालाई झल्काएको छ । दसैंजस्तो महान् चाडमा पनि गरीबीका कारण ऋण गर्नु पर्ने बाध्यता र त्यसले पारेको असर गीतको मुख्य

विषय बनेको छ । कछारक्षेत्रका गीतहरु बन-पाखा, हिमाल, तराई, पहाड, नदीनालाबाट सिञ्चिएका छन् । यहाँका लोकगीतहरुमा घामपानी, हुरीबतास, लेकबँसी, नदीनाला, पहाडहरुको सजीव चित्रण गरिएको छ । कछारक्षेत्र भई बहने कालीगण्डकी र सेती नदीजस्ता नाम जोडिएका गीतहरु पनि यस क्षेत्रमा प्रचलित छन् । यी गीतहरुले त्यहाँको स्थानीयता झल्काउने काम गरेका छन् । लयका दृष्टिले कछारक्षेत्रमा प्रचलित लोकगीतमा झ्याउरे लय, असारे लय, देउसी, भैलो लय, भजन, घाटु र मारूनी लयका गीतहरु प्रचलनमा छन् । अलङ्कारको संयोजनको सन्दर्भमा यहाँ प्रचलित गीतमा उपमा, रुपक, स्वभावोक्ति, उत्प्रेक्षा तथा श्रुत्यनुप्रास, वृत्यनुप्रास, अन्त्यानुप्रासजस्ता अलङ्कारको सहज संयोजन भएको छ । रसभावका आधारमा विश्लेषण गर्दा, शृङ्गार रस, हास्य रस, करूण रस, शान्त रस र वीर रसको संयोजन भएको पाइन्छ । घाटुमा करुण रस र मारूनीमा शान्त रसको संयोजन भएको छ ।

**पाँचौ परिच्छेद** उपसंहारसँग सम्बन्धित छ । यसमा अध्याय एकदेखि चार सम्मको सार संक्षेप प्रस्तुत गरिएको छ ।

## ५.३ शोधको निष्कर्ष

लोकगीत लोकको भाषिक, कलात्मक र लयात्मक गीति अभिव्यक्ति हो । लोकगीत उन्मुक्त गलाबाट स्वतः निःसृत अनुभूतिको हार्दिक र तीव्रताको उच्छ्वास हो । हरेक विधाका आ- आफ्ना तत्त्व भएझैं लोकगीतका पनि भाव, उद्देश्य, भाषा, शैली र लय प्रमुख तत्त्व र आख्यान, संवाद आदि गौंण तत्त्व हुन् ।

तनहुँ कछारक्षेत्र विभिन्न जात जातिको बसोबास भएको धार्मिक सहिष्णुतामा बाँचेको, विकासको अवसरबाट पछि परेको भए पनि लोक संस्कृति र लोक परम्पराका दृष्टिले धनी छ । यहाँका मानिसहरुको जीवन पद्धतिमा भेटिने मौलिकताले लोकसंस्कृति र लोकगीतको संरक्षण र संवर्धनमा उल्लेख्य योगदान गरेको छ । यसक्षेत्रमा प्रचलित लोकगीतहरुलाई विभिन्न आधारमा वर्गीकरण गरेर अध्ययन गरिएको छ । विषय सन्दर्भका आधारमा संस्कारगीतमा रत्यौली, ऋतुकालीन गीतमा असारे, दाँइँ, पर्वगीतमा, दसैं, भैलो, देउसी, तीजेगीत, नारी  वेदनाकागीत, धार्मिक गीत, भजन, बालगीत, घटनाप्रधानमा सवाईगीत, प्रेमपरक सदाकालिकगीतमा रोदी, रोइला, सालैजो र घँसियागीत र लामा गाथायुक्त आनुष्ठानिक गीतहरु प्रचलित छन् । यस क्षेत्रमा प्रचलित लोकगीतहरुले स्थानीय रुपमा ग्रामीण परिवेशको जीवनशैली, संस्कृति, रीतिरिवाजलाई चिनाउने काम गरेका छन् । यी

लोकगीतहरु विभिन्न कथ्य विषयमा आधारित छन् । संस्कारगीत अन्तर्गत पर्ने रत्यौलीगीत आँगनीमा झार विशुद्ध मनोरञ्जन प्रधान रहेको छ । कटाक्षयुक्त रोमाञ्चगीतको प्रस्तुति सान्दर्भिक बनेको छ । ऋतुकालीन/कर्मगीतमा, असारेगीतमा आर्थिक अवस्था सुधार्न गरीबी बाधक रहेको कथ्य आएको छ । दाईंमा अन्नको सहल्याउने कथ्य विषय बनेको छ भने पर्वगीतअन्तर्गत पर्ने दसैंमा ऋण बोक्नुपर्ने बाध्यता र सत्यको जित हुने कुरा कथ्य विषयका रुपमा आएको छ । भैलो, दोउसीमा बलीराजाको प्रसङ्ग र घरबेटीलाई दिइने आशिर्वाद र प्रशंसा कथ्य बनेको छ । जीजे गीतमा लैङ्गिक समानता, माइतीप्रतिको मोह कथ्य बनेको छ । प्रेम प्रसङ्ग जोडिएका सदाकालिकगीत रोदी, चुड्का, रोइला, सालैजो, तालपानीको छेऊ, हो रसै पियारी, हो राजै पियारी जस्ता लोकगीतहरुमा प्रेम कथ्य विषय बनेको छ । सवाइगीतमा १९९० सालको भूकम्पले निम्त्याएको क्षति कथ्य बनेको छ भने घाटुमा राजा पश्रामु लडाईंमा मरेको र रानी अम्बावती सती गएको कथ्य आएको छ । मारूनीमा कंशले भान्जा कृष्णलाई मार्न लगाएको कथ्य विषय आएको छ । यसरी यहाँ प्रचलित लोकगीतमा स्थानीय समाज चित्रण, प्रकृति चित्रण, आर्थिक अवस्थाको चित्रण र सांस्कृतिक अवस्थाको चित्रण गरिएको छ ।

## ५.४ शोधको उपलब्धि र योगदान

लोकगीत समग्र नेपाली जीवनको ढुकढुकी हो, मर्म हो, सुख दुःखको सुसेली हो । तनहुँ कछारक्षेत्रमा प्रचलित लोकगीतहरुले स्थानीय रुपमा नेपाली ग्रामीण परिवेशको जीवनशैली, विविधतापूर्ण संस्कृति रीतिरिवाजलाई चिनाउने महत्त्वपूर्ण काम गरेको छ । क्षेत्रीय आधारमा गरिएको यस शोधकार्यबाट तनहुँको कछार क्षेत्रमा के कस्ता गीतहरु गाइन्छन् आदि कुराको जानकारी प्राप्त हुन्छ । यस शोधकार्यले नेपाली लोकसंस्कृतिमा लोप हुन लागेका मौलिक लोकगीत र लोकलयलाई जोगाउन केही न केही योगदान मिलेको छ । नेपाली लोकगीतको परम्परा थाहा पाउनु, लोक सम्पदाको संरक्षण र संवर्द्धनमा यस शोधकार्यले थप योगदान दिने कुरा विश्वास गर्न सकिन्छ ।

यस क्षेत्रमा आगामी थप अनुसन्धानका निमित्त सम्भाव्य शोध समस्या वा शीर्षकहरु निम्नलिखित हुन सक्ने देखिन्छन् :

क) तनहुँ कछारक्षेत्रमा प्रचलित उखानको सङ्कलन, वर्गीकरण र विश्लेषण ।

ख) तनहुँको कछारक्षेत्रमा प्रचलित लोकगाथाहरुको सङ्कलन, वर्गीकरण र विश्लेषण ।

ग) तनहुँ कछारक्षेत्रमा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण ।

घ) तनहुँ कछारक्षेत्रका गुरूङ समाजमा पाइने घाटुगीत र लमजुङको करापुटारका गुरूङ समाजमा प्रचलित घाटुगीतको तुलनात्मक अध्ययन ।

# सन्दर्भग्रन्थ सूची

**क) पुस्तकहरु**


कोइराला, शम्भुप्रसाद, **लोकसाहित्य सिद्धान्त र विश्लेषण,** विराटनगर : धरणीधर पुस्तक प्रतिष्ठान, (२०५५) ।

जोशी, सत्य मोहन, **हाम्रो लोक नृत्य र लोकगीत,** काठमाडौँः रत्नपुस्तक भण्डार, (२०१४) ।

थापा, धर्मराज, **गण्डकीका सुसेली,** काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, (२०३०), पृष्ठ १४-१५५) ।

थापा, धर्मराज र सुवेदी, हंसपुरे, **नेपाली लोकसाहित्यको विवेचना,** काठमाडौँ : त्रि.वि. पा.वि.के. (२०४१) ।

पन्त, कालीभक्त, **हाम्रो सांस्कृतिक इतिहास,** स्याङ्जाः लेखक स्वयम्, (२०४३), पृष्ठ १२१-१२३ ।

पराजुली, कृष्णप्रसाद, *नेपाली लोकगीतको आलोक,* काठमाडौँ : वीणा प्रकाशन प्रा.लि. ( २०५७)

बन्धु, चूडामणि, **नेपाली लोकसाहित्य,** काठमाडौँ : एकता बुक्स (२०५८) ।

बराल, मगर केशरजङ्ग, **पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरुको संस्कृति,** काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, (२०५०), पृष्ठ ११७-१९१ ।

लोहनी, लक्ष्मण, **रोदीघर,** काठमाडौँ : लोकगीत प्रकाशन मण्डल (२०१३) ।

विष्ट, डोरबहादुर, **सबै जातको फुलवारी,** ललितपुर : साझा प्रकाशन,(२०५२) पृष्ठ ७८-७९ ।

शर्मा, वसन्तकुमार, **नेपाली शब्दसागर,** काठमाडौँ : भाषा पुस्तक भण्डार (२०५८) ।

शर्मा, मोहनराज र लुईटेल, खगेन्द्रप्रसाद, **लोकवार्ता विज्ञान र लोकसाहित्य,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, (२०६३) ।

श्रेष्ठ, दयाराम, **प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा,** काठमाडौँ : पा.वि.के. त्रि.वि.,( २०३८) ।

सापकोटा, होमनाथ 'सिद्धार्थ', *नेपाली लोकगीत परिचय, विश्लेषण र मूल्याङ्कन, मारुनी सातौँ फन्को,* काठमाडौँ, (२०४५) ।

**ख) शोध तथा अध्ययन पत्र**

अधिकारी, उषा, **तनहुँ, चोक चिसापानी दुधे कुना क्षेत्रका गन्धर्वजातिमा प्रचलित लोकगीतहरुको सङ्कलन र वर्गीकरणमूलक अध्ययन,** भरतपुर : नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, (अ. प्र. स्नातकोत्तर अध्ययनपत्र), (२०६४) ।

गुरुङ्ग, सरिता, **गुरुङ्ग संस्कृतिमा रोदी गीतको अध्ययन,** कीर्तिपुर : (अप्रकाशित स्नातकोत्तर शोधपत्र ) केन्द्रीय नेपाली विभाग त्रि.वि. (२०५४) ।

पोखरेल, तारानाथ, **गोरखा जिल्लाको धावा गा.वि.स.मा प्रचलित लोकगीतहरुको सङ्कलन, वर्गीकरण र विश्लेष्णात्मक अध्ययनपत्र,** भरतपुर : नेपाली विभाग वीरेन्द्र बहुमुखी क्याम्पस, (अ.प्र. स्नातकोत्तर अध्ययनपत्र) (२०६२) ।

भट्टराई, अम्बिकाप्रसाद, **तनहुँ ढोरका लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण,** त्रि.वि. केन्द्रीय नेपाली विभाग (अ.प्र. स्नातकोत्तर शोधपत्र) (२०५२) ।

ढुङ्गाना, केदारनाथ, **तनहुँ धरमपानीको गुरुङ्ग समाजमा प्रचलित लोक गीतको सङ्कलन, वर्गीकरण र विश्लेषण,** भरतपुर : नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस (अ. प्र. स्नातकोत्तर शोधपत्र) (२०६५)

**ग) पत्रपत्रिका**

मिश्र, डिल्लीराम,*नेपाली लोकसाहित्यमा रोदी परम्परा,* **गरिमा** मासिक, ललितपुर साझा प्रकाशन, (२०६६-भदौ) वर्ष २७, अङ्क ९, पूर्णाङ्क ३२१, पृ १०९ ।

**सामुदायिक विकासकेन्द्र प्रोफाइल,** तनहुँ : कछार सामुदायिक विकास केन्द्र (२०६५) पृ. २ ।

**स्रोत केन्द्र प्रोफाइल**, तनहुँ : जि.शि.का., दमौली ( २०६४) पृ. १२ ।

नेपाल, पूर्णप्रकाश ‘यात्री’, *विचारमञ्च,* ***मधुपर्क,*** काठमाडौं : (२०६६) पृ. २०२ ।

*छिपछिपे गाउँ विकास समिति,* **छिपछिपे गाउँ विकास समिति पार्श्व चित्र**, तनहुँ : गा.वि.स.को कार्यालय, ( २०६७) पृ.२ ।

**ई-मेल**

जतउस्ररपअमअतबलबजगला़यचनालउर

# परिशिष्ट खण्ड

## परिशिष्ट एक :         सङ्कलित लोकगीत

**१. रत्यौली गीत  : १.१ आँगनीमा भार**

सर्पको काँचुली मौरीको घार,
दुलाहकी आमालाई आगनीमा भार ।
ओजी-ओजीले जोगी खोजी-खोजी ले,
दुलाहकी आमालाई खोजी-खोजी ले ।

ह ह ह

धान काट्ने कछिया त कपाल काट्ने कैँची,
दुलाहकी आमालाई बेस्कनी खैँची ।
अक्दै अकेन जोगी अक्दै अकेन,
दुलाहकी आमालाई सक्दै सकेन ।

ह ह ह

सर्पको काँचुली मौरीको घार,
दुलाहकी भाउजूलाई आगनीमा भार ।
ओजी-ओजीले जोगी खोजी-खोजी ले,
दुलाहकी भाउजूलाई खोजी-खोजी ले ।
तरकारीलाई चुलेसी त कपाल काट्ने कैँची,
दुलाहकी भाउजूलाई बेस्करी खैँची ।

*स्रोत : बसुन्धरा पौडेल, बर्ष ८० देवघाट-२ तनहुँ*

**२ ऋतुकालीन गीत  : २.१ असारे गीत**

असारे मासको दबदले हिलो छि मलाई घिन लाग्यो
पातली नानीलाई फरिया किन्दा छ बीस रिन लाग्यो
लामखुट्टे लाग्छन् खोपिमा उपयाँ
फरिया दिँदा डाहानी हुन्छ लाउ कान्छी रुपयाँ

ह ह ह

न बाहिर बोक्रो न भित्र खोक्रो गुलियो कसार
पूर्वमा ढोका उघारी हेर्दा लागेछ असार
लागेछ असार हो किन होइन हो भनी देउन
लागेछ असार

*स्रोत : बसुन्धरा पौडेल, बर्ष ८० देवघाट-२ तनहुँ*

**२.२ पातै झरी पालुवा**

हो राजै हो ..............
पातै झरी पालुवा र लाग्यो पातालको दुनीमा
होनी हो चरी मारौ सानु मरी केछ लानु
एकै बारको जुनीमा
राजै हो हातैमा र लिम्ला कलमै र मसी लेखौँला खर्खरी
सिम्खानी र सिमलाई मालको रानी तिम्लाई
सम्झँदा खेरी रुन्छ मन धरधरी
राजै हो क वन र पाखा सिरसिरे हावा सालको पात फर्किन्थ्यो[२]
मनमा गुन्दा न्याउली रोको सुन्दा झनै मन धर्किन्थ्यो
हो राजै हो ................
लेक तिर जाँदा काफल टिपि खाँदा अति मीठो (लागेथ्यो)[२]
मनमा छैन हरि हेर्छिन रुख चढी एक्लै मत भकोथ्यो
राजै हो ...............
उभो खोले ठिटो झऱ्यो छिटो छिटो सारङघाटको बजारमा
हजारौँ देखे हजारौँलाई भेटे तिमी पर्‍यौं नजरमा

*स्रोत : सोम भुजेल, वर्ष ५२  देवघाट-७ पार्लाङ*

**२.३ दाइँ गीत**

हो कक बरदो हो कक छ ।
सेती गाईको बाच्छो बरदो माली गाईको नाति,
हिड्न लागे मेरो भाइ हो दाइ पराल माथि ।

हो क्क बरदो हो क्क ह ।

उडीहाल्यो मलेवा त बसिहाल्यो भर्को,

धान जति झरी सक्यो पराल रह्यो झर्को ।

हो क्क भाइ हो क्क बरदो हो ।

हो भाइ हो

उडिहाल्यो परेवा त बसिहाल्यो कोहिली,

आजका दयँरालाई घ्यूको चोइली ।

खलाको माझमा सालको मुनु,

माड भाइ बरादो हो खलाको छेउ कुनु ।

हो -हो-हो-हो,

असी मुरि झरुवा त बरादो हो ।

बाह्र बीस ह्रास,

यहिँ फूल्यो चम्फा फूल लङ्का पुग्यो बास।

हो भाइ हो बरदो हो ।

ह-ह-ह-ह-ह ।

*स्रोत : होम गुरूङ, वर्ष ५२, छिपछिपे, तनहुँ ।*

**३. पर्वगीत : ३.१ दसैंगीत : रिसराग छैन कसैलाई**

आयो दसैं हामी सबैलाई,

मिलीजुली मनाउ है दसैंलाई,

रिस राग छैन कसैलाई ।

ह ह ह

मनाउ है दसैंलाई,

दैव दशा नलागोस् कसैलाई,

आयो दसैं हामी सबैलाई ।

ह ह ह

दसैं हाम्रो रमाइलो हो रीत,

यो दसैंमा सत्यको भो जीत,

आयो दसैं हामी सबैलाई,

ह ह ह

मिलीजुली मनाउ है दसैंलाई,
रीस राग त्यागौँ सँधैलाई ।

*स्रोत : सुदीप थापा र साथीहरु, भृकुटी मा.वि., छिपछिपे-५ सारङघाट*

**३.२ तिहार गीत : ३.२.१ भैलो**

भैलिनी आइन् आँगन
औँसीको दान मागन
हे क्व औँसीबारे...........!
गाई तिहार भैलो ॥

हामी तेसै आएनौ
बलीराजाले पठाको
हे क्व औँसीबारे...........!
गाई तिहार भैलो ॥

हरियो गोबरले लिपेको
लक्ष्मी पूजा गरेको
हे क्व औँसीबारे...........!
गाई तिहार भैलो ॥

भैलिनी आइन् भैलाउँदै
दुबो र माला फैलाउँदै
हे क्व औँसीबारे...........!
गाई तिहार भैलो ॥

यो घरकी आमै कस्ती छिन्
बलेको दियो जस्ती छिन्
हे क्व औँसीबारे...........!
गाई तिहार भैलो ॥

*स्रोत : सूक्ष्मा थापा र साथीहरु, भृकुटी मा.वि. परिवार*

### ३.२.२ देउसी

ए है भन भन भाइ हो ..........देउसी रे
ए है झिलिमिली झिलिमिली ..........देउसी रे
ए है के को झिलमिली ..........देउसी रे
ए है बत्तीको झिलमिली ..........देउसी रे
ए है वर्ष रै दिनको ..........देउसी रे
ए है चाड नै ठूलो ..........देउसी रे
ए है चाड नै तिहार ..........देउसी रे
ए है मनाउनै पर्ने ..........देउसी रे
ए है जनाउनु पर्ने ..........देउसी रे
ए है योघरमा ..........देउसी रे
ए है हामी त्यसै ..........देउसी रे
ए है आएका होइनौ ..........देउसी रे
ए है बलीराजाले ..........देउसी रे
ए है पठाएर ..........देउसी रे
ए है आएका हौं है ..........देउसी रे
ए है रातो माटो ..........देउसी रे
ए है चिप्लो बाटो ..........देउसी रे
ए है लड्दै र पढ्दै ..........देउसी रे
ए है आएका हामी ..........देउसी रे
ए है केराको थम्बा ..........देउसी रे
ए है दसैं भाइ जम्मा ..........देउसी रे
ए है वर्षै दिनको ..........देउसी रे
ए है चाहड तिहार ..........देउसी रे
ए है मनाउनलाई ..........देउसी रे
ए है जनाउनलाई ..........देउसी रे
ए है आएका हामी ..........देउसी रे

ए है एक घर होइन ..........देउसी रे
ए है दुई घर होइन ..........देउसी रे
ए है सबै घरमा ..........देउसी रे
ए है पुग्नु नै पर्ने ..........देउसी रे
ए है घरबेटी आमै ..........देउसी रे
ए है लक्षिन कि रैछिन् ..........देउसी रे
ए है नाङ्लोमा धान ..........देउसी रे
ए है धान माथि थाल ..........देउसी रे
ए है थालमा चामल ..........देउसी रे
ए है चामलमा दियो ..........देउसी रे
आ है घरबेटी आमै ..........देउसी रे
आ है आशीष दिन्छौँ ..........देउसी रे
आ है आशीष लागोस् ..........देउसी रे
आ है अहिले आउँदा ..........देउसी रे
आ है खरैको छानो ..........देउसी रे
आ है आगुम आउँदा ..........देउसी रे
आ है सूनको होस् ..........देउसी रे
आ है माटो छुँदा ..........देउसी रे
आ है अन्नै होओस् ..........देउसी रे
आ है ढुङ्गा छुँदा ..........देउसी रे
आ है सूनै होओस् ..........देउसी रे
आ है यो घरमा ..........देउसी रे
आ है लक्ष्मीले ..........देउसी रे
आ है बासै गरुन् ..........देउसी रे

*स्रोत : बाबुराम तिवारी, छिपछिपे -५*

**३.३ तीजे गीत : ३.३.१ तीजको बेलामा**

तीजको बेलामा, सबै जान्छन् माइत ॥
आफ्नो माइती, मुग्लान पारी छैन साइत ॥

यो रमाइलो बेलामा, जानुपर्‍यो मेलामा ।
म छोरीको, आँशु खस्यो, दैला ठेलामा ॥
जेठा हाम्रा, बाबाका सातै बहिनी छोरी ।
रामपुरे फाँटमा, अटाए ॥
आमा र बाबाकी, म एउटी छोरी ।
सातै डाँडा कटाए ॥
सातै डाँडा कटाए नी बाबा ।
तीजमा लिन पठाए ॥

*स्रोत : कल्पना अधिकारी, वर्ष ३०, छिपछिपे -५*

**३.३.२ बाहिर हेर्दा**

बाहिर हेर्दा हजुरको, टिनको छाना झलल,
भित्र बसे खानु छ, खोले सलल ।
यो घरको सम्पत्ति, नखाइ नलाई सकियो ।
बाटुलपाते लहराले, कम्मर कसियो ।
हाम्रा स्वामी पर्नुभयो, साह्रै पानी मरुवा ।
बुद्धीसुद्धी नभएका, भैंसी चरुवा ।
नपढेको हुनाले, आँसी नाम्लो कोदालो ।
कर्मघर बाँचुन्जेल, भइयो गोठालो ।
बिहान उठ्ने वित्तिकै, मेलापात जानु छ ।
अमिलाको चानासित, भात खानु छ ।
धनी घर छ भनेर, दिए बाबा आमाले ।
घर भित्र केही पनि, छैन बरिलै ।

स्रोत : सरस्वती तिवारी, वर्ष ३५ छिपछिपे-५

**३.३.३ कसले भन्छ**

कसले भन्छ छोरासरह हुन्न छोरी भनेर,
त्यस्ता सित आउ गरौं कुरा डटेर ।
पुरानो जमाना गइसक्यो अब त,
भेदभाव छैन एउटै रगत ।

*स्रोत : उजेली अधिकारी, वर्ष २५, छिपछिपे-५*

### ३.३.४ कति गरौं बयान

कति गरौ बयान, गरीसाध्य भएन,
समाजबाट दाइजो प्रथा, अझै गएन ।
सबै मिली तोड्नु पर्छ, प्रचलन यो दाइजोको,
एक्काइसौँ शताब्दीको युग आइसक्यो ।
दाइजो होइन शिक्षारुपी ज्ञान, देउ छोरीलाई,
शिक्षा पाए सुखी हुन्छन्, जुनी भरिलाई ।

*स्रोत : अनु अधिकारी, वर्ष ३५, छिपछिपे-५*

### ३.३.५ टुप्पै बस्यो जुरेली

चिलाउनेको हाँगा र विगा,
टुप्पै बस्यो जुरेली नी बरिलै, टुप्पै बस्यो जुरेली ।
तै जुरेलीलाई मारन पऱ्यो,
लेउन भाउजू गुलेली नी बरिलै, लेउन भाउजू गुलेली ।
तिमरा दाजै सिकारीको खोजमा,
छैन नानी गुलेली नी बरिलै, छैन नानी गुलेली ।
तिम्रा गुलेली नभए पनि,
मारी ल्याउँछु जुरेली नी बरिलै, मारी ल्याउँछु जुरेली ।

*स्रोत : बसुन्धरा पौडेल, वर्ष ८०, देवघाट*

### ३.३.६ छोरीलाई पढाउ बाबा

स्कुल पढ्ने छोरीको शिरमा रातो रिबन ।
न पढ्ने छोरीको विग्र्यो जीवन ॥
कस्तो रैछ छोरीको अभागी करिमा ।
बित्ने भयो जिन्दगी घाँस र दाउरामा ॥
स्कुल पढ्ने छोराको हातमा कापी कलम ।
पढाइएन छोरीलाई सँधै जङ्गलमा ॥
छोरी स्कुल पढ्ने भन्छ पढाउँदिन बाआमा ।
कस्तो अबुझकारी रैछ हाम्रो समाजमा ।
आमा बाबा दुवै भन्छन् सघाउ घरको काम ।

यो छोरीको एउटै धोको स्कुल पढ्नमा ॥
सबै मिली सम्झाउँ हैत यो अबुझ समाजलाई ।
यति भन्दै विदा हुन्छु बाइ बाइ सबैलाई ॥
स्रोत : दिलकुमारी गुरूङ, वर्ष १६, सुनिता गुरूङ, वर्ष १८
छिपछिपे-५, तनहुँ

**३.४ सदाकालिक गीत : ३.४.१ तिमी मेरो म तिम्रो हुने दिन**

केटाः तिमी मेरो म तिम्रो हुने दिन,
आउँछ कैले चन्द्रमा छुने दिन[२]।
केटीः वैंस जोवान सम्हाली बसे,
मनको चाह पुग्ने छ अवस्य ।
तिमी मेरो ....................
केटाः लेकमा गुँरास बेसीँमा टुनी,
कैले होला मायासँग भेट हुनी ।
केटीः बैंस लाग्यो जिन्दगी रुझाउन,
मनमा घाम सकेन उदाउन ।
*स्रोत : फूलमाया गुरूङ, वर्ष-१८ देवघाट-१, ढड्डाघारी*

**३.४.२ रोदीगीत : ३.४.२.१ रोदीखालमा बसेर**

केटाः रोदीखालमा बसेर, माया लाउँ नानी ।
आएछ तिम्रो, फूलको जवानी ॥
केटीः वैदिलेकको चिसो हावा सिमसिम पानी परेको ।
माया लाउन बेसीँ झरेको ॥
*स्रोत : सुनिल गुरूङ, वर्ष-२५ छिपछिपे-५*

**३.४.२.२ लर्के जवानी**

केटाः तनहुँ जिल्ला साह्रै राम्रो, गाउँ हाम्रो सारङ्घाट ।
लाइदेउ सानो, के छ मनको आँट ॥ सै सै-सै सै.....
केटीः यो राम्रो जुनी, हाँस्दै नाच्दै ढल्की जाने थाहै नहुनी ।
के सोध्छौ दाजु, जाला खेर यति राम्रो लर्के जवानी ॥
सै सै-सै सै ..............

*स्रोत : पदम गुरूङ, वर्ष -४२, छिपछिपे -५ साराङघाट*

### ३.४.२.३ कता भरेको

हा-हा गीत गाउँदै कता भरेको,
जीउडाल कति राम्रो, मुख हिस्सि परेको ॥
गीत गाउँदै कता भरेको ॥
हा-हा, हा-हा,
स्याउ भैँ रातो गाला भैछ,
चौरी गाईको घिवैले,
मन लोभ्यायो तिम्रो जीवैले ॥

*स्रोत : दीपा गुरूङ, वर्ष-१८, छिपछिपे-५ सारङघाट*

### ३.४.३ रोइला : ३.४.३.१ माया तिम्लाईभन्दा

केटाः माया तिम्लाईभन्दा, ज्यान सुकेर लौरी भैँ ।
घुम्दै हिंड्छु मौरी भै[२]
केटीः तिम्रै गलबन्दीमा, भुन्डिएर मरौला ।
संसार सबै छोडौला[२] ॥
केटाः तिम्रै पिरले गर्दा, झन चाँडै नै मर्ने छु ।
तिम्रै नाम जप्ने छु [२] ॥
केटीः सिस्नो खोले खाउँला, गाउँ बेसीँमा भरौला
सँगै बसी हाँसौला[२] ॥
केटाः जीवन सुखी राख्न, सँगै दुःख गरौला
सँधै साथै बाँचौला[२] ॥
केटीः तिम्रै सम्भनामा, डुबिरन्छु दिनरात ।
जीवनभरी देउ साथ[२] ॥

*स्रोत : मीरा थापा, वर्ष- ३५, छिपछिपे -५*

### ३.४.४ तालपानीको छेउ

केटाः त्यो दिललाई यो दिलले छुन्थ्यो नि ।
मीठो मात्र बोल्दिए हुन्थ्यो नि ।

तालपानीको छेउ,

छेउ छेउमा बसेर माया लाउन देउ ।

ह ह ह

केटीः- कहिले पनि तिर्सना मेटेन ।

यो दिल भित्र बस्ने कोइ भेटेन ।

तालपानीको छेउ,

छेउ छेउमा बसेर माया लाउन देउ ।

ह ह ह

*स्रोत : सोम भुजेल, देवघाट*

**३.४.५ हेरसै पियारी**

हातै र तीतो मुखै र तीतो

हे, रसै पियारी ऐरेलु खाइछु र [२] ।

रसको माया विरसै भयो

हे,रसै पियारी म दुःखी आइछु र [२] ।

ह ह ह

आज र मैले सेलरोटी खायो

हे,रसै पियारी सालैको पातैमा [२] ।

कि लाइदेउ मलाई कोरेर सलाई

हेरसै पियारी कि लैजाउ साथैमा [२] ।

ह ह ह

बाह्रमा हाते पटुकी मेरो

हे,रसै पियारी छेउ भिज्यो रगतमा [२] ।

उडेको मन सम्हाली ल्याउने

हे,रसै पियारी कोइ छौ कि जगतमा [२] ।

ह ह ह

दाजु त मेरो इन्डियाको लाउरे

हे,रसै पियारी भाइ बसको डाइभर [२] ।

विरानो देशमा मै मरी गए

हे,रसै पियारी को भन्छ हाइबरा [२] ।

ह ह ह

मैलो सारी सुकिलो भयो

हे,रसै पियारी साबुनले धोएर [२] ।
सुकेको डाँडो रसिलो भयो
हे,रसै पियारी मैं बसि रोएर [२]

ह ह ह

*स्रोत : डिलबहादुर आले, वर्ष- ५५, छिपछिपे-५*

## ३.४.६ हो,राजै पियारी

हा क्क बिहानीपख घाँस-दाउरामा जाँदा,
होराजै पियारी हाँसिन्थ्यो बोलिन्थ्यो ।
हामी एक्लै पर्दा हाँसो ठट्टा गर्दा,
होराजै पियारी मनको बात खोलिन्थ्यो [२] ॥

ह ह ह

हे क्क हाम्रो दुःख चिन्थ्यौं सँगसँगै हिंड्थ्यो,
होराजै पियारी गाउँबेसीं मेलैमा ।
यो दिलभित्र आउन मीठो माया लाउन,
होराजै पियारी भेटभाको बेलैमा ॥

ह ह ह

हेक्क कोदो रोप्न जान्थ्यौ दुधे मकै खान्थ्यो,
होराजै पियारी साउनको महिना र ।
कसलाई सम्भि रुन्छौं मसँग टाढा हुन्छौं,
होराजै पियारी सम्भना छैन र ॥

ह ह ह

*स्रोत : सोम भुजेल, वर्ष-५२, देवघाट-७, तनहुँ*

## ३.४.७ सालैजो : ३.४.७.१ उकालीमा

केटाः उकालीमा जानु चिसो हावा खानु लेक डाँडा चढिन्थ्यो ।
चौतारीमा बसी हामी दुईटा हासीमा हासी मीठोगफ गरिन्थ्यो ।
सालैजो मीठोगफ गरिन्थ्यो

ह ह ह

केटीः तिम्रो पनि उमेर पुग्यो मेरो पनि पुग्यो अब जोवन साटुँ है ।

नत तिम्रो बिहे भयो नत मेरो बिहे क्यारी दिन काटुँ है ।
सालैजो क्यारी दिन काटुँ है

ह ह ह

*स्रोत : सोम भुजेल, वर्ष- ५२, देवघाट*

### ३.४.८ चुड्का : ३.४.८.१ बत्तीसै दन्त

केटाः बत्तीसै दन्त बोलाउँ बोलाउँ भइरन्छ यो मन त,
मन परेको फूल खसेको ।
तिम्लाई मैले नपाउनु रैछ र यति धेरै माया बसेको[२] ॥

केटीः तिम्रो हाम्रो भेटभाको आजै हो,
भेट हुने दिन पनि राजै हो,
मन परेको फूल खसेको ।
तिम्लाई मैले नपाउनु रैछ र यति धेरै माया बसेको [२] ॥

केटाः माया तिमी काँ गाथ्यौ यतिन्जेल,
खोज्यो मैले परानले भेटुन्जेल ,
मन परेको फूल खसेको ।
तिम्लाई मैले नपाउनु रैछ र यति धेरै माया बसेको [२] ॥

केटीः पानी खाने तिरतिरे धारो ,
ढुङ्गाभन्दा मायाको मन सारो,
मन परेको फूल खसेको ।
तिम्लाई मैले नपाउनु रैछ र यति धेरै माया बसेको [२] ॥

*स्रोत : मीनबहादुर गुरूङ, वर्ष-२० सारङ्घाट*

### ३.४.८.२ सम्झनाको फूलाबारीमा

केटा : सम्झनाको फूलबारीमा एउटा फूल फूल्या छ ।
त्यही फूलदेखि यो मन भुल्या छ ॥

केटीः आउ काखमा बसन मुसुक्कै हाँसन ।
मीठो माया लाउन कसन[२] ।

केटाः मिरमिरे साँझमा तिम्रो याद आउँछ ॥
त्यही यादले मलाई सताउँछ ॥

*स्रोत : सोम भुजेल, वर्ष -५२, देवघाट-७, तनहुँ*

**३.५ नारी बेदनाको गीत :३.५.१ जुन दिन बुबा हो**

जुन दिन बुबा हो
कुन दिन मुमा हो
कुन पाप मैले गरे
ह ह ह
घरकी जेठी हुँ
माइतीकी साइँली हुँ
दुःख आपतमा परेँ
ह ह ह
घरको बचन सुनेथे मुमा हो
किताब ढोगे झैँ भए
न मेरा दाइ छन् न मेरा भाइ छन्
ह ह ह
छन् बहिनी धेरै बरु
पूर्व जुनीबाट हारेर आएको रोएर अहिले क्यारु ।
ह ह ह

*स्रोत : देवकी न्यौपाने, वर्ष -४०, देवघाट-२*

**३.५.१ आमा तिम्रो दुधैको भाराले**

आमा तिम्रो दुधको भाराले,
पाइन सुख म कर्महाराले ।
सम्झि सम्झि रुन्छ मेरो मन,
किन जन्म दियौ नि हे आमा,
सम्झि ल्याउँदा बल्झ्यो घाउ झन् ।

*स्रोत : अनु गुरूङ, वर्ष -१५, सारङ्घाट*

**३.६ घँसियागीत : ३.६.१ दाउरा घाँसमा**

दाउरा र घाँसमा अल्झेको छोरीको जोवन,
आँशुको धाराले भिजे हो सुखी छ नभन ।
चार दाजुभाइलाई बुबाले स्कुल पढाउने,

म एउटी छोरीलाई बाबाले डाँडा कटाउने ।

*शान्ती थापा, वर्ष -२५, छिपछिपे*

**३.७ सवाई गीत : ३.७.१ नब्बे सालको भूईंचालो**

सुन सुन पाँच हो म केही भन्छु।
सबै कुरा छोडिकन एउटा कुरा भन्छु ।
१९९० साल पृथ्वी उल्का भयो सारा।
माघ महिना दुई गते सोमबार ।
एक गते आइतबार पल्टन रिटार भयो,
दुई गते सोमबार पल्टन सामेल भयो ।
हामी सबै एकै घरका सिपाही चार जना थिएम्,
बेलुकाको कबज थियो कबजमा गयौँ ।
पश्चिमबाट भूँइचालो आयो बहुतै ठूलो,
पत्तो छैन हामीलाई भेटो बहुत ढीलो ।
हागेरै सहरमा के हो भन्थ्यौ हामी,
ओ रे उता पृथ्वी आउँदो भयो कामी ।
उभिनै नसकिने सबै घोप्टो परे,
माघ महिना नब्बे सालमा यस्तै औधी गरे ।
जुगै जुगको सुन्धरा नेर थियो धरहरा,
भूमि सङ्कट पऱ्यो नी खायो हरर ।
पहिला ताल घण्टा घरको गजुरै मात्र फाल्यो,
भित्र गई हेर्दा खेरी फेदैसम्म ढाल्यो ।
यस्तो राम्रो घण्टा घर फेदै सम्म छैन,
यस्तो राम्रो घण्टाघर बन्ने होकि हैन ।
पूर्व पट्टी टुँडी खेलमा कोल्टो पारिहाल्यो,
त्यो बेलामा मानिसको सातो जान थाल्यो ।
धेरै तिर पृथ्वीमा सबै गरि दियो,
हरियाली मुलुकमा धेरै ज्यान लियो ।
दरबारका तीन छाना सबै भूइँमा झाऱ्यो,

भन्थ्यो हामी सहर हेर्दा अब भोकै मार्‍यो ।
नारायण हिटी थापाथली भताभुङ्ग भयो,
तीन सहर नेपालको सबै सोभा गयो ।
सहर सबै लोटीसक्यो बाँकी केही छैन,
धुलो उडिसक्यो कहिँ केही भेटिदैन ।
हर इश्वर भनी गयौँ बानेश्वरमा,
धेरै मानिस मरी गए इश्वरको खेलमा ।
विविन्ने भूइँचालोले गर्न सम्म गर्‍यो,
के भो घरमा भन्ने तिर हाम्रो मन गयो ।
त्यसपछि भूइँचालो कम हुँदै गयो,
टुँडिखेलमा श्री साहेबको सवारी भयो ।
सबै पल्टन कोरश गरी उर्दि दिन लाए,
घर हेर्न जान्छु भनी कोहिले विदा मागे ।
तीन सहरको जङ्गीलाठ मोहन शंसेर थिए,
अल्लिखेर त्यो बेलामा पद्म शंसेर गए ।
बढी भयो सुसाएको सबै अफिस माहा,
हामीलाई मात्र हैन बाबु माफी कहिँ छैन ।
इश्वरले यस्तै गरे दुःख मान्नु हैन,
ईश्वरको खटन बाबु यस्तै हुन्छ हेर ।
हामी सबका नजरमा भत्की गए धेर,
सबै घर भत्की गए सद्धे खोज्नु काहाँ ।
मद्दत हत्ते गर्नु पर्छ यस्तै आपत माहाँ,

*स्रोत : लोकनाथ तिवारी, वर्ष -९२,छिपछिपे-५*

**३.८ भजन गीत : ३.८.१ हिमालैमा बस्छन उनी**

हिमालैमा बस्छन, उनी हिमालैका राजा,
खान्छन् विखभाङ धतुरो अनि खान्छन् गाँजा,
भन्छन् भक्त खाई देउ ।

आइदेउ विख भाङ चढाइ देउ ॥
शिरको गौरी सिन्दू, साधमा महा पार्वती,
गणेश कुमार दुई छोरा साह्रै नै छन् जाती,
प्रभुको लिला अपार ।
लौ यो पापको सागर तार ॥
उनको भरमा अडेको छ, सारा यो सृष्टि,
लौन रक्षा गर प्रभु, आइदेउ सारा सृष्टि थमाइद्यौ,
पापै पापले जरो गाड्यो, यसको विकल्प खोज्छु,
सबै जातजाति एकै हुन्, समानता रोज्छु ।
आउँछु भक्त आउँछु, सारा सृष्टि थमाउँछु ॥
लाउँछन् बस्त्र बाघको छाला, फेरी नागको माला,
भूत प्रेत पिसाच साथमा लिइ, काहाँ जाने होला ।
डमडम डम्मरु बजाउँदै, हिंड्छन् डुली रमाउँदै ॥
जटाधारी शिव उनको शिरमा, चन्द्रामा छ है,
ब्रम्हा पनि उनकै छन् र सतिदेवी पनि,
हातमा त्रिशुल डम्मरु [२] प्रभुको लिला मै परु ।

*स्रोत : पं. धर्मदत्त पाण्डे, वर्ष - ७५, देवघाट*

### ३.८.२ म पनि जान्छु पारी

गुरू : नारायण ।
गर्राः हरि ! हरि !
गुरू : हे राम !
हे, म पनि जान्छु पारी पर्खन दिदै राधिका
गर्राः हे म पनि जान्छु पारी पर्खन दिदै राधिका [२]
गुरूः पर्ख पर्खभन्दा भन्दै, पुगिहालिन् पारी,
पुगिहालिन् पारी राम !
गर्राः पर्ख पर्खभन्दा भन्दै, पुगिहालिन् पारी ।
पुगिहालिन् पारी राम !
गुरू : वारी आउन राधिका, कल्ले तार्‍यो पारी,

वारी वाउन राधिका ।

गर्रा : वारी आउन राधिका कल्ले तार्‍यो पारी[४]

*स्रोत : धर्मप्रसाद अधिकारी, वर्ष -७०, सारङ्घाट*

**३.९ बालगीत : ३.९.१ सानी सानी नानी**

सानी सानी नानी,
हास्ने खेल्ने बानी,
कसैसँग मान्दिन ।
पढ्न लेख्न जान्दिन,
क ख ग घ सिक्नलाई,
सोधी रन्छु बाबालाई ।
सानी सानी नानी,
हास्ने खेल्ने बानी,
सानी छँदा सिकाइ देउ ।
ज्ञानको बाटो सिकाइ देउ,
सानी सानी नानी ।
अज्ञानीलाई ज्ञान दिन गाह्रो मान्छौ किन,
सानी सानी नानी ।
हास्ने खेल्ने बानी,
फूल जस्तै फूल्ने छौँ,
सबको सेवा गर्ने छौँ ।
पढि गुनि सँधैलाई,
देशको विकास गर्नलाई ।

स्रोत : सुदीप मिश्र, वर्ष ३७ नर्थली देवघाट

**३.१० घाटुगीत**

**आराधाना खण्ड**

लिपन हो रे माइजु लिप,
माली गाईको गोबरले लिपैला ।

चोखे सातै जमुनाको पानीले लिपैला ॥
हिमै चुली देवता वरै चुली देवता,
आजका दिन कन्या चेलीको आङ मै चढैला ।

**मण्डप चोखो पार्ने काम**

छ र हो रे माया रानी चन्दन छरैला,
श्रीखण्ड घोटी घोटी चढैला,
उठ हो रे माया रानी सुनै रानी उठैला ॥
धर्ती मातालाई गुहारैला चन्द्र सूर्यलाई गुहारैला,
जानी खेल्यो नजानी खेल्यो गुरूज्यू ।
हामरा आफै सारा माफ गुरू बक्सैला ॥

**फूल टिप्ने काम**

फूल फूल्यो घाटु सारी फूल फूली गैला,
बाह्रमासे पाती फूल फूली गैला ।
भइँचम्पा दारामी पँलासे फूल,
सयपत्री लालु पाते ढकमक्क भैल ।
वारी डाँडा धाँयरी, पारी डाँडा धाँयरी,
धाँयरीको लालैले झूली रह्याली ।
पूरवै माइजुले बुन्यो ढकियो,
टिपि ल्याउ फूल रानी टिपैला ।
खेल हो रे माया रानी खेलैला,
चारै दिशाका सुन रानी ।

**धानको बीउ राख्ने**

बाबै ज्यूको साम्फै सेली धान बिवै राख,
मार्सि धानको बिवै राखैला,
राजाज्यूको चापैसरो खेत रौपैला ।
गावै डुल्ने कटुवालको हली बाउसे,
खेताला बोलाइ लेउ,

गाबै खेल्ने रोपारे नानी ।

खेताला बोलाइ लेउ,

हारी गावा मिलाइ रोप रानीज्यू,

रोप होरे चेली बाबाज्यूको गैरी खेत रौपैला ।

**हिलो धुने र खाजा खाने काम**

धोयो होरे चेली आफ्नै हिला

धारैको पानी कुवैको पानी धोइला

धोयो होरे कुवै धोयो होरे

चुलठी धोयो होरे

झिनय सुतले बाँधैला

आजको दिन पाहुना

जेठा बाबै घर झाँझै खाजा खाए नी

झिनि वाहे मोरिजन खावैला

रुदुराम तरकारी खावैला ।

**नदी जाल हान्ने काम**

खोज होरे माइजू खोजैल

आफ्नो आफ्नै जालीमा खोजैला

आफ्नै जाली हातैमा लेउ माइजु

धाव होरे माइजु धावैला

नदीको बीच बीच जाली वानै खेल

ओहोरी दोहोरी जाली वानै खेल

जाली वानै खेली खेली फुटो दुवाली

माझै मेनमा जाली वानै खेल

हामरो जालीवान मछली पऱ्यो

मछली बेच्न गइ जाउ

मछली बेचैला

मछली मोल गहना झल्क्यो

टिकिया झल्क्यो कानै सुहायो

विन्दिया लालै पऱ्यो ।

**सिकार खण्ड**

खोज होरे माइजु खोजै ल
आफ्नया धनु खोजैल
आफ्नया धनु हातमा लेउ
राजैज्यूको कुकुर सुनै पहिऱ्याउ
सिकार बगाल फहुजै चल्यो
कालीको लेक हिउँचुली बरैचुली
हरिणै घेरी सिकारै खेल
मधुबेनी डाँडा हरिणै झार
हरिणै उहिँ राजै ज्यूको फूलबारीमा
हरिणै पस्यो माइजु राजैज्यूको फूलबारी
छेकि थुनि हरिणै मार
हरिणै मारी गैरी धारा देउ
कानै खुर काटि काटि पालै पकुवान खायो नी
एकै खुट्टा भाँचि गैल
तिनै खुट्टा टेकि ब्रिन्दा बन जागैल
एकै काँध धनू लिइ
सिकार चलो भैया
राजै ज्यूको दरबारै चलो भैया
हमारै सिकार दिई बुझाउँला
राजै ज्यूको पटाङ्गिनीमा घोटा दुवाल्दै जाउ
कदमै डाली भाँचि दियानि
मुखियाको माहोलमै बाँधैल
भोकलाग्यो घोडा तीर्खा लाग्यो घोडा
मासे दान दिया नी राजैज्यूको दरिवार पुगैला
राजिज्यूमा मोरिजन खावैला ।

**विवाह खण्ड**

चलिजाउ भैया चलिजावैला
परिवत मैदान चलिजावैला
श्रीराम गङ्गा भागिरथी गङ्गा घाटै घाट जावैला
बलरामपुरमा पुगैल
पानै सुपारी झिँगिया झिँगि डुल्यो मधेश
सुने खानी हटिया पुगैल
भला भला कपडा झिक माइजू
जाँचिमा लेउ परिवते जाँचिमा लेउ
मखमल खासा सिवैला
झारि बाबे पगरी गोलिगाँड सुरवाल धोयो
धोयो होरे धोविनी सुकाउ होरो सुबेनी
गोलिपाट सुरवाल सुकावैल
हेर होरे जैसीज्यू हेरैला
लगानका दिन हेरैला
खटियामा बसहोरे जैसीज्यू
हामरै चेलीको लगान जुरैला
आजुको दिन चेलीको चेलीको लगान जुरैला
दश/बीस जन्ती बोलाइ लेउ राजैज्यूको वियामा बोलाइ लेउ
आजु र दिन राजैज्यू बरियातै चलैला
बरियातै अघि अघि बत्तीसे बाजा बजैला
आजुको दिन बरियातै चलैला
दश/बीस जन्ती आवैला
वरियात छत्तीसै वर्णको जात
वरियात अघि अघि चिनिया चवर डोलाई डोलाई ले
कल्सेनीको शिरैमा जोरै कलश जुझैला
रानीज्यूको पटाङ्गेनीमा पुगैला
रानीज्यूमा मोरीजनै खावैल
राजैज्यूमा डोली भरैल

हमारै कन्या धुरुक्कै रोयानी
दश/बीस जन्ती फरकै आयल
पलाङ्गी खटियामा विछ्याउ गुदरी
राजै र रानी सुतैल
पलाङ्गी खटियामा सुकलै भयो
मायबती रानी गर्भरह्यो
एकै मासे दुईमास गरम रह्यो
तिनर मास चारै मास गरम रह्यो
सातै मास आठै मास गरम भयो
नवै मास दसैं र महिना जन्म भयो
बालकृष्ण राजा प्रदा भयो
अफ्ना माइती मामा हर्षित गयो
सुनै स्यागी लेउ भैया नालै बेढाइदे
सुन खेरी स्यागीयाले नालै काटैल
हामरा राजा ज्यू पुत्र नुवाहि धुवाहिले
हरमा हर बलिया कृष्ण नुहाइ
हर्षितका पुत्र काखै लेओ न
ओकली र पोलकी दोधै पिउन दे
बालकृष्ण राजा चौखण्डे पिडियामा बसैला
सुत्केरी रानी मोरिजन खावैल
आजु दिनमा जेठा बाबै घर खाजा खाया नी
आजुको दिनमा माहिला बाबै घर खाजा खाया नी
आजुको दिनमा कान्छा बाबै घर खाजा खाया नी
आजुको दिनमा फुपू बाबै घर खाजा खाया नी ।

**सती खण्ड**

खोज होरे माइजु आफ्नै जमु धारा खोजैल
आफ्नै जमुधारा हातैमा लिवैला
आफ्नै मोरिजन खाया नी

काखै च्याप भुजेली पिठे पट्टि ढाल
हामी त जान्छ बाहिर मुलुक
बाबै बोल्यो आमैले भन्यो नजाउ बाहिरि मुलुक
जानिमा थुन्यो नजानी थुन्यो हामी त जान्छ बाहिरि मुलुक
राजै ज्यूको पटाङ्गेनीमा पल्टनै खेल्यो
माझा दोषदैमा जुझानै पऱ्यो
आफ्नै जमुधाराले खेला ओ माइजु
माझ दोषधैमा खेलायो
आमाले दियाको जमुधाराले चारै अँगाल जरी
धन जागैला जरी गर्धनले काट्यो
हाइ हाइ मेरो राज रनै पऱ्यो
रामै बोल्यो प्राणै छाड्यो
आज मेरो सपनिमा मध्यनी रातमा निको देखिन
ढाल र खुडैमा रगत देख्यो
राजै ज्यूत पऱ्यो मानि समिहारै ल्यायो
होकिमा हैन कालीकौवा हो साँचै हो ढाल र खुडैमा रगत देख्यो
गोबर कुण्डलै बनाइ दुधको छायाँ हेऱ्यो
राजैज्यूलाई देख्यो
अम्बावती रानी खिसिकै हाँस्यो
रामबोल्यो अम्बावती रानी रामै बोल्यो
अम्बावती रानी एकोहोरी भयो
हामी त जान्छ स्वामीको साथ
राजा र रानी सिपाउ पोषकै
लुगाफाटा दक्षिण दिया नी
राजै र ज्यूका यी घोटा बुझाइ दिया नी
चोलियाको मुजैसम्म दुधै खुवायो नी
बालकृष्ण राजा धुरुक्कै रोया नी
मामाको आश्रममा बालकृष्ण राजा बुझाइ गया नी

भोकै लाग्यो तीर्खै लाग्यो बालकृष्ण राजा

ढिकारी बियाँ टिपि दिया नी

बलेनी पानी थापि दिया नी राजा र रानीज्यू डोलिया चढ्यो

लावा छर माइजु विविया बाजा दरस्यागी बजाइ देउ

नरिकाठको काठै काटि सलाई खम्बा
नरिकाठ चिरि चिरि सलाइ पञ्जा
नवै तला पुऱ्याइ सोला बनायो
अम्बावती रानी सोलामा चढैला
अग्नी जलाउ राजै र रानीलाई
रोदी लोकले धोक पारी
राजा र रानी भस्मै भयो  अँगारै भयो
अँगारै बगि बगि काँसी पुग्या नी
पुतलीको भेष फेऱ्या नी
जोरै पुतली इन्द्रासन पुगे नी
राजा र रानी पुतलीको भेष गरी सरक्के घुम्यो ।

**घाटु सेलाउने**

गावै खेरी हमरा भलो विदा देउ
हामी त जान्छु इसुराली देश
सामै राजाले छाट्यो भने आगुम होला भेट
बेनियाले हम्कि हम्कि चलो माइजू
गण्डकीको तिरैतिरै जोगी बस्यो ध्यान
दसैं घर भित्र मागि मागि दश मुठि नै दान
अभागी जोगी धुरुक्कै राया नी
गोबर कुण्डलै बनाइ धारा देउ माइजु
चण्डी देउराली माता मालीगाईको दुधे धारा
सुनै खेरै पंखि पानी अञ्जुलैले

( यति भनेर दुध, मुकुट , काँगियो, हात हतियार चढाउँदै कुखुराको चल्लाको भोग चढाइन्छ)

हिमचुली, बरैचुली, देवचुली देउतै चलो भैया
कहाँ तिम्रो देश कहाँ हो तिम्रा ठाउँ
चलो भैया आफ्नै देश चलो
हिमचुली देवता बरैचुली देवता
चलो भैया आफ्नै देश गाया नी
कहाँ तिम्रो स्थान कहाँ तिम्रो देश
आफ्नै देश चलो भैया
(यति भनी घाटु अन्त हुन्छ)

*स्रोत : हिरामाया गुरूङ(घाटु गुरूआमा),  वर्ष -७८ देवघाट-ढड्ढाघारी, तनहुँ ।*

# परिशिष्ट : दुई

## हस्तलिखित पाठ

### २.१ मारूनी (कृष्ण चरित्र)

*तनहुँ जिल्ला छिपछिपे -५ खुर्साने निवासी तुलबहादुर आले*बाट प्राप्त पाण्डुलिपी

# परिशिष्ट : तीन

**३. प्रश्नोत्तर : ३.१ मारूनीका गुरूसँगको अन्तर्वार्ता**

१) तपाईंको नाम के हो ?

मेरो नाम तुलबहादुर आले हो ।

२) तपाई कति वर्षको हुनु भयो ? यस ठाउँमा कहिलेदेखि बसोवास गर्दै हुनुहुन्छ ?

म ५५ वर्षको भए । यस ठाउँमा जन्मेदेखि नै बसोबास गर्दै आएको छु ।

३) तपाईंको पारिवारिक अवस्था बताउनुहोस् न ?

मेरो परिवार मध्यम वर्गीय परिवारअन्तर्गत नै पर्दछ हाल घरमा १ छोरा, ५ छोरी र बुढी गरी आफू समेत ८ जना परिवार छौँ ।

४) तपाईंको विशेष रुचि केमा छ ?

मेरो विशेष रुचि भनेकै नाच गान हो ।

५) तपाईंले कहिलेदेखि गीत गाउन सुरु गर्नुभयो ?

मैले १५ वर्षदेखि गीत गाउन सुरु गरेको हुँ ।

६) हाल के गर्नु हुन्छ ?

अहिले पनि नाचगानमानै हिंड्छु ।

७) तपाईंले कुन-कुन गीत गाउनु हुन्छ ? र कुन-कुन गीतमा नाच्नु हुन्छ ?

मैले दोहोरी गीतदेखि होरसै पियारी, मारूनी, चुड्का, असारे गीतजस्ता गीतहरु गाउने तथा नाच्ने दुवै गर्दछु ।

८) मारूनीगीतमा यहाँको अभिरुचि कत्तिको रहेको छ ?

अरु गीतभन्दा भिन्दै प्रकारको भए पनि अभिनयात्मक ढङ्गद्वारा गीत गाइने हुँदा अन्य गीतमाभन्दा मारूनी गीतमा मेरो छुट्टै शोख रहेको छ ।

## ३.२ कौरा गीत गायकसँगको  अन्तर्वार्ता

१) तपाईंको नाम के हो ?

मेरो नाम सोम भुजेल हो ।

२) तपाईंको उमर कति वर्ष भयो होला ?

म अहिले ५२ वर्षको भए ।

३ तपाईंले कति वर्ष देखि गायन क्षेत्रमा लाग्नु भएको हो ?

मैले १८ वर्ष देखि लोकगीतको क्षेत्रमा लागेको हुँ ।

४) यहाँले गाउँने गीतहरु प्रायः कस्ता प्रकारका रहन्छन् ?

मैले विशेष गरी एकल तथा दोहोरी गीतहरु नै गाउने गर्दछु ।

५) तपाईंले एल्बम पनि निकाल्नु भएको छ ? यदि छ भने कुन कुन एल्बम कहाँ कहाँ उपलब्ध हुन सक्दछ ?

स्वर्ग पस्ने गेट नै मेरो पहिलो एल्बम हो र त्यस पछिका दिनहरुमा दोस्रो एल्बमका रुपमा पशुपतिलाई साँची राखेर भन्ने एल्बम पनि निस्कि सकेको छ ।

६) अनि तपाईंका एल्बमहरु कहाँ  उपलब्ध हुन सक्दछन् ?

सुरुका दिनहरुमा त बजारमा व्याप्त रुपमा आएको थियो । अहिले भने फेवा रेकर्डिङ तथा गैंडाकोटको विजय सामुदायिक एफ. एफमा उपलब्ध हुन सक्दछ ।

७) तपाईंले गाउनु भएको पहिलो एल्बमको कुनै एउटा गीतको अंश भन्दिनुहोस् न ?

मेरो गीतको अंश यसप्रकार छ-

हे जाउ त भने ठाम छैन कहि पनि
लाग्या छैन बाँचुला झैं पनि
स्वर्ग पस्ने गेट
बाँचेत हाँसखेल गरौला मरे उतै भेट

८) अनि तपाईंले दोहोरी गीत पनि गाउनु  हुन्छ ?

दोहोरी गीत त प्रायजसो मेरो खेती नै हो ।

९) राष्ट्रिय स्तरका कलाकारहरुसँग यहाँको सम्बन्ध कस्तो छ ?

राष्ट्रिय स्तरका कलाकारहरुसँग पनि बेला बेलामा भेटघाट हुने गर्दछ उनीहरुसँग सँगै बसेर गीत पनि गाएको छु ।

१०) राष्ट्रिय स्तरका कुन-कुन कलाकारसँग गीत गाउनु भएको छ ?

मैले गीतगाउने क्रममा राष्ट्रिय स्तरका सबै कलाकारहरुसँग गीत गाएको छु त्यसमा पनि आफ्नो क्षेत्र लोकगीत नै भएको हुँदा लोकगायकहरुसँग नै धेरै जसो गीत गाउने अवसर प्राप्त भएको छ ।

# परिशिष्ट : चार

४. **शब्दार्थ**

| शब्द | अर्थ |
|---|---|
| तिमरो | तिम्रो |
| व्या | बिहे |
| काट्यो | काटेँ |
| आयो | आएँ |
| रैछ | रहेछ |
| ऐरेलु | एकप्रकारको बनस्पती फल |
| केरी | केरा |
| बात | कुरा |
| भाको | भएको |
| भैछ | भएछ |
| जीवैले | जीउले |
| जोवान | यौवन |
| क्यारी | केगरी |
| मोरी | मरेर |
| चरना | चरण |
| हामु | हामी |
| शरन | शरण |
| पुरवै | पूर्व |
| खोज्यो | खोजेँ |
| परान | प्राण |
| तिम्लाई | तिमीलाई |
| खुल्या | खुलेको |
| भुल्या | भुलेको |

| | |
|---|---|
| त्यै | त्यही |
| क्यारु | के गरुँ |
| भन्चु | भन्छु |
| थिएम् | थियौँ |
| गएउ | गयौँ |
| संचार | समाचार |
| ताहीँ | त्यहीँ |

# परिशिष्ट : पाँच

## अनुसन्धानका क्रममा सङ्कलित तस्वीरहरु



भृकुटी मा.वि. छिपछिपे -५ का विद्यार्थीहरू दसैंगीत गाउँदै ।



असारेगीत गाउँदै तनहुँ जिल्ला देवघाट निवासी ८० वर्षीय बसुन्धरा पौडेल ।



कछार क्षेत्रका प्रसिद्ध लोककायक सोम भुजेलसँग शोधकर्ताको अन्तर्वाता ।



कछार क्षेत्रका प्रसिद्ध लोकगायक  सोम भुजेल



# परिशिष्ट : छ

## ६.१ तनहुँ जिल्लको भौगोलिक नक्सा

# परिशिष्ट : छ

## ६.१ तनहुँ जिल्लको भौगोलिक नक्सा

ज्ञज्ञ्द

ज्ञज्ञ्द

ज्ञज्ञ्द